# अध्याय : एक
# शोध परिचय

## १.१ शोध शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **कक्षा आठ र नौका नेपाली पाठ्य पुस्तकमा समाविष्ट कथा विधाको तुलनात्मक अध्ययन** रहेको छ ।

## १.२ शोधको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्व विद्यालय शिक्षा शास्त्र सङ्काय अन्तर्गत नेपाली भाषा शिक्षा विभाग स्नातकोत्तर तह एम.एड. दोस्रो वर्षको विशिष्टीकरण विषय नेपा. शि. ५९८ पाठ्यांशको प्रयोजनका निमित्त तयार गरिएको हो ।

## १.३ समस्या कथन

भाषा मानव विचार विनिमयको सशक्त र प्रभावकारी माध्यम हो । भाषा शिक्षण प्राविधिक जटिल तथा चुनौतीपूर्ण कार्य पनि हो । भाषाको अध्यापन गराउँदा विशेष गरी भाषिक सिप सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता सिप विकास गर्ने लक्ष्य राखिएको हुन्छ । यसरी यी चारैवटा सिप विकास गर्नको लागि भाषा पाठ्य पुस्तकमा विभिन्न विधाहरू कथा, कविता, निबन्ध, रूपक, प्रबन्ध, भाषातत्व, चिठी, निवेदन तथा व्याकरण आदि समावेश गरिएका हुन्छन् । यसरी विद्यार्थीको भाषिक सिप तथा चौतर्फी विकास गर्नका लागि पाठ्यक्रम तथा पाठ्य पुस्तकहरूमा विधाहरूको समानुपातिक वितरण गरिएका हुन्छन् । अन्य विधाभन्दा कथा विधालाई शिक्षणका लागि सरल, सहज, प्रभावकारी, लोकप्रिय तथा रोचक मानिने भएकोले आधारभूत तहदेखी उच्च तहसम्मका भाषा पाठ्य पुस्तकमा समावेश गरिएको पाइन्छ । कथाको विषयवस्तु छनोट र स्तरण गर्दा विद्यार्थीका रुचि, उमेर, क्षमता, विकासात्मक अवस्था तथा आवश्यकतालाई ध्यान दिइनु पर्छ ।

कक्षा आठ र नौका पाठ्य पुस्तकमा समाविष्ट कथाहरू भाषिक सिपका दृष्टिकोणले, उपयुक्त नहुनु प्रस्तुत शोधको मुख्य समस्या हो । विभिन्न दृष्टिकोणले विद्यार्थीको रूचि र स्तर अनुरूप छनोट तथा स्तरण गर्न नसकिनु दोस्रो मुख्य समस्या हो ।

कक्षा आठ र नौका पाठ्य पुस्तकमा राखिएका विषयवस्तु कस्तो हुनुपर्छ ? कथाका शब्द, वाक्य, अनुच्छेद, संरचना, अभ्यास, कथाका आयाम, विद्यार्थीको स्तर, रूचि र क्षमता अनुरूप कसरी स्तरण गर्ने भन्ने कुरामा पुग्न सकेको देखिँदैन् । पाठ्य वस्तुमा विषयगत विविधता कसरी ल्याउने ? आदि कुराहरू नमिल्नु समस्याका रूपमा रहेकाले यी कुराहरू माथि नै शोध अध्ययनलाई केन्द्रित गरिएको छ ।

कक्षा आठ र नौको नेपाली पाठ्य पुस्तकमा समाविष्ट कथा विधाहरूका सन्दर्भमा निम्न समस्याहरूमाथि अध्ययनलाई केन्द्रित गरिएको छ :

क) कक्षा आठ र नौमा समाष्टि कथाहरू पाठ्यक्रम अनुरुप छन् ?

ख) कथाहरू भाषिक सिपका दृष्टिले उपयुक्त छन् ?

ग) विद्यार्थीहरूको रूचि, स्तर, क्षमता, अनुरूप विषयवस्तुको छनोट र स्तरण मिलेको छ ?

घ) पाठ्य पुस्तकका कथा विधामा के कस्ता कमी कमजोरीहरू रहेका छन् ?

## १.४ शोधको उद्देश्य

प्रस्तुत शोध अध्यायनका निम्नलिखित उद्देश्यहरू रहेका छन् :

क) कक्षा आठ र नौका पाठ्य पुस्तकमा समाविष्ट कथा विधाको पाठ्यक्रम अनुरूपता पहिचान गर्नु,

ख) उक्त कथाहरूको संरचना र तिनका अभ्यासहरूको उपयुक्तता पहिल्याउनु,

ग) उक्त कथाहरूको छनोट र स्तरणगत उपयुक्तता पहिल्याउनु,

घ) भाषिक सिप विकासका दृष्टिले कथाको उपयुक्तताको आकलन गर्नु ।

## १.५ पूर्वकार्यको समीक्षा

कुनै पनि अनुसन्धानात्मक कार्यका लागि सम्बन्धित साहित्यको विषयसँग सम्बन्धित लेख, रचना, शोधग्रन्थहरू प्रतिवेदन तथा पत्रपत्रिकाहरू अध्ययन गरिन्छ जसलाई पूर्व कार्यको समीक्षा भनिन्छ । प्रस्तुत शोधपत्रमा कक्षा आठ र नौका नेपाली पाठ्य पुस्तकमा समाविष्ट कथाहरूको तुलनात्मक अध्ययन विश्लेषण गर्नु पर्ने भएकाले शोधपत्रमा पूर्वकार्यको बारेमा जानकारी दिनु अति आवश्यक हुन्छ । पाठ्य पुस्तकमा समावेश हुने विभिन्न विधाहरूमध्ये कथा विधालाई भाषिक सिप विकासका दृष्टिले सरल, सहज, तथा रोचक विधाका रूपमा लिइन्छ । कथाले भाषाका आधारभूत भाषिक सिप सुनाइ, बोलाइ, पढाइ, लेखाइ भाषातत्वहरू, शब्द भण्डार, बोध र अभिव्यक्ति क्षमता विकास गराउनमा महत्त्वपूर्ण भूमिका ओगटेको हुन्छ । कथाका बारेमा विभिन्न समयमा विभिन्न अध्यताहरूले अध्ययन गर्दै आएको पाइन्छ ।

भाषा शिक्षण सामग्रीको अध्ययन विश्लेषण हुन थालेको इतिहास त्यति पुरानो छैन । यस क्रममा  त्रिभुवन विश्व विद्यालय शिक्षा विकास तथा अनुसन्धान केन्द्रद्वारा (वि.सं. २०४४) सालमा **नेपाली भाषाका प्राथमिक र माध्यमिक पाठ्यक्रम र पाठ्य पुस्तक**को पनि विश्लेषण गरिएको देखिन्छ । यस अध्ययनले कथाका सम्बन्धमा पनि अध्ययन गरेको  पाइन्छ । यसमा विद्यार्थीको स्तर, क्षमता, रुचि, उमेर अनुरूप भाषिक सिप विकास गर्न कथा विधा पर्याप्त नरहेको कुरा उल्लेख गरिएको पाइन्छ ।

हेमाङ्ग राज अधिकारी (२०५७) द्वारा लिखित **नेपाली भाषा शिक्षण** पुस्तकमा कथा शिक्षणको औचित्य, भाषा तत्त्वको विकासमा कथाको उपयोगिता बारेमा चर्चा गरिएको छ । कथा शिक्षणबाट भाषाका आधारभूत भाषिक सिप सुनाइ, बोलाइ, पढाइ, लेखाइ तथा बोध र अभिव्यक्ति सिपको विकासमा महत्त्वपूर्ण सहयोग पुग्ने उल्लेख छ । कथालाई भाषा पाठ्यक्रमको उद्देश्य, विद्यार्थीको स्तर, रुचि, आवश्यकताका आधारमा छनोट र स्तरण गर्नु पर्ने सुझाब दिइएको छ । यस पुस्तकमा कथा शिक्षणका उद्देश्यहरू : बोध क्षमता र अभिव्यक्ति क्षमताको विकास गर्नु, कथा कथन र लेखन क्षमताको विकास गर्नु, भाषा र साहित्यप्रति रूचि लगाउनु, नैतिक मूल्य र मान्यता, सत्चरित्रता र मानवतावादी दृष्टिकोणको विकास गर्नु, शब्दभण्डार वृद्धि गर्नु, सिर्जनात्मक क्षमता र तार्किक क्षमताको

विकास गर्नु, स्वाध्ययन गर्ने बानीको विकास गर्न पढाइप्रति अभिरूचि राख्नु तथा समकालीन समाजका सामाजिक, साँस्कृतिक, राजनैतिक, धार्मिक आदि पक्षसँग परिचित गराउनु उद्देश्य राखिएका छन् । कथा विधाको शिक्षण गर्दा : व्याख्यान विधि, तुलना विधि, परियोजना विधि, प्रश्नोत्तर विधि, समीक्षा विधि, पठनबोध विधिलाई अपनाउनु पर्ने धारणा राखिएको छ । कथा शिक्षण गर्दा परिचय, शब्दार्थ, स्वाध्ययन, व्याख्या तथा विश्लेषण तथा विशिष्ट पङ्क्तिहरूको व्याख्या जस्ता कार्यलाई क्रमबद्ध रूपमा अगाडि बढाउनु पर्ने सुझाब उल्लेख गरिएको छ ।

हेमाङ्ग राज अधिकारी र केदार शर्मा (२०५७) ले **प्रारम्भिक नेपाली शिक्षण** पुस्तकमा कथा सम्बन्धी चर्चा गरेका छन् । यसमा उनीहरूले कथा शिक्षणका माध्यमबाट बालवालिकाहरूमा शब्द भण्डार विकास गर्न र भाषिक संरचना बोध क्षमताको विकासका साथै कल्पना शक्ति विकास गर्न सकिने कुराको उल्लेख गरेका छन् । त्यसै गरी कथा पढेर वा सुनेर तिनका खास पात्र वा घटनाहरू परिवर्तन गरी त्यस्तै किसिमका संरचनामा अर्को कथा निर्माण गर्न तथा प्रस्तुत गर्न सिर्जनात्मक सिपको विकास गर्न सकिन्छ भन्ने कुराको उल्लेख गरेका छन् ।

यादव प्रकाश लामिछाने (२०५७) ले **नेपाली भाषा शिक्षणको परिचय** नामक पुस्तकमा भाषा पाठ्यक्रमको सामान्य रूपमा अध्ययन विश्लेषण गरिएको पाइन्छ । यसमा कथा शिक्षणको प्रयोजन, कथा शिक्षणका विधि र कथा शिक्षणको कार्यकलापबारे पनि चर्चा गरिएको छ । यस पुस्तकमा लामिछानेले कथाले सिर्जनात्मक शक्तिको विकास, कल्पना शक्ति, चारित्रिक विकास, भाषिक सिप विकास, बोध र अभिव्यक्ति सिपको विकास हुने कुराको उल्लेख गरेका छन् ।

केदार प्रसाद शर्मा र माधव प्रसाद पौडेल (२०६७), ले **नेपाली भाषा र साहित्य शिक्षण** पुस्तकमा कथा शिक्षण बारेमा निर्देशन गरेका छन् । यस पुस्तकमा कथा शिक्षणको प्रयोजन, कथा शिक्षणको विधि र तरिका सम्बन्धमा निर्देशन दिइएको छ । त्यसका साथै कथा शिक्षणक्रमका विभिन्न चरणहरू उल्लेख गरेका छन् । कथा शिक्षणको प्रयोजन जीवन र जगतका वाह्य तथा आन्तरिक पक्षहरूसँग परिचित गराउनु, साहित्यको आस्वादन, भाषाको परिष्कार, मनोरञ्जन, विषय बोध, अभिरूचि सम्बर्द्धन र विश्लेषणात्मक प्रतिभाको

विकास गर्नु, अनुशासन कायम गर्नु, नैतिक उपदेश दिन, चरित्र निर्माण गर्नु तथा सिर्जनात्मक शक्तिको विकास गराउने कुरामा कथा शिक्षणले मद्दत गर्ने कुरा उल्लेख छ । उक्त पुस्तकमा कथा शिक्षण गर्ने विधिहरूको निर्धारण गरेको छ । जसमा व्याख्या विधि, छलफल विधि, तुलना विधि, समीक्षा विधि, परियोजना विधि, पठन विधि, प्रस्तुतिकरण विधिको उल्लेख छ । कथाको शिक्षण चरणबद्ध तरिकाले गर्नु पर्ने उल्लेख छ । जसमा प्रस्तावना, कथाकथन, कठिन शब्दको निराकरण, प्रश्नोत्तर, व्याख्या तथा विश्लेषण, विशिष्ट पङ्तिको व्याख्या क्रमबद्ध तरिकाले गरे पछि कथा शिक्षणको उद्देश्य पुरा हुने बताइएको छ ।

हेमाङ्ग राज अधिकारी (२०६७) ले **नेपाली भाषा शिक्षण** नामक पुस्तक लेखेका छन् । यसमा भाषा पाठ्य पुस्तकमा समाविष्ट विधाहरूको शीर्षकमा कथा भाषा शिक्षणलाई उपयोगी बनाउने साधनका रूपमा रहेको निष्कर्ष निकालेको पाइन्छ । यसमा कथालाई शैक्षणिक दृष्टिकोणले जीवन्त, रोचक घटनासँग सम्बन्धित बनाएर शिक्षण गर्नु पर्ने उल्लेख छ । कथामा विभिन्न विषय क्षेत्रका शब्दभण्डार वृद्धि गर्न, सरल वाक्यको गठन गर्न, वर्णनात्मक शैली उपयोग गर्न, कथ्य भाषाको प्रयोग गर्न शिक्षणीय दृष्टिले कथालाई उपयोगी मानिएको देखिन्छ । पाठ्य पुस्तकमा राखिएका कथाहरू शब्दभण्डार र बोध क्षमताको विकास गर्न विशेषतः कथाको मुख्य प्रयोजन भएको देखाइएको छ । व्याकरणका तत्वसँग परिचित हुन र तत्सम्बन्धी कथालाई विशेष उपयोगी साधनका रूपमा कथाको स्थान उल्लेख देखिन्छ । यसमा वाक्य गठन, वाक्य सङ्गति, शब्दवर्ग, क्रियापदका काल, पक्ष, भाव र प्रयोग अभ्यासमा उपयोगी हुने भएकाले कथालाई सरल सामग्रीका रूपमा लिइएको छ ।

शान्ति प्रसाद ढकाल र तीर्थराज खतिवडा (२०६८) ले पनि **नेपाली भाषा र साहित्य शिक्षण** नामक पुस्तकमा कथा विधाको चर्चा गरेका छन् । उनले त्यस पुस्तकमा कथा शिक्षणको परिचय, प्रयोजन, शिक्षण विधि तथा कथा शिक्षणको क्रमको उल्लेख गरेका छन् । यस पुस्तकमा कथा शिक्षणको विधिमा परियोजना विधि समीक्षा विधि, तुलना विधि, प्रश्नोत्तर विधि, पठनबोध विधि, कक्षा प्रस्तुतिकरण विधिलाई उपयोग गर्नु पर्ने सुझाव दिएका छन् । व्याख्यान विधि अन्तर्गत तत्वका आधारमा, समीक्षाका आधारमा गुण, दोष पहिल्याउने, परियोजना विधिमा समूहगत र व्यक्तिगत रूपमा खोज अनुसन्धान गर्ने र

पठनबोध विधिमा सारांश लेख्न र भन्न, बुँदा टिपोट गर्न, घटनाक्रम मिलाउन जस्ता क्रियाकलाप उपयोगी भएको उल्लेख गरेका छन् । त्यसैगरी उक्त पुस्तकमा कथा शिक्षणको प्रयोजनका सन्दर्भमा बोध क्षमताको विकास, नवीन शैलीको पहिचान, भाषिक क्षमता र सिपको विकास गर्न, कथा कथन लेखन क्षमताको विकास गर्न, अनि ज्ञान विज्ञान तथा समकालीन समाजका सामाजिक, साँस्कृतिक, भाषातत्व तथा धार्मिक पक्षसँग परिचित गराउने, शब्दभण्डार, भाषातत्व तथा पढाइप्रति अभिरूचि जगाई स्वाध्ययन गर्ने बानीको विकास गर्ने उद्देश्य रहेका उल्लेख गरेका छन् । उनले यस पुस्तकमा कथा शिक्षण गर्दा शिक्षणक्रमलाई ध्यान दिनु पर्ने धारणा अगाडि सारेका छन् । कथा शिक्षण गर्दा प्रस्तावना, शब्दार्थ व्याख्यान, स्वाध्ययन, प्रतिवेदन प्रस्तुति, प्रश्नोत्तर, व्याख्या तथा विश्लेषण र विशिष्ट पङ्क्तिको व्याख्यालाई क्रमबद्ध रूपमा उपयोग गरी शिक्षण गर्नु पर्ने सुझाब समेत उल्लेख गरेका छन् ।

टीकादत्त पोखरेल (२०५५) ले **माध्यमिक तहको नेपाली पाठ्य पुस्तकमा प्रयुक्त कथाहरूको विश्लेषणात्मक अध्ययन** नामक शोध शीर्षकमा अध्ययन विश्लेषण गरेको पाइन्छ । यसमा उनले माध्यमिक तहको अनिवार्य नेपाली कथाहरूको पाठ्यक्रम अनुरूपता पहिल्याउनु, संरचना, भाषिक पक्ष, छनोट र स्तरणको समीक्षा गर्नु जस्ता उद्देश्यहरू राखेर अध्ययन गरेका छन् । यसका साथै निष्कर्ष तथा सुझाबहरू निकालिएका छन् । उक्त उद्देश्य पुरा गर्दा अध्ययनका सीमाहरूमा कथाको संरचना, वाक्यगठन, व्याकरण, पाठको प्रयोजन अनुसार अभ्यासको विश्लेषण, भाषा शिक्षणका दृष्टिले कथाको प्रयोजन र छनोट र स्तरणका आधारमा कथाको समीक्षा गरिएको पाइन्छ । उक्त अध्ययनबाट : पाठ्यक्रम अनुसार विषयवस्तु चयन नभएको, कथाको सङ्ख्याका आधारमा समय विभाजन नमिलेको, कतिपय कथाहरू अत्यधिक लामा र कतिपय छोटा भएका, संरचना पक्षलाई जोड नदिइएको, शब्दहरूको समानार्थी शब्द नभएको, अभ्यासात्मक प्रश्नले विषयवस्तु नसमेटेको, सिर्जनात्मक पक्षलाई जोड नदिइएको जस्ता निष्कर्ष निकालेका छन् । त्यस्तै सुझाबका रूपमा पाठ्य पुस्तकमा प्रयुक्त कथाहरू पाठ्यक्रम अनुरूप बनाउनु पर्ने, सङ्ख्याका आधारमा समय मिलाउनु पर्ने, कथामा संरचना पक्षलाई ख्याल गर्नु पर्ने, प्रश्न राख्दा तार्किक, सिर्जनात्मक र वस्तुगत प्रश्नहरू राख्नु पर्ने, व्याकरणलाई भाषिक सिपसँगै सबद्ध गराउनु पर्ने, पाठ्य वस्तुको छनोट र स्तरण विद्यार्थीको स्तर अनुरूप हुनु पर्ने तथा रङ्गिन चित्रहरू समावेश गर्नु पर्ने जस्ता सुझाब समेत उल्लेख गरेका छन् ।

नवराज जैसी (२०६८) ले **कक्षा ६ को हाम्रो नेपाली किताबमा समाविष्ट कथाका पाठहरूको शैक्षणिक उपयोगिताको अध्ययन** शोध शीर्षकमा अध्ययन गरेको पाइन्छ । यस शोधको उद्देश्यहरू निम्नलिखित उल्लेख गरेका छन् : कथाको शैक्षणिक उपयोगिता, कथाका संरचनात्मक अध्ययन, कथाबाट सिकिने भाषिक सिपको पहिचान, शब्द भण्डार आवृति, समाविष्ट कथाहरूको पाठ्यक्रम अनुरूपता, कथाको विषयवस्तु अनुरूप अभ्यासको प्रकृति र मूल पाठसँगको सापेक्षता आदि पक्षमा अध्ययन विश्लेषण गरिएका छन् । सोही अनुरूप सुझाब र निष्कर्षका रूपमा पाठ्य पुस्तकमा कथा वितरण अन्तराल नमिलेको, छनोट र स्तरणको कमी, अभ्यास पर्याप्त नभएको, विद्यार्थीको रुचि, स्तर, क्षमता, आदिको अभाव, प्रश्न र पाठको तालमेल नभएको, व्याकरण शीर्षकको परिभाषा र परिचयमा पर्याप्तता नभएको निष्कर्ष निकालेका छन् । पाठ्यक्रम अनुसार सबै विषयवस्तुसँग आधारित कथा छनोट गर्नु पर्ने, शब्द भण्डारको बारम्बार आवृत्तिमा ध्यान दिनु पर्ने सुझाब प्रस्तुत गरेका छन् ।

शान्ति गड्तौलाले (२०६८) ले **कक्षा नौ र दसको नेपाली पाठ्य पुस्तकमा प्रयुक्त कथाहरूको तुलनात्मक अध्ययन** शीर्षकमा शोध अध्ययन गरिएको पाइन्छ । यसमा समस्याका रूपमा कक्षा ९ र १० को पाठ्यक्रम अनुरूप कथाहरू छ, छैन् । कथाहरू भाषिक सिपका अनुरूप सक्षम भए/नभएको, विद्यार्थीको रूचि, क्षमता, स्तर अनुरूप कथा छन् ,छैनन् । कथाका कमी कमजोरीहरू के के छन् ? आदि कुराहरू रहेका छन् । जसमा सोही समस्यालाई उद्देश्यका रूपमा राखिएको पाइन्छ । कथाको संरचनागत, भाषिक सिपगत, व्याकरणगत, शब्दभण्डार र वर्णविन्यास तथा आयाम आधारमा तुलना गर्ने उद्देश्य रहेको पाइन्छ । यस शोधको अध्ययन पश्चात निष्कर्षमा फरक-फरक लेखकका कथा राखिनु पर्ने, विविध विषयबाट कथा छनोट र स्तरण गर्नु पर्ने, कथाको संरचना पक्षलाई जोड दिनु पर्ने, शब्दहरू विद्यार्थीको स्तर सुहाउँदो नभएको आदि कुरा प्रस्तुत गरिएको पाइन्छ । त्यसैगरी सुझाबहरूमा पाठ्य पुस्तकलाई पाठ्यक्रम अनुरूप बनाउनु पर्ने, कथाको संरचना पक्षमा ध्यान दिनु पर्ने, शब्दको अर्थसँग समानार्थी अर्थ दिइनु पर्ने, कथाको लम्बाइ समानुपातिक हुनु पर्ने, व्याकरणहरू पाठसँग सम्बन्धित हुनु पर्ने, नयाँ शब्दको अर्थका लागि शब्दकोशको प्रयोगमा जोड दिनु पर्ने, तथा चित्रहरू आकर्षक र रङ्गिन हुनु पर्ने जस्ता सुझाबहरू प्रस्तुत गरेका छन् ।

शिक्षाको विकास सँगसँगै भाषा विषयमा जे जति अध्ययन भएका छन् सबै समयकाल अनुसार उपयुक्त देखीएता पनि कक्षा आठ र नौका नेपाली पाठ्य पुस्तकमा समाविष्ट कथा विधाको तुलनात्मक अध्ययन शीर्षकमा शोध अनुसन्धान भएको देखिँदैन । यसरी पाठ्य पुस्तकमा समाविष्ट कथाहरूको विभिन्न शोधशीर्षकमा अध्ययन विश्लेषण भए पनि कथाका लागि कस्ता विषयवस्तु छनोट र स्तरण गर्नु पर्छ । त्यसको स्तरण कसरी गर्नु पर्छ । तह कक्षा अनुरूप कथा छन् ,छैनन् । कथाका पाठ र अभ्यासको अन्तरसम्बन्ध के कस्तो छ ? भाषिक सिपका दृष्टिले कथाहरू कतिको उपयोगी रहेका छन् भन्ने जस्ता समस्या केन्द्रित भएर शोध अनुसन्धान गर्नु आवश्यक देखिएकाले यसमा कक्षा ८ र ९ को पाठ्य पुस्तकमा समाविष्ट कथा विधाको तुलनात्मक अध्ययन शोध शीर्षकमा अनुसन्धान गरिएको हो ।

## १.६ अध्ययनको औचित्य

यस अध्ययनबाट कक्षा आठ र नौमा कथा विधाले भाषिक सिप विकासमा पारेको प्रभाव र भविष्यमा पाठ्य पुस्तक निर्मातालाई पाठ्य पुस्तक निर्माण गर्दा कथाको उपयुक्तता तथा पर्याप्तताको पहिचान गर्न सहयोग पुग्ला भन्ने विश्वास गरिएको छ । यस अध्ययनका निष्कर्ष र सुझावले भाषा पाठ्य पुस्तक लेखक, पाठ्यक्रम निर्माता, पाठ्य पुस्तक निर्माता, प्रशिक्षक, शिक्षक, विद्यार्थी र अभिभावकहरूलाई पठनपाठन तथा पाठ्य पुस्तक परिमार्जनमा समेत सहयोग पुग्ने देखिन्छ । त्यसका साथै भाषा शिक्षणलाई गति प्रदान गर्न यस शोध अध्ययनका निष्कर्षहरू र सुझावहरूले आवश्यक सहयोग पुग्न सक्ने देखिन्छ । यिनै कुरामा यस अध्ययनको औचित्य अन्तर्निहित छ ।

यस शोधपत्रको औचित्य र महत्त्वलाई बुँदागत रूपमा यसप्रकार उल्लेख गर्न सकिन्छ :

क) समाविष्ट कथाहरू पाठ्यक्रम अनुरूप पाठ्य पुस्तकमा समावेश भए नभएको अध्ययन गर्न सहयोग हुने भएकाले,

ख) यस अध्ययनले भाषिक सिप विकासमा कथाको उपयोग गर्ने मद्दत पुग्ने भएकाले,

ग) कक्षा आठ र नौमा सामाविष्ट कथा विच समानता र असमानताको अध्ययन गर्न सहयोग पुग्ने भएकाले,

घ) शिक्षणसँग प्रत्यक्ष र परोपक्ष सरोकार राख्ने अनुसन्धान्दाता, शिक्षक, विद्यार्थी, भाषावैज्ञानिक तथा भावी अनुसन्धानतालाई समेत उपयोगी हुने भएकाले,

ङ) विद्यार्थीको रुचि, क्षमता, स्तर, अनुरूप विषयवस्तुको छनोट, स्तरण तथा वितरण गर्न सहयोग पुग्ने भएकाले,

च) भाषा पाठ्यक्रम, पाठ्य पुस्तक, शिक्षक निर्देशिका तथा अन्य सहयोगी समाग्री निर्माण गर्न सहयोग मिल्ने भएकाले,

छ) पाठ्यक्रमले राखेका उद्देश्य र सिकाइ उपलब्धि हासिल गराउन मद्दत पुग्ने भएकाले,

च) विद्यार्थीको समाजिक, मानसिक, बौद्धिक, नैतिक, सिर्जनात्मक तथा चारित्रिक व्यक्तित्वको चौतर्फी विकास गर्न सहयोग पुग्ने भएकाले ।

## १.७ शोधकार्यको सीमा

यस अध्ययनलाई निम्न लिखित पक्षमा सीमित गरिएको छ :

क) यो अध्ययन कक्षा आठ र नौको नेपाली पाठ्य पुस्तक भित्रका कथा विधामा सीमित रहको छ ।

ख) यसमा वर्तमान कक्षा आठ र नौका कथाहरूको तुलनात्मक अध्ययनमा सीमित गरिएको छ ।

ग) यो अध्ययन कथाको भाषिक सिपगत, संरचनागत, अभ्यासगत, आयामगत तथा भाषा शिक्षणमा कथाको प्रयोजनमा सीमित रहेको छ ।

घ) अध्ययन गर्दा तुलनात्मक, पुस्तकालयीय, विश्लेषणात्मक र प्रश्नावली विधिका साथै, शोध निर्देशक, विषय विशेषज्ञ, गुरुवर्गको सल्लाह सुझाबलाई सामग्रीका रूपमा लिइएको छ ।

ङ) यो शोध अध्ययन विद्यार्थीको रूचि, स्तरलाई मध्यनजर गरी अध्ययन गरिएको छ ।

च) यो शोध अध्ययन कैलाली जिल्ला टीकापुर क्षेत्रका विद्यालयहरूलाई अध्ययनको क्षेत्रमा सीमाङ्कन गरिएको छ ।

## १.८ अध्ययन विधि

यस अध्ययनको ढाँचा गुणात्मक किसिमको रहेको छ । अध्ययन कक्षा आठ र नौको नेपाली पाठ्य पुस्तकमा समाविष्ट कथा विधाको तुलनात्मक अध्ययन भएकाले यस अध्ययन कार्यमा तुलनात्मक विधि, पुस्तकालयीय विधि, सर्वेक्षण विधि तथा वर्णनात्मक विधि अपनाइएको छ ।

### १.८.१ तथ्याङ्कको स्रोत

यस शोध अध्ययनका लागि प्राथमिक र द्वितीय स्रोतको उपयोग गरिएको छ । प्राथमिक स्रोत अन्तर्गत प्रश्नावली, अन्तर्वार्ता सूचिबाट प्राप्त तथ्याङ्कलाई तथ्य विश्लेषणको आधार बनाइएको छ । द्वितीय स्रोतका रूपमा पुस्तक, जर्नल र पूर्वकार्यका साहित्य आदिको पुस्तकालयीय अध्ययन गरिएको छ ।

### १.८.२ जनसङ्ख्या

प्रस्तुत शोध अध्ययनमा कैलाली जिल्लाका सार्वनजिक विद्यालयका कक्षा आठ र नौका विद्यार्थीहरू, विषय शिक्षक रहेका छन् ।

### १.८.३ प्रतिनिधि नमुना

सम्पूर्ण जनसङ्ख्याबाट लिइएको नमुना अनुसन्धानमा महत्त्वपूर्ण भए पनि आर्थिक, भौगोलिक तथा विविध समस्याका कारण कैलाली जिल्ला टीकापुर क्षेत्र र वरपरका १० वटा विद्यालयलाई छनोट गरिएको छ । प्रत्येक विद्यालयबाट पाँच-पाँच जना छात्र-छात्रा पर्ने गरी दश-दश जना विद्यार्थी गरी जम्मा सय जना छनोट गरिएको थियो । छनोट गर्दा यादृच्छिक नमुना छनोट विधिबाट प्रतिनिधि नमुना छनोट गरिएको थियो ।

### १.८.४ सामग्री निर्माण

प्रस्तुत शोध अध्ययनमा कक्षा आठ र नौ को नेपाली पाठ्य पुस्तकमा समाविष्ट कथालाई पाठ्यक्रम अनुरूप, कथाको संरचनागत, भाषिक सिपगत, अभ्यासगत, आयामगत,

भाषा शिक्षणमा कथाको प्रयोजन, तथा विद्यार्थीका रूचि, स्तरलाई मध्यनजर गरी बहुवैकल्पिक, खुल्ला प्रश्नपत्र र अन्तर्वार्ता सूची तयार गरिएको थियो । जुन सामग्री विद्यार्थी, विषय शिक्षकलाई सोधिएको थियो ।

### १.८.५ पूर्व परीक्षण

प्रश्न निर्माण गर्दा विषय विशेषज्ञ, शोध निर्देशकको राय सल्लाह लिइएको थियो । उक्त प्रश्नपत्र पूर्व परीक्षण गरी त्यसमा भएका त्रुटि पहिचान गरी पुनः विषय विशेषज्ञ तथा शोध निर्देशकको राय सल्लाह लिइ प्रश्नपत्रको बैधता सुनिश्चित गरिएको थियो ।

### १.८.६ तथ्याङ्क सङ्कलन

प्रयोगमा ल्याइएका सामग्री व्यवस्थित र योजनाबद्ध तरिकाले उद्देश्य पुरा गर्नका लागि नमुना छनोटमा परेका विद्यालयहरूमा प्रत्यक्ष सहभागी भई तथ्याङ्क सङ्कलन गरिएको थियो । यो अध्ययन कार्य गुणात्मक किसिमको भएकाले तथ्याङ्क सङ्कलन प्रश्नावलीबाट र अन्तर्वाता सूचीबाट लिइएको थियो ।

### १.८.७ विश्लेषण र व्याख्या

सङ्कलन गरिएका सामग्रीहरूको सम्पादन गरियो । त्यसको वर्गीकरण, सङ्केतीकरण र तालिकीकरण गर्ने काम गरियो । ती सामग्रीबाट उपलब्ध तथ्याङ्कहरूलाई अनुपात र प्रतिशतमा निकाली व्याख्या विश्लेषण गरी निष्कर्षमा पुगीएको छ ।

## १.९ पारिभाषिक शब्दहरू

| | | |
|---|---|---|
| अलौकिक | - | लोकमा प्रचलित नभएको, लोकमा नभएको |
| आवृत्ति | - | दोहोऱ्याउने कार्य, फेरि फेरि गरिने अभ्यास |
| कौतुहल | - | उत्सुकता, जान्ने इच्छा |
| खण्डनमण्डन | - | अर्कोले भनेको कुरा काट्ने, त्यसमा प्रतिवाद गर्ने काम |
| दार्शनिक | - | दर्शन सम्बन्धी ज्ञान भएको मानिस |

| | | |
|---|---|---|
| निर्मूलीकरण | - | जरैदेखि उखल्ने काम |
| परियोजना | - | योजनाबद्ध गरिएको कार्य, पूर्व तयारीसँग गरिने कार्य |
| प्राविधिक | - | प्रविधि सम्बन्धी, शिल्पकलासित सम्बन्धित |
| मनोविश्लेषण | - | मनको विश्लेषण गर्ने काम |
| मौलिक | - | मुख्य, प्रधान, अरूको सहारा नलिएको |
| युगसापेक्ष | - | युग सुहाउँदो, युग अनुसारको |
| रागात्मक | - | मनमा उव्जने रिसरागका भावहरू भएको, प्रेमले परिपूर्ण |
| विश्वबन्धुत्व | - | विश्वका सबैसँग बन्धु बान्धवको विचार वा भावना राख्ने |
| वीरङ्गना | - | वीर पुरूषकी पत्नी, वीर नारी, शूरवीर स्त्री |
| वृतान्त | - | वार्ता, कुनै कुराको प्रवृत्ति, वर्णन, वयान |
| समकालीन | - | एउटै समय वा कालमा भएको, उही समयको, समसामयिक |
| समानुपातिक | - | बराबरी आधारमा आएको, समानुपातका आधारमा आएको |
| सान्दर्भिक | - | सन्दर्भ अनुसार, सुहाउँदो, उपयुक्त |

## १.१० शोधपत्रको रूपरेखा

यस शोधपत्रलाई जम्मा ५ वटा अध्यायमा विभाजन गरिएको छ । यसको अध्याय विभाजन देहाय बमोजिम रहेको छ :

**पहिलो अध्याय** : शोध परिचय

**दोस्रो अध्याय** : कथाको सैद्धान्तिक परिचय

**तेस्रो अध्याय** : पाठ्यक्रम अनुरूपताको दृष्टिले कथाको विश्लेषण

**चौथो अध्याय** : कथाको विश्लेषण

**पाँचौ अध्याय** : निष्कर्ष तथा सुझाब

यसका साथै शोधको अग्रभागमा भूमिकामूलक कृतज्ञता ज्ञापन, शोध सार, विषय सूची, तालिका सूची पनि समावेश गरिएको छ भने पश्च भागका रूपमा सन्दर्भ सूची, परिशिष्टहरू र शोधकर्ताको वैयक्तिक विवरण समेत प्रस्तुत गरिएको छ ।

# अध्याय : दुई
# कथाको सैद्धान्तिक परिचय

मानव सभ्यताको विकाससँगै कथाको प्रारम्भ भएको मानिन्छ । कथा ज्यादै लोकप्रिय र अति प्रचलित विधा हो । यसले मानव जीवनका विविध पक्षलाई समेटेको हुन्छ । कथाले कुनै कुरालाई मनोरञ्जनपूर्ण तरिकाले अभिव्यक्त गर्छ । विषयवस्तुलाई सरल ढङ्गले प्रस्तुत गर्छ । मानव जीवनमा देखिएका परिवर्तनका साथै कथाको स्वरूप पनि परिवर्तन हुँदै आएको देखिन्छ । भन्ने र सुन्ने परम्परामा बाँचेको दन्त्य कथामा बाचक र श्रोताबिचको अन्तरसम्बन्ध देखिनु नेपालीहरूको साहित्यप्रति अभिरूची भएको प्रमाण हो । समय क्रमसँगै कथाको उद्देश्य मनोरञ्जनात्मक, नीतिमूलक, उपदेशमूलक, सामाजिक, आर्थिक, साँस्कृतिक ज्ञानबोधात्मक हुनुका साथै भाषाका आधारभूत सिप विकास गर्ने प्रमुख साधनका रूपमा रहेको पाइन्छ । लोक परम्पराबाट थालनि भएको कथा विधा साहित्यको विकास क्रमअनुरूप सशक्त, रूचिपूर्ण, प्रभावकारी विधाको रूपमा स्थापित हुन पुग्यो । यसले पूर्वीय तथा पाश्चात्य साहित्य क्षेत्रमा व्यापक स्थान ओगटेकाले साधारण व्यक्तिदेखी स्तरीय पाठक तथा विद्यालयका तल्ला, तहदेखी माथिल्ला तहसम्म भाषिक सिप (सुनाइ, बोलाइ, पढाइ लेखाइ) विकास गर्ने सशक्त, रूचिपूर्ण, प्रभावकारी तथा लोकप्रिय विधा बनेको छ ।

कथालाई भाषा सिकाइ गर्ने आधारका रूपमा लिइन्छ । विद्यालयका तल्ला तहदेखी उच्च शिक्षाका विभिन्न तहका भाषा पाठ्यक्रममा भाषा सिकाइको आधार बनेको पाइन्छ । भाषा सिकाइ, अन्य सिपहरूको सिकाइ जस्तै भएपनि अति चुनौतिपूर्ण, जटिल प्रक्रिया हो । कथा भाषाका सबै सिपको विकास गर्न सहयोग पुऱ्याउने सरल र लोकप्रिय विधा हो । यसमा सामाजिक, पौराणिक, ऐतिहासिक, आर्थिक, धार्मिक, राजनैतिक, मनौवैज्ञानिक तथा समसामयिक विषयवस्तु बोध गराउनमा पनि कथाको महत्त्वपूर्ण स्थान छ । यसको प्रमाण प्राचिन समयमा पञ्चतन्त्र र हितोपदेशका कथाको पठनपाठनले समाजमा पारेको लामो प्रभावलाई लिन सकिन्छ (भण्डारी, २०६६ : ३) । कथाको यही प्रभावका कारण विद्यालयका पाठ्यक्रममा पर्याप्त स्थान दिइदैं आएको छ । भाषा सिकाइलाई प्रभावकारी बनाउन र महत्त्वपूर्ण क्रियाकलाप सञ्चालन गर्न भाषा पाठ्य पुस्तकमा कथा राखिन्छ । शिक्षण सिकाइका लागि एकै विषयका शिक्षण सामग्रीहरू पर्याप्त हुँदैनन् । त्यसैले कथा विधालाई

पनि भाषिक सिप विकासका लागि सहायक तथा सरल सामग्री मानिन्छ । भाषा पाठ्यक्रमका उद्देश्यहरू तथा सिकाइ उपलब्धि हासिल गराउने प्रमुख माध्यम कथा विधा भएकाले पाठ्य पुस्तकमा कथा विधाको छनोट र स्तरण अतिआवश्यक हुन्छ । कथा विधाका माध्यमबाट भाषाका आधारभूत भाषिक सिप सुनाइ, बोलाइ, पढाइ तथा लेखाइ हासिल हुनुका साथै अभिव्यक्ति क्षमता र बोध क्षमता विकास गर्न प्रभावकारी साध्य तथा साधन मानिन्छ । यसका साथै शब्दभण्डारको विकास, व्याकरणका आधारभूत सिद्धान्तको ज्ञानबोध, कथाकथन गर्न, कथा लेखन गर्न, पठनबोध क्षमताको विकास गर्न, शब्दार्थ, उखान टुक्काको प्रयोग, वाक्य गठन आदि सिपहरूको विकास गर्न सकिन्छ ।

अन्य विधाभन्दा कथा विधा कर्णप्रिय, सरल, सहज तथा लोकप्रिय भएकाले यसका माध्यमबाट बालबालिकाहरूले मनोरञ्जन लिनुका साथै भाषिक सिप आर्जन गरिरहेका हुन्छन् । भाषा पाठ्यक्रमका उद्देश्य अनुरूप भाषा पाठ्य पुस्तकमा विद्यार्थीका रूचि, स्तर, क्षमता, अनुरूप कथा राखिनु पर्दछ । यसरी पाठ्यक्रमले राखेको उद्देश्य विषयवस्तु अनुरूप शिक्षण सिकाइ कार्य, मूल्याङ्कनका विविध साधनहरूको प्रयोग, शैक्षिक सामग्रीको उपयुक्त छनोट गर्दा पाठ्यक्रमले राखेका उद्देश्य तथा सिकाइ उपलब्धि सहज रूपमा हासिल गर्न सकिन्छ ।

## २.१ कथाको परिभाषा

कथाको कसरी उत्पति र विकास भयो भन्ने विभिन्न मत र विचार रहे पनि मानवीय सभ्यताको उषाकालीन यामसँगै कथाको जन्म हुन पुगेको कुरामा अधिकांश विज्ञहरूले स्वीकृति जनाएका छन् । कथाको शाब्दिक अर्थ कुनै कुरा कथेर 'भन्नु' वा 'कहनु' हो । संस्कृत भाषाको 'कथ्' धातुमा 'अङ्' प्रत्ययबाट निष्पन्न 'कथ्' धातुमा 'टाप' प्रत्यय लागेर 'कथा' शब्दको निर्माण भएको हो । अङ्ग्रेजी साहित्यमा 'सर्टस्टोरी', हिन्दीमा कहानी, बङ्गालीमा 'गल्प' तथा नेपालीमा 'कथाकुथुङ्ग्री' भनिन्छ (भण्डारी, २०६६:३) । कथा साहित्यले विधागत स्वरूप १९ औं शताब्दीमा पाश्चात्य साहित्य जगत्मा लियो । आधुनिक कथाको नौलो र स्वतन्त्र विधाको रूपमा प्रयोग गर्ने श्रेय इ.सं. १८१२-१८२१ सम्ममा अमेरिकी कथाकार एड्गर एलेन पो, फ्रान्सेली कथाकार बाल्जाक, इमाइल जोला र

मोपाँसालाई जान्छ (भण्डारी, २०६७:३) । कथालाई अन्य विद्वानहरूले परिभाषित गर्ने क्रममा यसरी  प्रस्तुत गरेका छन् :

कौटिल्यले कथालाई धर्मशास्त्र, अर्थशास्त्र, र इतिहासमा आधारित आख्यानात्मक रचनाका रूपमा प्रस्तुत गरेका छन् (पौड्याल, २०५८ : ४) । कथा घटनाहरूको तारतम्य हो । जसले कुनै परिणामसम्म पुऱ्याउँछ भनेर फास्टरले उल्लेख गरेका छन् (गैरे, २०६३ : ६) । भामहले कथालाई आख्यायिका भनेर आख्यायिकालाई ऐतिहासिक सत्यमा आधारित र कल्पनाजनित भनेर दुई भेदमा वर्गीकृत गरेका छन् । दण्डीले भेद आवश्यक छैन्, बरू शैली र शिल्पका दृष्टिले वर्गीकृत गर्नु उपयुक्त देखिन्छ भने । वाण भट्टको कादम्बरी, दण्डीको दशकुमार चरित्र, सुबन्धुको बासबदत्ता जस्ता रचनाहरूको आख्यायिका रूपमा आउँछन् (थापा, २०३६:१५७) । निश्चित प्रकारको संरचनामा निबद्ध र आयतन भरिको समय र स्थानभित्र विस्तारित तथा शैलीयुक्त वा भाव अभिव्यञ्जक सङ्क्षिप्त आख्यानात्मक गद्यरूपलाई कथा भनिन्छ (शर्मा र श्रेष्ठ, २०४६:७६) । प्रेमचन्दका अनुसार कथा एउटा यस्तो रचना हो जसमा जीवनको कुनै एक अङ्ग वा कुनै एउटा मनोभावलाई प्रर्दशित गर्नु नै लेखकको उद्देश्य भएको हुन्छ । यसका पात्र, यसको शैली, यसको कथा विन्यास सबैले त्यही एउटै भावको पुष्टि गर्दछन् (शर्मा, २०६१:२) । कथा एउटै सर्वप्रमुख घटना र एउटै केन्द्रीय चरित्रको उद्घाटन गर्ने छोटो कल्पनात्मक इतिबृति हो भन्दै जे.वर्ग एसेनवाइनले परिभाषित गरेका छन् (नेपाल, सन् २००५:३८) । सुस्पष्ट मधुरालाप औ हाउभाउले नितान्त मनोहरा र अनुरागवश स्वयमेव शय्यामाथि उपस्थित अविनव बधुसरी भन्दै वाणभट्टले कथालाई परिभाषित गरेका छन् (बराल, २०५६:२६९) ।

पूर्वीय तथा पाश्चात्य साहित्यमा कथालाई विभिन्न तरिकाले यसरी परिभाषित गरिएको छ :

- “गद्यमा लेखिएको आख्यानात्मक प्रबन्ध काव्यको यथाशक्य छोटो रूप कथा हो ।” (नेपाली बृहत् शब्दकोश, २०४०:१९१) ।
- “लघु कथा एउटा यस्तो आख्यान हो, जो एक बसाइमा पढि सकिन्छ र आफैमा पूर्ण हुन्छ” एड्गर एलेन पो (पौड्याल, २०५८:४) ।

- “बीस मिनेटमा पढि सकिने कुनै सङ्क्षिप्त लघु कथा हो” एच.जी. बेल्स (बराल, २०५६) ।
- “एक बसाइमा सजिलैसित पढि सकिने नै कथा हो” (उपाध्याय, २०५९:१२०) ।
- “कथा एउटा आँखी झ्याल हो, जहाँबाट एउटा सानो संसार चियाउँछ” लक्ष्मी प्रसाद देवकोटा (उपाध्याय, २०५९:१२०) ।
- “जीवनमा आइपरेका घटनाको स्मृति नै कथा हो” गोविन्द गोठाले (उपाध्याय, २०५९:१२१) ।”

माथिका परिभाषाबाट कथाका सम्बन्धमा के निष्कर्ष दिन सकिन्छ भने आधुनिक कथा लोक कथाको उपज हो । लोक कथामा मानिसका सामान्य सुख-दुःखका अनुभव र अनुभूतिहरू एकआपसमा आदानप्रदन गर्ने मुख्य माध्यम हो । जसले मानवमा रहेका विभिन्न आवेग, संवेग, हर्ष, पीडा र असन्तुष्टिहरू छर्लङ्ग रूपमा प्रस्तुत गर्दछ । लोक कथाको विकास र परिवर्तनसँगै आजको साहित्य इतिहासमा कथा निकै लोकप्रिय विधाको रूपमा स्थापित भएको छ । कथा आख्यान साहित्य अन्तर्गतको गद्यात्मक लघु विधा भएकाले यो विस्तृत नभएर सङ्क्षिप्त हुन्छ । कथाको आफ्नै ढाँचा भएकाले आफैमा पूर्ण विधा हो । यसमा सीमित पात्रहरू हुनुका साथै कुनै क्षणको विशेष पक्षको प्रस्तुति रहेको हुन्छ । कथाले मानव जीवनका यथार्थ घटनालाई मनोरञ्जनात्मक ढङ्गले प्रस्तुत गर्ने भएकाले साहित्य तथा शैक्षिक जगतमा राम्रो प्रभाव पारेको पाइन्छ । मानव सभ्यताको विकाससँगै स्वतन्त्र रूपमा रहेको मानव एक आपसमा हृदयका हर्ष, पीडा, दुःख, दर्द आदि अभिव्यक्त गर्ने क्रममा कथाको उत्पति भएकाले यसको परम्परा पुरानो रहेको पाइन्छ । कथासँग मानव जातिको सहज र स्वाभाविक आकर्षण रहेको पाइन्छ । कथाले मानव जीवनका सामाजिक, साँस्कृतिक, आर्थिक, धार्मिक, राजनैतिक, चारित्रिक तथा व्यावहारिक विशेषताहरू झल्काउनुका साथै कथा विधाले भाषिक सिप हासिल गर्नमा महत्त्वपूर्ण भूमिका खेल्दछ ।

## २.२ कथाका तत्त्वहरू

कथा निर्माणका लागि आवश्यक पर्ने सामग्री वा उपकरणलाई कथाका तत्त्वहरू भनिन्छ । कथाका तत्त्वका सम्बन्धमा विभिन्न विचारकहरूले आ-आफ्नो तरिकाले मत राखेको पाइन्छ । “आधुनिक नेपाली आख्यान” पुस्तकमा कथाका तत्त्वहरूमा कथावस्तु,

कथोपकथन, पात्र चरित्र, देशकाल र परिस्थिति, भाषाशैली तथा उद्देश्यलाई उल्लेख गरिएका छन् । कथाका स्थुल संरचनामा कथानक, पात्र र देशकाल परिस्थितिलाई राखिएका छन् भने सूक्ष्म संरचनामा कथोपकथन, भाषाशैली र उद्देश्यलाई राखिएको छ (गैरे, २०६३: ७) । यसैगरी 'नेपाली आख्यान र नाटक' पुस्तकमा कथाका तत्त्वहरूमा कथानक, चरित्रचित्रण, कथन पद्धति, परिवेश, भाषा, शैली, उद्देश्य र दृष्टिविन्दु गरी आठ तत्त्वहरूको उल्लेख गरेको पाइन्छ (पौड्याल,२०५८:५ ) ।

यसै गरी 'आख्यानका कुरा' पुस्तकमा पनि आख्यानका प्रमुख तत्त्वहरूलाई यसप्रकार उल्लेख गरेका छन् : कथावस्तु, कथानक, कथा, पात्र, एवम् चरित्रचित्रण, विचार तत्त्व वा सारवस्तु पर्यावरण र चित्त्वृति, परिप्रेक्षय, प्रतीक र विम्व, समयगति र लय तथा भाषा : बुनोट संरचना (नेपाल, सन् २००५:२८) । त्यसैगरी 'साहित्य प्रकाश' पुस्तकमा कथाका प्रधान तत्त्वहरूमा कथानक, चरित्र, देशकाल, वातावरण, विचार, कौतुहल, संवाद, शैली र उद्देश्यलाई उल्लेख गरेको पाइन्छ (उपाध्याय, २०३०:१२३) । 'साहित्य परिचय' पुस्तकमा पनि कथाका तत्त्वहरू भनेर निम्नानुसार प्रस्तुत गरेको पाइन्छ : कथावस्तु, चरित्रचित्रण, संवाद, भाषाशैली, वातावरण र उद्देश्य (थापा,२०३६:१६०) । 'छरिएका समीक्षा' लेखमा मुख्य विद्वान जे.वी. सस्सनवाइनको कथाका तत्त्व सम्बन्धी धारणालाई यसरी प्रस्तुत गरेका छन् : प्रभावको ऐक्य, एउटा श्रेष्ठ कथानक, एउटा मुख्य घटना, एउटा प्रधान पात्र र एउटा समस्या अनि त्यसको समाधान उल्लेख गरेका छन् (बराल, २०५६:२५०) । 'नेपाली कथा र उपन्यास'मा कथाका तत्त्व सम्बन्धी यसरी प्रस्तुत गरिएको पाइन्छ : कथावस्तु/कथानक, पात्र/चरित्र, परिवेश, संवाद/कथोपकथन, भाषा, शैली, उद्देश्य, दृष्टिविन्दु (शर्मा, २०६१:२) । 'नेपाली कथा र उपन्यास' पुस्तकमा कथाका तत्त्व नौ वटा उल्लेख छ । जुन यस प्रकार छन् : कथावस्तु, कथोपकथन, चरित्रचित्रण, दृष्टिविन्दु, देश, काल र वातावरण, भाषाशैली, उद्देश्य (ढुङ्गेल र दाहाल, २०६१:२) । त्यसैगरी 'नेपाली गद्य र नाटक' पुस्तकमा कथाको तत्त्व छ प्रकारका उल्लेख छन् ती हुन् कथावस्तु, पात्र/चरित्रचित्रण, संवाद वा कथोपकथन, देशकाल र परिस्थिति, भाषाशैली, उद्देश्य (भण्डारी र अन्य, २०६७:६) ।

यसरी समग्रमा कथाका तत्त्व सम्बन्धमा जे जति मत्मतान्तर भए पनि कथाका प्रमुख तत्त्वहरू यसप्रकार प्रस्तुत गर्न सकिन्छ :

### २.२.१ कथावस्तु

कथा वस्तुलाई सुस्पष्ट गोरेटो प्रदान गर्ने कार्य कथानकले गर्दछ । कथा वस्तुमा उपयोग हुने घटनावलीहरूको कालक्रमिक शृङ्खलाहरूको ढाँचा तथा आदि, मध्य, अन्त्य भागको क्रमबद्ध प्रस्तुतिलाई कथानक भन्ने गरिन्छ । सोही कथानक कथा वस्तुमा प्रारम्भ देखी अन्त्यसम्म सिलसिलाबद्ध रूपमा रेखीय ढाँचा र क्रम उल्टोपाल्टो गरी प्रस्तुत गरिएको हुन्छ ।

कथावस्तुमा घटनाको विविधता भएता पनि कार्यकारण सम्बन्धका आधारमा प्रस्तुति हुने क्रमबद्ध ढाँचामा घटना उनिएको पाइन्छ । यसको निर्माणमा लेखकको विचारमा उद्देश्य र युगबोधले महत्त्वपूर्ण भूमिका खेल्दछ । कथा वस्तुले पाठकमा जिज्ञासा तथा कौतुहलता जन्माउन सक्नु पर्छ । पाठकका मनोभावहरूलाई विउँझाउन सक्ने र प्रभावकारी ढङ्गमा पाठकलाई आफूतिर तान्नसक्ने क्षमता कथावस्तुमा रहेको हुन्छ । घात-प्रतिघात, आरोह-अवरोह र वाद-संवादका क्रममा उपस्थित प्रतिक्रियालाई निश्चित उद्देश्यमा पुऱ्याउने काम कथानकले गर्छ । मुख्य गरी कथा वस्तुमा प्रारम्भ, विकास र उत्कर्ष गरी तिन अवस्था हुन्छन् । कथावस्तु कथाको एक अनिवार्य र महत्त्वपूर्ण तत्त्व भएकाले कथामा सबैभन्दा स्थुल र तत्त्वका रूपमा उपस्थिति रहेको हुन्छ । कथा वस्तुको अभावमा कथा निर्जीव बन्ने भएकोले यसको महत्त्व स्वतः झल्किन्छ ।

### २.२.२ कथोपकथन

कथामा संवाद अपरिहार्य नभएर पनि स्वभाविक चाहि हो । कथाको परिवेश अनुसार संवादको उपयोग गरेर कथालाई जीवन्त र सशक्त बनाउन सकिन्छ । संवाद सङ्क्षिप्त, सरल, आकर्षक र सार्थक हुनुपर्छ । कथावस्तुलाई गतिशील, पात्रहरूलाई क्रियाशील र विषयवस्तुलाई संवेदनशील बनाउन संवादको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । संवाद, अर्थपूर्ण, प्रभावपूर्ण हुनु आवश्यक मानिन्छ ।

### २.२.३ चरित्र चित्रण

कथामा देखिने मानवीय र मानवेत्तर प्राणीलाई पात्र वा चरित्र भनिन्छ । कथाका पात्रहरूको व्यक्तित्व र उनीहरूका कार्य व्यापारलाई घटनासँग सम्बन्धित संयोजित गराउने पद्धति नै चरित्र चित्रण हो । कथामा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा आएका विभिन्न व्यक्तिहरू वा मानवीय चरित्रको विशेषता बताउन आउने मानवेत्तर प्राणीहरू पनि पात्र  हुन । कथाका पात्र वा चरित्रलाई लिङ्ग, कार्य, वर्ग, स्वभाव आदिका आधारमा अध्ययन गरिन्छ । कथालाई गतिशीलता दिने तथा कथानक उपकरणका रूपमा रहेका द्वन्द्व क्रियाव्यापार कौतुहलता प्रदान गराउने प्रमुख अङ्ग पात्र भएकाले कथामा यस तत्त्वको पनि महत्त्वपूर्ण स्थान छ ।

### २.२.४ परिवेश

कथामा रहेका कथानक भित्रका घटनाहरूको कुनै न कुनै स्थान, समय र वातावरण हुन्छ । त्यसैलाई परिवेश भनिन्छ । कुनै पनि कथामा कथाकारले कथाका पात्रहरूले गरेको क्रियाकलापको समय, स्थान र वातावरणलाई चित्रण गर्नु नै देश काल र वातावरण वा परिवेश चित्रण हो । यसमा पात्रहरूको माध्यमबाट दृश्य प्रस्तुत गर्ने काम हुन्छ । परिवेशले पात्रहरूको चारित्रिक स्थितिलाई स्पष्ट पार्ने तथा पात्रगत क्रियाकलापलाई सहयोग पुऱ्याउने गर्दछ ।

### २.२.५ उद्देश्य

कुनै पनि कृति वा साहित्यको आ-आफ्नै उद्देश्य रहेको हुन्छ । उक्त कृति वा साहित्य मार्फत लेखकले आफ्नो उद्देश्य हासिल गर्ने लक्ष्य राखेको हुन्छ । त्यसैगरी कथाको एउटा न एउटा उद्देश्य रहेको हुन्छ । यस्तो उद्देश्य व्यक्ति सुधार, समाज सुधार, नैतिक शिक्षा, चरित्र निर्माण, अर्थोपार्जन, विश्वबन्धुत्व तथा मानवतावादी आदि हुन सक्छ । कथामा उद्देश्यको निर्धारण गर्दा युगसापेक्ष पाठकीय प्रवृतिलाई समेत ध्यान पुऱ्याउनु पर्छ । यसमा कुनै व्यक्तिको चारित्रिक विशेषता देखाउन, कुनै विषयमा केन्द्रित भएर अभिव्यक्ति दिनु अथवा कुनै न कुनै उद्देश्यमा केन्द्रित भएर कथाको उद्देश्य प्रस्तुत गरिएको हुन्छ ।

### २.२.६ भाषाशैली

कथामा भाषाशैलीको महत्त्वपूर्ण स्थान रहन्छ । भाषाशैली सरल, सहज, सक्षिप्त हुन आवश्यक हुन्छ । जसले कृतिकार वा कथाकारको विचार वा भाव अभिव्यक्त गर्न महत्त्वपूर्ण भूमिका खेल्छ । भाषाशैली पाठक र श्रोता वर्गलाई आकर्षण गर्ने खालको  हुनु पर्छ । भाषिक शुद्धता र क्षेत्रीय वातावरणको दृष्टिकोणले भाषाशैलीमा ठूलो प्रभाव पर्छ । भाषाशैली विषयवस्तु र पात्रसँग मेल खाने हुनु पर्दछ । भाषाशैली अभिव्यक्तिको मुख्य माध्यम भएकाले भाषा जति राम्रो हुन्छ, कथा पनि त्यति सवल, सुन्दर र मिठासयुक्त हुन्छ ।

उपर्युक्त तत्त्वहरूको मिश्रणबाट एउटा सिङ्गो र परिपूर्ण कथाको निर्माण हुन सक्दछ । यी तत्त्वको उपस्थितिविना कथाको संरचना सम्भव हुँदैन । यी तत्त्वहरू एकआपसमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सम्मलित भएकाले नै अनिवार्य तत्त्वका रूपमा रहेका छन् ।

### २.२.७ दृष्टिविन्दु

कथामा पात्रको स्थान कहाँ रहेको छ दृष्टि विन्दुले कसले कसको कथा भनि रहेको छ भन्ने कुरा बताउँछ । कुनै विषयमा कथा लेखि सकेपछि कसले कसको कथा भनि रहेको छ । कुनै पात्रलाई निश्चित भूमिका दिंदा कथा वस्तु लक्ष्य विन्दुमा पुऱ्याउन सकिन्छ भनी कथाले पात्रका कार्य व्यापारको वर्णन गर्दा अँगालिने पद्धति दृष्टिविन्दु हो । दृष्टिविन्दु प्रथम पुरुष, तृतीय पुरुष कथन ढाँचामा आधारित हुन्छन् । स्पष्ट रूपमाभन्दा लेखकले कल्पित घटनालाई प्रस्तुत गर्ने क्रममा पात्रलाई कुन स्थानमा राखेर कथालाई मूर्तता प्रदान गरेको छ भन्ने कुराको स्पष्ट अभिव्यक्ति दृष्टिविन्दूबाट प्राप्त गर्न सकिन्छ ।

## २.३ कथाको वर्गीकरण

मानव सभ्यताको विकाससँगै कथाको पनि प्रारम्भ र विकासका साथै अहिले आएर कथाको स्वरूप पनि बद्लेको पाइन्छ । कथाको वर्गीकरणको प्रसङ्गमा सबै समीक्षक, विद्वान र लेखकको एकमत पाइँदैन । सबैले आ-आफ्नो तौरतरिका, दृष्टिकोण र धारणा राखेको पाइन्छ ।

'आधुनिक नेपाली आख्यान' पुस्तकमा निम्न आधारमा कथालाई वर्गीकरण गरिएको पाइन्छ : रूचिक्षेत्र : सामाजिक, मनोवैज्ञानिक, ऐतिहासिक, पौराणिक, राजनैतिक, दार्शनिक । रीतिक्षेत्र : अभिव्यक्तिका आधारमा, रचना विधानका आधारमा, परम्परागत र आधुनिकशैलीका आधारमा, कथानक ढाँचाका आधारमा, शब्द प्रयोगका आधारमा, अर्थका तहका आधारमा वर्गीकरण गरिएको छ । त्यसैगरी दृष्टविन्दुका आधारमा प्रथमपुरुष र तृतीयपुरुष दृष्टिविन्दुमा वर्गीकरण गरेको उल्लेख छ (गैरे, २०६३:२४) ।

'नेपाली आख्यान र नाटक' पुस्तकमा कथाको वर्गीकरण गर्दा विषयवस्तु, प्रवृति र स्रोतलाई आधार बनाइएको छ (पौड्याल, २०५८:४) । 'साहित्य प्रकाश' पुस्तकमा कथाको वर्गीकरण गर्दा उद्देश्य, विषय र शैलीलाई आधार मानिएको छ । उद्देश्यका आधारमा घटनाप्रधान, चरित्रप्रधान, मनोविश्लेषणप्रधान, परिवेश प्रधानमा वर्गीकरण गरेका छन् । विषयका आधारमा कथालाई पौराणिक, ऐतिहासिक, सामाजिक, यौन विषयक, सिकार विषयक, जासुसी, राजनैतिक र दार्शनिक क्षेत्रमा वर्गीकरण गरेका छन् । त्यसैगरी शैलीका आधारमा वर्णनात्मक, स्वगत कथनात्मक, पत्रात्मक र डायरीशैलीमा वर्गीकरण गरिएका छन् (उपाध्याय, २०३०:१२६) । 'नेपाली कथा र उपन्यास' पुस्तकमा कथालाई विषयका आधारमा र उद्देश्यका आधारमा वर्गीकरण गरिएको छ (ढुङ्गेल र दाहाल, २०६१:१२) । त्यसैगरी 'नेपाली कथा र उपन्यास' लेखमा कथालाई विषयका आधारमा, तत्त्वका आधारमा, प्रवृत्तिका आधारमा, स्रोतका आधारमा, दृष्टिविन्दुका आधारमा र प्रभावका आधारमा गरी ६ क्षेत्रमा वर्गीकरण गरिएको पाइन्छ (शर्मा, २०६१:२) । 'नेपाली गद्य र नाटक' मा कथाको वर्गीकरण रूचिक्षेत्र, रीतिक्षेत्र, विचारप्रधान, र  विभिन्न धाराका आधारमा गरेको पाइन्छ (भण्डारी र अन्य, २०६५:१६) ।

यसरी समग्रमा कथाको वर्गीकरणका सम्बन्धमा विभिन्न समीक्षक, लेखक र विद्वानको मत विश्लेषण गर्दा कथालाई निम्नानुसार वर्गीकरण गरी अध्ययन विश्लेषण गर्न सकिन्छ :

### २.३.१ विषयका आधारमा

ऐतिहासिक कथा - इतिहासमा घटेका घटनाहरूलाई कथाका रूपमा तयार पारिएको विषयवस्तुलाई ऐतिहासिक कथा भनिन्छ । ऐतिहासिक, घटना, विषयवस्तु, पृष्ठभूमि, वीर, महापुरुष, वीरङ्गना, ऐतिहासिक स्वाभिमान, गौरव आदिलाई मुख्य आधार बनाएर रचना गरिएका कथा ऐतिहासिक कथा हुन् ।

सामाजिक कथा - समाजका कुनै पनि विषयवस्तुलाई मूल पृष्ठभूमि बनाई लेखिएका कथाहरू यस किसिमका कथामा पर्दछन् । यसमा समाजमा घटेका घटनाहरूको यथार्थ चित्रण गरिएको पाइन्छ । जसमा समाज सुधारको आवाज गुन्जिएको हुन्छ ।

धार्मिक कथा - धार्मिक, नैतिक विषयवस्तुलाई आधार बनाएर रचना गरिएका कथाहरूलाई धार्मिक कथाहरू भनिन्छ । यस्ता कथाले पाठक समूहलाई नैतिक चरित्रको निर्माण गर्न, मानवीय व्यवहारको अनुकरण गर्ने आदि लक्ष्य लिइएको हुन्छ ।

पौराणिक कथा - यस अन्तर्गत पौराणिक विषयवस्तुको मूल आधार बनाएर कथाहरू रचना गरिएको हुन्छ । जसमा लौकिक, अलौकिक तथा पुराणका विषयवस्तुबाट विभिन्न ज्ञान दिने हेतु राखिएको हुन्छ ।

मनोवैज्ञानिक कथा - यसमा मानव मनमस्तिष्कका उपयुक्त, उतारचढाव कौतुहलता जस्ता व्यवहारलाई छर्लङ्ग हुने गरी प्रस्तुत गरिएका कथाहरू पर्दछन् । जसमा बालमनोविज्ञान, अपराध मनोविज्ञान, यौनमनोविज्ञान आदिलाई विषयवस्तुका आधारशिला बनाइ कथाहरूको रचना गरिन्छ । जसबाट मानव मनको वास्तविक व्यवहार पत्ता लगाई व्यवहारमा परिवर्तन ल्याउन सकिन्छ ।

### २.३.२ उद्देश्यका आधारमा

कथालाई उद्देश्यका आधारमा विभिन्न आधार बनाएर वर्गीकरण गरिएको छ :

चरित्र प्रधान-पात्रका चरित्रको चित्रणलाई महत्त्व दिइ लेखिएका कथालाई चरित्र प्रधान कथा भनिन्छ । यस्ता कथामा पात्रको मानसिकता, स्वभाव र व्यवहारलाई सूक्ष्म

तरिकाले केलाइएको हुन्छ । मनोविज्ञान र मनोविश्लेषणलाई प्रमुखता दिएर लेखिएका कथाहरू चरित्र प्रधान हुन्छन् । यसमा घटना वातावरणलाई गौणता मानिएको हुन्छ । पात्रका मनोदशा, मनस्थिति, मानसिकता तथा हृदयलाई प्रस्तुत गर्नु पर्ने भएकोले कथालाई कलात्मक बनाएर प्रस्तुत गर्नमा निकै कुशलताको आवश्यकता पर्दछ ।

घटना प्रधान-घटनालाई मुख्य पृष्ठभूमि बनाएर लेखिएका कथाहरूलाई घटना प्रधान कथा भनिन्छ । यसमा कथाकारले घटनालाई मुख्य आधार बनाइ घटनालाई विभिन्न रोचात्मक तथा चमत्कारपूर्ण तरिकाले प्रस्तुत गरेको पाइन्छ । घटनाप्रधान कथाले जीवनको बाह्य पक्षलाई बढी जोड दिने गरिएको पाइन्छ ।

वातावरण प्रधान - वातावरण प्रधान कथामा कुनै स्थान, ठाउँ, समाजको जनजीवन तथा समय विशेषको जनजीवनलाई सूक्ष्म तरिकाले प्रस्तुत गरिएको हुन्छ । यसमा वातावरण, समय, काल तथा स्थानलाई विशेष महत्त्व दिएर कथा लेखिएका पर्दछन् । वातावरणको प्रमुखता पाइने भएकाले यस्ता कथामा जीवनको यथार्थता, सूक्ष्मता, र अनुभूतिलाई गहिरो रूपले चित्रण गरिएको हुन्छ ।

विविध विषय प्रधान कथा - विषयलाई सैद्धान्तिक मान्यताका आधारमा प्रकट गर्दा विविध विषयले प्रधानता पाउँछन् । यस आधार अन्तर्गत पर्ने कथाहरू अस्तितत्ववादी, प्रतीकवादी, आयामेली आदि शैलीका हुन्छन् ।

## २.३.३ शैलीका आधारमा

वर्णनात्मक शैलीका कथा - कुनै विषयवस्तु, घटना, स्थान, ठाउँ, वातावरणलाई वर्णनात्मक शैली अपनाइ रचिएका कथा यस भित्र पर्दछन् । यसमा प्राकृतिक वातावरणीय पक्ष, नदी, पहाड, झरना, आदि र अप्राकृतिक रूपका विषय, परिवेश र पात्र आदि नै वर्णनात्मक कथाका विषयवस्तु हुन सक्छन् । यसमा वर्णनमा सजीवता, कलात्मकता र प्रभावकारिता ल्याउनका लागि कथाकारको प्रतिभा र कल्पना तत्त्वको महत्त्वपूर्ण भूमिका हुन्छ ।

आत्मपरक शैली कथा - वैयक्तिक, निजात्मक र व्यक्ति प्रधान कथालाई आत्मपरक कथा भनिन्छ । यसमा विषयलाई गौण तथा कथाकारको स्वत्व र व्यक्तित्वको प्रवल छाप यस प्रकारका कथाको आधार हुन्छ ।

तार्किक शैली कथा - कुनै विषयवस्तुलाई तर्कपूर्ण वर्णन गरिएका कथालाई तार्किक कथा भनिन्छ । यसमा कथाकारले कुनै पनि विषयलाई तर्कद्वारा आफ्ना विचार व्यक्त गरिएका हुन्छन् ।

भावपरक शैली कथा - यस्ता कथामा जीवनका विविध पक्षलाई भावपूर्ण दृष्टिले विश्लेषण र विवेचना गरिएको हुन्छ । यसमा भावनाको स्थान महत्त्वपूर्ण रहेको हुन्छ । भावपरक कथाहरू हृदय पक्षसँग सम्बन्धित हुन्छ । यसमा रागात्मक तत्त्व मूल रूपमा हुन्छ ।

## २.४ कथाको अन्य विधासँगको सम्बन्ध

१९ औं शताब्दीमा सैद्धान्तिक रूपमा मान्यता पाएको कथा विधा कान्छो भएर पनि अहिले आएर सर्वप्रिय, रोचक, मौलिक तथा सिर्जनात्मक विधाका रूपमा स्थापित हुन सफल भएको छ । कथाको अन्य विधासँग विभिन्न रूपमा सम्बन्ध रहेको पाइन्छ ।

### २.४.१ कथा र कविताको सम्बन्ध

कथा र कविता दुबैको प्रस्तुति अप्रत्यक्ष हुन्छ । यी दुबै श्रव्य विधा हुन् । कविता मझौला र बृहत् रूपमा आख्यान रहेको पाइन्छ । कविता पद्य प्रधान विधा भए पनि कुनै न कुनै रूपमा यसमा कथात्मकता रहेकै हुन्छ । कथामा जस्तै कवितामा पनि पात्रहरूको उपस्थिति रहेको हुन्छ । यी दुबै साहित्यका रूचिपूर्ण विधा हुन । कथा गद्यमा संरचित हुन्छ भने कविता पद्य वा मुक्त छन्दमा संरचित हुन्छ । कथाको शैली वर्णनात्मक, विवरणात्मक र व्याख्यात्मक हुन्छ भने कविताको शैली सूत्रात्मक, लयात्मक, वर्णनात्मक र विवरणात्मक हुन्छ । कथा घटना र प्रसङ्गसँग सम्बन्धित हुन्छ भने कविता भाव र विचारसँग सम्बन्धित हुन्छ ।

### २.४.२ कथा र उपन्यासको सम्बन्ध

कथा र उपन्यास साहित्य क्षेत्रका महत्त्वपूर्ण विधा हुन् । यी दुबै श्रव्य पाढ्य भेद भएका गद्य विधा हुन् । यी दुबैमा दृष्टिविन्दु प्रथम पुरुष र तृतीय पुरुष रहेका हुन्छन् । दुबैको गठन स्थूल हुन्छ । यी दुबैको शैली वर्णनात्मक, विवरणात्मक र व्याख्यात्मक रहेको हुन्छ । यी दुबैमा घटनालाई काल्पनिक माध्यमबाट अभिव्यक्त गरिन्छ । यी दुबैमा समानता रहे पनि केही असमानताहरू पनि रहेका छन् । कथामा जीवनको एक पक्ष प्रस्तुति रहे पनि उपन्यासमा जीवनको बृहत पक्ष समेटिएको हुन्छ । कथामा सीमित पात्र, विषयवस्तु, समय रहेको हुन्छ भने उपन्यासमा धेरै पात्रहरू, विस्तृत विषयवस्तु तथा कथाभन्दा बढी समय स्थान रहेको हुन्छ । यी दुबैबिच समानता र असमानता भए पनि कथालाई लम्व्याएर उपन्यास, उपन्यास छोट्याएर कथा बनाउन सकिँदैन ।

### २.४.३ कथा र नाटकको सम्बन्ध

साहित्य क्षेत्रमा यी दुबै लोकप्रिय विधा हुन् । यी दुबैमा आख्यान तत्त्व मूल रूपमा रहेको हुन्छ । नाटकमा अभिनय र दृश्य तत्त्व अनिवार्य रहेको हुन्छ । कथामा पनि केही मात्रामा दृश्य भए पनि अनिवार्य चाहि होइन । यी दुबै विधाले मानव जीवनका विविध पक्षलाई प्रस्तुत गर्ने उद्‌देश्य लिएका हुन्छन् । कथा श्रव्य-पाठ्य विधा हो भने नाटक दृश्य विधा हो । नाटकमा संवाद अनिवार्य भए पनि कथामा पनि संवाद रहन सक्छन् । नाटकको शैली संवादात्मक र अभिनयात्मक हुन्छ भने कथाको शैली वर्णनात्मक र विवरणात्मक रहेको हुन्छ । कथामा जीवनको एउटा पाटोलाई प्रस्तुत गरिन्छ भने नाटकमा जीवनको विविध पक्षको चित्रण गर्ने प्रयास गरिएको हुन्छ ।

### २.४.४ कथा र निबन्धको सम्बन्ध

कथा र निबन्ध आकारमा सानो, गद्य, प्रस्तुति अप्रत्यक्ष, श्रव्य विधा हुन् । निबन्ध र कथाको संरचना कसिलो प्रस्तुति तथा वैचारिकता रहेको पाइन्छ । यी दुबैबिच केही तत्त्वमा समानता रहे पनि केही कुरामा असमानता रहेको हुन्छ । कथामा आख्यानात्मकता प्रवलता रहेको हुन्छ भने निबन्धमा बौद्‌धिकता र वैचारिकता रहेको हुन्छ । कथाको शैली वर्णनात्मक भए पनि निबन्धमा विश्लेषणात्मक हुन्छ । कथाको दृष्टिविन्दु प्रथम र तृतीय पुरुष हुन्छ भने

निबन्धको दृष्टिविन्दु प्रथम पुरुष रहेको हुन्छ । यसरी तुलना गर्दा समग्रमा कथा विधा र अन्य विधाको समानता र असमानता यस तालिकाबाट प्रष्ट पार्न सकिन्छ :

तालिका : १

कथा र अन्य विधाको तुलना

| क्र. सं. | आधार | विधा | | | |
|---|---|---|---|---|---|
| | | कविता | नाटक | कथा/उपन्यास | निबन्ध |
| १ | माध्यम | पद्य | गद्य | गद्य | गद्य |
| २ | बुनोट | छन्दलयात्मक | गद्यलयात्मक | गद्यलयात्मक | गद्यलयात्मक |
| ३ | गठन | सूक्ष्म | स्थुल | स्थुल | स्थुल |
| ४ | प्रस्तुति | अप्रत्यक्ष | प्रत्यक्ष | अप्रत्यक्ष | अप्रत्यक्ष |
| ५ | वस्तु | भाव/विचार | अनुकरण | कथाकथन | दृष्टिकोण |
| ६ | शैली | वर्णनात्मक विवरणात्मक | संवादात्मक | वर्णनात्मक विवरणात्मक | विश्लेषण |
| ७ | भेद | श्रव्य | दृश्य | श्रव्य | श्रव्य |
| ८ | दृष्टिविन्दु | उत्तम पुरुष र अन्य पुरुष | मध्यम पुरुष | उत्तम पुरुष र अन्य पुरुष | उत्तम पुरुष |

साहित्यका विभिन्न विधाहरू जस्तै कथा पनि एक स्वतन्त्र विधा हो । यसका विधागत विशेषताहरू साहित्यका अन्य विधासित केही मिल्ने र केही नमिल्ने खालका छन् । कथाका मिल्ने विशेषताहरूले अन्य विधाको नजिकको सम्बन्ध देखाउँछ भने नमिल्ने विशेषताहरू अलग आफ्नै स्वतन्त्र अस्तितत्व, निजत्व, र मौलिकपना झल्काउँछ । जुन माथिको तालिकाबाट प्रष्ट हुन सकिन्छ ।

**निष्कर्ष**

मानव सभ्यताको विकाससँगै मानव जनजिब्रोमा लोक कथाको रूपमा रहेको कथा विधा साहित्य क्षेत्रको लोकप्रिय विधा हुन पुग्यो । कथाको विधागत स्वरूप १९ औं शताब्दीमा पाश्चात्य साहित्यबाट भएको हो । आधुनिक कथाको स्वरूपमा स्थापित गर्ने श्रेय अमेरिकी कथाकार एड्गर एलन पोलाई जान्छ । कथाको परिभाषाका सन्दर्भमा कालक्रम अनुसार फरक-फरक ढङ्गले गरे पनि सीमित घटना, पात्र, विषयवस्तु, समय र वातावरणलाई अङ्गालेर प्रस्तुत भएको रचनालाई कथा भनिन्छ । जुन मानव जीवनका

एउटा पाटोलाई सीमित समयमा प्रस्तुतिकरण गरिएको हुन्छ । कथाका तत्त्व सम्बन्धमा पनि एकरूपता नभएता पनि कथा निर्माणका लागि नभई नहुने आधारभूत तत्त्वहरू कथा वस्तु, कथोपकथन, चरित्रचित्रण, दृष्टिविन्दु, देश, काल र वातावरण, उद्देश्य तथा भाषाशैली रहेका पाइन्छन् । कथाका प्रकारका सम्बन्धमा विभिन्न समीक्षा, लेखक तथा साहित्यकारहरूले आ-आफ्नो तरिकाले वर्गीकरण गरेपनि कथालाई विषयका आधारमा, उद्देश्यका आधारमा र शैलीका आधारमा राख्न सकिन्छ । साहित्य अन्य विधा जस्तै कथा पनि साहित्य विधा भएकोले साहित्य विधासँग नजिक राख्न सकिन्छ । कथाको अन्य विधासँग नजिकपन नहुनुले कथा अन्य विधाभन्दा मौलिक, स्वतन्त्र र आफ्नै अस्तित्व कायम राख्न सफल भएको मानिन्छ । समग्रमा कथा साहित्य क्षेत्रको लोकप्रिय, रोचक तथा सरल विधा नै हो भन्न सकिन्छ ।

# अध्याय : तिन
# कथाको संरचना र पाठ्यक्रम अनुरूपताको अध्ययन

## ३.१ कथाको संरचनाको विश्लेषण

संरचना भनेको बनावट हो । कुनै पनि कथाको निर्माण घटनाक्रमको आदि, मध्य र अन्त्य भागबाट बनेको हुन्छ । कथानक के कसरी अगाडि बढेको छ र पाठकलाई कौतुहलता, रोचकता तथा मनोरञ्जन प्रदान गरेको छ, छैन भन्ने कुरामा विशेष महत्त्व रहन्छ । जसका कारण विद्यार्थीहरू कथा शिक्षणप्रति आकर्षित  हुन सक्छन् । यसरी यहाँ कक्षा ९ र ८ मा प्रयुक्त कथाको विषयवस्तुलाई संरचनागत आधारमा विश्लेषण गर्ने प्रयास गरिएको छ ।

### ३.१.१ कक्षा आठका कथाहरूको संरचना

#### अ) खसीको तौल

'खसीको तौल' कथा कक्षा आठको लोक घटनामा आधारित उत्कृष्ठ रोचक तथा सरल कथा हो । यस कथाका रोमाञ्चित, रोचक तथा मनोरञ्जनात्मक घटनाले विद्यार्थीमा कथाप्रति ध्यान केन्द्रित गरेको पाइन्छ । यस कथाको घटना विकास यसरी भएको छ :

आदि भाग : यस कथाको आदि भागमा बूढा व्यापारीको युवकसँग भेट हुनु, बाटोमा युवकका विभिन्न क्रियाकलापदेखी व्यापारी बूढा छक्क पर्नु, दुबै जना व्यापारीको गाउँ नजिक पुग्नु, व्यापारीले छोरीलाई युवकका क्रियाकलाप बताउनु सम्मका घटना आदि भित्र पर्दछन् ।

मध्यभाग  : युवकलाई व्यापारीकी छोरीले बोलाउन लगाउनु, युवक विभिन्न जुक्ति गरी व्यापारीको घर नजिक पुगी भित्र पस्नु, युवकको व्यवहार र व्यक्तित्वदेखी युवती युवकप्रति आकर्षित हुनु, दुबैको विवाह हुनु, युवकलाई उसका गाउँलेले खोज्न आउनु सम्मको विकास क्रमलाई मध्य भाग मान्न सकिन्छ ।

अन्त्य भाग : यस कथाको अन्त्य भागमा युवक घर जानु, घरायसी झमेलामा फस्नु, घरायसी काम कारण जहान परिवारप्रति ध्यान दिन नसक्नु, घरायसी झमेलाबाट मुक्त भए पछि जहानको सम्झना आउनु, जहानको खोजी खबर गर्न मानिस पठाउनु, उनीहरूले गाउँ छोडिसकेको खबर पाउनु, परिवारको खोजी गर्ने उपायले 'खसीको तौल यथावत राख्ने' युक्ति निकाल्ने व्यक्तिलाई सम्मान गर्ने घोषणा गर्नु, एक जना मुखियाले सो कुरा गर्न सफल हुनु, मुखियालाई युक्ति निकाल्ने व्यक्ति को हो भन्ने प्रश्न गर्नु, यसरी युक्ति दिने युवककै जहान भएकाले दुबैको मिलन भई जीवनयापन गर्नु जस्ता क्रियाकलाप पछि कथानकको समापन भएको पाइन्छ ।

**आ) मनु**

यो कथा समाजिक तथा बालमनोवैज्ञानिक विषयवस्तुमा आधारित छ । यसले लैङ्गिक असमानताप्रति खेद प्रकट गरेको छ । यसमा छोराछोरीप्रति गरिएको असमान व्यवहारलाई प्रष्ट पारिएको छ । कथानकको विकासक्रम यसरी भएको छ :

आदिभाग : यस कथाको आदि भागमा स्वर्गवास भइ सकेको मनुका बाल सामग्री हेर्दै पूर्णकला आफ्नो कोठाको दैलो थुनेर बस्नु, सन्ध्याले आमालाई ढोका खोल्न लगाउनु, सन्ध्याको आवाजले पूर्णकलाको तन्द्रा भङ्ग हुनुसम्मको क्रमलाई आदि भाग मानिन्छ ।

मध्यभाग : यसरी यस कथाको मध्य भागमा पूर्णकलाले औषधी खोज्नु, सन्ध्याले धेरै वर्ष अगाडि भएको घटना वा भाइको सम्झनालाई विर्सन आग्रह गर्नु, पूर्णकलाले "आमाको प्रेम आफ्नो सत्तानप्रति कति गहिरो हुन्छ" भन्ने अभिव्यक्ति दिनु छोरालाई विर्सन नसक्ने अभिव्यक्ति दिनु सम्मको घटना क्रमलाई मध्य भाग मान्न सकिन्छ ।

अन्त्य भाग : यस कथाको अन्त्य भागमा सन्ध्याले आमालाई आफू पनि हजुरकै सन्तान भएको अभिव्यक्ति दिनु, आफूलाई सम्झेर सम्हाल्न आग्रह सन्ध्याको आग्रह गर्नु "के म पनि हजुरका निम्ति मरिसकेँ ?" भन्ने प्रतिक्रिया पूर्णकलाको मनमा तरवारको धार झैँ बनेर तेर्सिनु, यो प्रश्न पूर्णकलाको मनमा प्रश्नका रूपमा रहि रहनु सम्मको घटना क्रमपछि कथा समापन भएको छ ।

**इ) उपमन्युको परीक्षा**

यो पौराणिक विषयवस्तुमा आधारित कथा हो । यसमा शिष्यले गुरुको आज्ञा पालन अनुरूप अगाडि बढ्नु पर्छ भन्ने सन्देश दिन खोजिएको छ । अर्कोतर्फ आफ्नो मेहेनतको प्रतिफल सकारात्मक हुन्छ भन्ने कुरा प्रष्ट पारिएको छ । कडा परिश्रमले नै सुन्दर भविष्य देख्न सकिन्छ भन्ने उपदेश दिन यो कथा उपयुक्त भएको मान्न सकिन्छ । यस कथाको घटनाक्रम यसरी विकास भएको छ :

आदि भाग : कथाको आदि भागमा ऋषि धौम्यको मनमा शिष्य उपमन्युको परीक्षा लिने विचार आउनु, ऋषिले उपमन्युलाई विभिन्न आदेश पालना गर्न आग्रह गर्नु, उपमन्युले गुरुको आज्ञा अनुरूप निषेध गरिएका अन्न नखानु, सोही आदेश बमोजिम उपमन्यु अगाडि बढ्नु सम्म आदि भाग मान्न सकिन्छ ।

मध्य भाग : कथाको मध्य भागमा आदेश पालनका कारण उपमन्यु भोकले भौतारिनु, भोकले भौतारिंदा अचानक सिउँडीको पात खान पुग्नु, जसका कारण उपमन्युको आँखाको ज्योति गुम्नु, आँखाको ज्योति गुम्दा इनारमा खस्नु सम्मका क्रियाकलापलाई मध्य भाग भित्र राख्न सकिन्छ ।

अन्त्य भाग : कथाको अन्त्य भागमा धेरै बरेसम्म उपमन्यु आश्रममा नआउँदा ऋषि खोजीमा जानु, उपमन्यु इनारभित्र खसेको र खस्नाको कारण उपमन्युले ऋषिलाई बताउनु, ऋषिद्वारा अविश्नी कुमारहरूको स्तुति गर्न आग्रह गर्नु, अश्विनीकुमारहरू उपमन्युको स्तुतिबाट प्रकट हुनु, अश्विनीकुमारले लिएको परीक्षाबाट उपमन्यु सफल हुनु, उपमन्युको ज्योति फिर्ता हुनु, सबै वृतान्त उपमन्युले ऋषिलाई बताउनुबाट कथाको समापन भएको छ ।

**ई) घरझगडा**

यो कथा सत्य ऐतिहासिक घटनामा आधारित रहेको छ । यसमा समसामयिक राजनैतिक अवस्थालाई मध्यनजर गरी राष्ट्रिय एकताको भावना जगाउन र आपसी मेलमिलापबाट मात्र राष्ट्रको स्वामित्व रहने सन्देश दिन खोजिएको छ । राष्ट्र सञ्चालनका

निम्ति परनिर्भर नभएर आत्मनिर्भर रहनु पर्ने उपदेश प्रस्तुत गरिएको छ । प्रस्तुत कथाको कथानक यसरी अगाडि बढेको छ ।

आदिभाग : कथाको आदि भाग नजरबन्दबाट मुक्ति भए पछि राजेन्द्र लक्ष्मीले शङ्काको डोरीमा विभिन्न कुरा मनमा खेलाउनु, “बाहिरी शत्रुलाई उठ्न दिनाको मूल कारण घरझगडा हो” भन्ने उक्ति राजेन्द्रलक्ष्मीको सम्झनामा आउनु, राष्ट्रियता र एकताको जगमा इटा थप्नु पर्ने सम्झौता हुनु जस्ता क्रियाकलापसम्मलाई मान्न सकिन्छ ।

मध्यभाग : यसको मध्य भागमा राजेन्द्रलक्ष्मीका कुरा सुनेर बहादुर शाह वाल्ल पर्नु, राजेन्द्र लक्ष्मीलाई आमा समानको इज्जत दिएको भावना प्रकट गर्नु, बाहिरी कुरौटेले तिललाई पहाड बनाइ दिने भन्ने कुरा बहादुर शाहबाट प्रकट हुनु आदिबाट मध्य भाग समाप्त भएको देखिन्छ ।

अन्त्य भाग : यसको अन्त्य भागमा बहादुर शाहलाई डाकी शपथ लिएको कुरा जानकारी गराउनु, बहादुर शाहले आदेश भए नायवी छोडिदिने प्रतिक्रिया दिनु, राजेन्द्र लक्ष्मीले आफूले गरेको गल्तीप्रति मनमनै आत्मआलोचना गर्नु, देशका विभिन्न ठाउँमा हमला भएको खबर आउनु, अब के गर्ने भन्ने प्रश्न राजेन्द्रलक्ष्मीको मनमा खेलि रहनुसम्मको घटनाहरूबाट कथा समापन भएको छ ।

### उ) नुनको सोझो

यो कथा नीतिगत व्यवहार र आचरणलाई सत्मार्गमा लगाउनु पर्छ भन्ने विषयवस्तुमा आधारित  उत्कृष्ट कथा हो । यसबाट बालबालिकालाई असत्मार्ग त्याग्न र सत्मार्ग अँगालन आग्रह गरिएको पाइन्छ । यस कथाको कथानक यसरी अगाडि बढेको छ :

आदिभाग : आदि भागमा भुमियासँग गुरुनानकको भेट हुनु, भुमियाका घरमा गुरुनानकको बास हुनु, गुरुनानकले नैतिक वृतान्त कुरा गर्नु, गुरुनानकका उपदेशले भुमियाका मनमा चस्का पस्नु, गुरुनानकलाई साँझको भोजन गराउनुसम्मलाई आदि मान्न सकिन्छ ।

मध्यभाग : कथाको मध्य भागमा गुरुनानकका कुराले भुमियाका मनमा परिवर्तन भई कुमार्ग त्याग्ने विचार उब्जनु, गुरुनानकले भुमियाले गर्ने पेशाबारे प्रश्न गर्दा लज्जित बन्नु, भूमियाले सबै कुरा मुस्किलले बताउनु, गुरुनानकले सत्मार्गमा लाग्न आग्रह गर्नु सम्मको क्रियाकलापबाट मध्य भाग समापन भएको पाइन्छ ।

अन्त्यभाग : यसको अन्त्य भागमा भुमियाले लागेको बानी छुट्टाउन नसक्दा एकदिन राजदरवारमा चोर्न जानु, भोकले व्याकुल भएको भुमियाले मिठा चिज खानु, त्यसै बखत गुरुनानकले भनेको वाणी "जसको नुन खाइन्छ, त्यसको कुभलो गर्ने कार्य गर्नु हुँदैन" भन्ने कुरा सम्भदा निन्द्राबाट ब्युभ्फेभैं हुनु, भुमियाका मनमा मानसिक द्वन्द्व हुनु, आफूले गरेको कुकर्म राजा कहाँ आएर क्षमा मागी जस्तोसुकै दण्डसजाय भोग्न तयार भएको कुरा प्रकट हुनु, भुमियाले गल्ती स्वीकारेकाले राजाले सम्मान गर्नु र उसले आफ्नो जीवनयापन आनन्दसँग सञ्चालन गर्नुबाट कथाको समापन भएको पाइन्छ ।

## निष्कर्ष

कक्षा आठका कथामध्ये 'खसीको तौल', 'उपमन्युको परीक्षा' र 'नुनको सोभ्फो' कथाको कथानक योजनाबद्ध रूपमा आदि, मध्य र अन्त्यका क्रममा अगाडि बढेको पाइन्छ । यी कथाहरूको संरचना सरल भएका कारण विद्यार्थीहरूले सजिलै बुभ्न सक्ने देखिन्छन् । 'नुनको सोभ्फो' र 'खसीको तौल' मभ्फौला आयाम भएका कथा हुन् भने 'उपमन्युको परीक्षा' छोटो आयाम भएको कथा हो । यी कथा कक्षा आठका विद्यार्थीहरूको स्तर र रूचि अनुरूप नै देखिन्छ । 'मनु' र 'घरभ्फगडा' मध्यम आयामका कथा भएर पनि अन्त्य भागमा पाठक र विद्यार्थीमा कौतुहलता छोडेर गएको पाइन्छन् । 'मनु' कथामा सन्ध्याको अभिव्यक्तिको प्रतिक्रिया उसकी आमाबाट नआउनु र 'घरभ्फगडा' कथामा देशका विभिन्न ठाउँमा हमला भएको खबर पाउँदा पनि अब के गर्ने भन्ने कुरा राजेन्द्रलक्ष्मीका मनमा खेलि रहनुबाट कथाहरू अधुरा रहेका जस्ता लाग्दछ । यी कथाहरूले विद्यार्थीमा जिज्ञासापूर्ण गराएको देखिदैन । तसर्थ यस्ता कथा राख्दा छोटा, मिठा र निष्कर्ष निकालिएका कथा पाठ्य पुस्तकमा समावेश गरी उचित स्तरण गर्नु पर्ने देखिन्छ ।

### ३.१.२ कक्षा नौका कथाहरूको संरचना

#### अ) शिशिर र वसन्तको कथा

बोधविक्रम अधिकारीद्वारा रचित यो लोक कथाले मानिस मायाले नै बाँचेको हुन्छ भन्ने कुरा प्रष्ट्याएको छ। यो लोकप्रिय एवम् उत्कृष्ट लोक कथा हो। यसमा दुई वटा पात्र राजकुमार शिशिर र वसन्तको जीवनमा आधारित रहेको छ। राजकुमारले जीवनमा भोग्नु परेका दुःख कष्ट, पीडा, तीता मिठा कुरालाई रोमाञ्चित शैलीमा प्रस्तुत गरिएको छ। कथानकको विकासक्रम यसरी भएको पाइन्छ :

आदि भाग : प्रस्तुत कथाको आदि भागमा राजाकी जेठी रानीले भँगेराको माउले माया गरेर बचेरालाई आहार खुवाएको हेर्दा हेर्दै व्याधाले माउलाई मार्नु, सौतेली माउले बचेरालाई केही दिन आहार खुवाए पनि अन्त्यमा रूखबाट झारेर मार्नु, त्यो देखेकी रानीले आफू मरे पछि छोराहरूको पनि त्यही हाल हुने सम्झेर चिन्ता गर्दा गर्दै त्यसै चिन्ताको कारण मृत्यवरण गर्नु, राजाले कान्छी रानी ल्याउनु र कान्छी रानीले निहुँ झिकेर छोराहरूलाई जङ्गलमा लगेर मार्न लगाउनुसम्मलाई कथानकको आदि भाग मान्न सकिन्छ।

मध्य भाग : यस कथाको मध्य भागमा जङ्गलमा छोडिएका शिशिर संयोगवश राजा बन्नु, वसन्त पसले कहाँ पुग्नु र पसलेले दुर्व्यवहार गर्नु, संयोगवश वसन्त पनि राजा हुनु, पुनः वसन्त दुलहीका साथ पसले कहाँ फर्कनु, सम्पतिको लालचमा पसलेले वसन्तलाई नदीमा बगाउनु र दुलहीलाई इनाम पाउने आशाले राजा कहाँ पुऱ्याउनुसम्मलाई यसको मध्य भाग मान्न सकिन्छ।

अन्त्य भाग : अन्त्य भागमा माझीले वसन्तलाई फेलापारी धर्मपुत्र बनाउनु, राजाले शिशिर र वसन्तको कथा भन्ने मान्छे खोजेका हुनाले वसन्त शिशिरको दरवारमा पुग्नु, वसन्तले दाजुलाई चिन्नु तर शिशिरले वसन्तले कथा भनेपछि मात्र चिन्नु, यसरी एक आपसमा भेटघाट हुनु वसन्तलाई मन्त्री बनाउनु तथा वसन्तले आफ्नी दुलहीलाई पुनः भित्रयाउनु तथा दुई दाजुभाइ मिलेर राजदरवार सञ्चालन गरी जीवनयापन गर्नु यस पछि कथाको कथानक समापन भएको छ।

सारांशमा भन्नु पर्दा यो कथा आदि, मध्य र अन्त्यको योजनाबद्ध ढाँचामा क्रमिक रूपमा अगाडि बढेको पाइन्छ । तुलनात्मक रूपले यो कथा लामो भए पनि कक्षा ९ का विद्यार्थीहरूका लागि यो निकै मन छुने र घत लाग्दो छ । त्यस कारण लामो भए पनि पाठ्य पुस्तकमा राख्नु सान्दर्भिक नै देखिन्छ । विद्यार्थीलाई बढी रूचि लाग्ने कथा पनि यही नै देखिन्छ ।

**आ) भविष्य निर्माण**

देव कुमारी थापाद्वारा रचित भविष्य निर्माण कथा बाल मनोवैज्ञानिक कथा हो । यसमा वातावरण र विभिन्न घटनाहरूलाई बुद्धिमता पूर्वक ध्यान दिई बालकको मानसिकतामा सकारात्मक भावना जगाई भविष्य निर्माण गर्न सकिने खालका घटना व्यक्त गरिएको छ । यसको कथा वस्तु आदि, मध्य, अन्त्यको क्रममा यसरी अगाडि बढेको पाइन्छ :

आदि भाग : यस कथाको कथानकको आदि भागमा पार्वतीले छोरालाई असल नागरिक बनाउने सोच राख्नु, विश्व वातावरणमा भएका हिंसात्मक घटनाले छोरामा नकारात्मक धारणाको विकास होला भन्ने चिन्ता लिनु, कृष्ण बहादुरले युद्धका बारेमा छोरालाई बताउनु तथा छोराले पनि बन्दुक समातेर जर्मनलाई मार्न प्रतिज्ञा गर्नु जस्ता घटना सम्मलाई आदि भाग मान्न सकिन्छ ।

मध्य भाग : कथाको मध्य भागमा छोराले काठको बन्दुक बोकेर जर्मनहरूलाई मार्ने कुरा गर्नु, पार्वतीले छोरालाई सम्झाउनु, नरेशले जर्मनहरूबारे धेरै प्रश्न गर्नु र पार्वतीले जर्मनहरू राम्रा मान्छे भएका विभिन्न उदाहरणहरू दिई छोरामा सकारात्मक धारणाको विकास गराउनुसम्ममा मध्य भाग मान्न सकिन्छ ।

अन्त्य भाग : यस कथाको अन्त्य भागमा नरेशले बन्दुक फालि दिएँ भन्नु, जर्मनहरूलाई साथी बनाई उनीहरू जस्तै औषधी बनाउँछु भन्नु र आमाले छोराको भविष्य निर्माण गर्न सकेको सम्झेर दङ्ग पर्नु जस्ता क्रियाकलापबाट कथा अन्त्य भएको छ ।

तुलनात्मक रूपमा यो कथा अन्य कथाभन्दा छोटो भएर पनि घटना क्रमको ढाँचा क्रमिक रूपमा आदि, मध्य र अन्त्य गरी अगाडि बढेको पाइन्छ । यो कथा विद्यार्थीको स्तर, रूचि, उमेर अनुरूप उत्कृष्ट भएको पाइन्छ । कथा छोटो, मिठो र सन्देशमूलक रहेको छ ।

**इ) खड्गबहादुर**

खड्गबहादुर ऐतिहासिक र समसामयिक सत्य घटनाका विषयवस्तुमा आधारित कथा हो । कथाकार बदरीनाथ भट्टराईद्वारा लिखित चर्चित कथा पनि हो । यसमा कथाकारले अहिलेको जल्दोबल्दो समस्यालाई रोमाञ्चित तरिकाले प्रस्तुत गरेका छन् । यस कथाको कथानक यस प्रकारले अगाडि बढेको पाइन्छ :

आदि भाग : कथाको आदि भाग चितपुर रोडमा हतारमा हिंडिरहेका खड्गबहादुरका अगाडि एउटी युवतीले कागज खसाली पढ्न आग्रह गर्नु र कागजमा लेखेको कुरा पढेर खड्गबहादुर छक्क पर्नु सम्मको घटना क्रमलाई मान्न सकिन्छ ।

मध्य भाग : मध्य भाग खड्गबहादुरले हिरालाल दुष्ट भएको थाहा पाउनु, कागज खसालेको ठाउँमा रुप परिवर्तन गरी जानु, पुण्य प्रसादले पठाएको बहाना गरी हिरालालबाट पोल थाहा पाउनु, साँचो कुरा थाहा पाएपछि आफ्नो खुकुरी निकालेर छप्काउनुसम्मको अवस्थालाई मान्न सकिन्छ ।

अन्त्य भाग : अन्त्य भागमा खड्गबहादुरले पुण्य प्रसादलाई पनि मार्ने आँट गर्नु, आफै ठानामा गएर अपराध कबुल गर्नु, खड्ग बहादुरको रिहाइ पाउँ भनी विभिन्न ठाउँमा मानिसहरूको जमातले आवाज उठाउनु, महिला जातिहरूमाथि बन्चरो चलाउनेहरूलाई दिएको सजाय हत्या नभई बहादुरी भएको कुरा मानिसहरूले व्यक्त गर्नुसम्मको घटना क्रमलाई कथाको अन्त्य भागमा मान्न सकिन्छ ।

यस कथामा समसामयिक सामाजिक अपराधका विषयवस्तु प्रस्तुत गरी अपराधीहरूलाई निर्मूल पार्न अग्रसर भएको सन्देश पाइन्छ । कथाको कथानक योजनाबद्ध र क्रमिक रुपमा अगाडि बढेकाले विद्यार्थीलाई बुझ्न त्यति बोझिलो भएको पाईंदैन तर अन्त्य भागमा  खड्गबहादुरप्रति अदालतले के फैसला गऱ्यो त्यो चाहिं विद्यार्थी र पाठकका

लागि कुतुहलको विषय भएको पाइन्छ । कथामा निष्कर्ष राम्ररी प्रस्तुत गरेको भए अझै विद्यार्थीमा कथाबाट सकारात्मक धारणाको विकास हुने थियो ।

## ३.२ कथाको आयामका आधारमा विश्लेषण

भाषा पाठ्य पुस्तक राखिएका पाठहरू धेरै लामा र धेरै छोटा हुनु उपयुक्त हुँदैन । पाठहरू विद्यार्थीलाई पट्याएर नलाग्ने, पाठप्रति रूचि, मनोरञ्जन, उत्सुक्ता सिर्जना गर्ने खालका हुनु पर्दछ । भाषिक सिपका दृष्टिले पाठहरू सन्तुलित हुनु आवश्यक हुन्छ । विद्यार्थीहरूको स्तर, रूचि र उमेरलाई ध्यानमा राखेर पाठहरूको छनोट गर्नु उपयुक्त मानिन्छ तर कक्षा ८ र ९ मा राखिएका पाठहरूको लम्बाइ सबै एकनासको देखिंदैन । यसरी कक्षा ८ र ९ मा रहेका कथा पाठहरूको आयामगत विश्लेषण क्रमशः तल प्रस्तुत गरिएको छ :

### ३.२.१ कक्षा आठका कथाको आयामगत विश्लेषण

**अ) खसीको तौल**

'खसीको तौल' लोक कथा हो । कक्षा ८ को पाठ्य पुस्तक प्रयुक्त कथा सामान्य तथा कक्षा ८ का कथाहरूमध्ये लामो कथा हो । यसमा लामा छोटा गरी १३ वटा अनुच्छेदहरू रहेका छन् । यसमा १२२५ वटा शब्दहरू र लामा छोटा गरी ११९ वटा वाक्यहरू रहेका छन् । पाठ्य पुस्तक स्तरणका क्रममा यसलाई दोस्रो स्थानमा राखिएकाले चौथो स्थानमा राख्नु पर्ने देखिन्छ । यसमा सबै वाक्यहरू मध्यम खालका रहेका  छन् । यस पाठ्य पुस्तक ९ वटा नयाँ शब्दको अर्थ दिइएको छ । पाठको अभ्यासमा अर्थ बताउन, वाक्यमा प्रयोग गर्न र शुद्ध उच्चारण गर्नेमा नयाँ शब्दहरू दिइएका छन् । जसबाट विद्यार्थीहरूलाई ती शब्दको खोजी गरी छलफलका माध्यमबाट शब्दहरूको अर्थ र प्रयोग गर्ने बानीको विकास गर्नमा जोड दिइएको पाइन्छ । यो कथाले विद्यार्थीको रूचि, स्तर र क्षमता अनुरूप भएको पाइन्छ । यस कथामा युवक पात्रका बौद्धिक क्रियाकलाप र चतुर व्यवहारबाट कक्षा आठका अधिकांश विद्यार्थीहरूले यस कथाप्रति सकारात्मक धारणा राखेको पाइन्छ ।

### आ) मनु

यो सामाजिक तथा बालमनोवैज्ञानिक विषयवस्तुमा आधारित कथा हो । कक्षा ८ को मनु कथा सबैभन्दा लामो कथाको रूपमा रहेको छ । यसमा लामा छोटा गरी २६ वटा अनुच्छेदहरू रहेका छन् । यो कथा ११२ वटा वाक्यहरू र १३१५ वटा शब्दहरू रहेका छन् । अनुच्छेद तिन, चार, आठ, सोह्र, सत्र, अठार, उन्नाइस, बिसौं, एक्काइस र छबिस अनुच्छेद एक वाक्यात्मक रहेका छन् । यसमा २ शब्ददेखी ४१ शब्दको वाक्य समेत पाठमा रहेको छ । जुन वाक्य कक्षा ८ का विद्यार्थीहरूको स्तर, क्षमताभन्दा माथिल्लो स्तरको रहेको छ । यस पाठमा १० वटा नयाँ शब्दहरू छनोट गरी अर्थ पनि दिइएका छन् । यसको वाक्यमा प्रयोग गर्ने अभ्यासमा केही नयाँ शब्दहरू दिइएका छन् । जुन विद्यार्थीले छलफल मार्फत् अर्थ पत्ता लगाई वाक्यमा प्रयोग गर्न अग्रसर बनाएको छ । यो पाठ क्रमका आधारमा अन्तिममा राखिदा राम्रो हुन्थ्यो । कक्षा आठका विद्यार्थीहरूलाई यो कथा जटिल र स्तरभन्दा माथि भएको देखिन्छ ।

### इ) उपमन्युको परीक्षा

यो पौराणिक विषयवस्तु समेटिएको कथा हो । उपमन्युको परीक्षा कथामा साना ठूला गरी ३० वटा अनुच्छेदहरू रहेका छन् । प्रायजसो सबै अनुच्छेदहरू एक वाक्यात्मक रहेका छन् । यो कथा पूर्ण रूपमा संवादात्मक शैलीमा रहेको छ । यसमा ७३ वटा साना ठूला वाक्यहरू रहेका छन् । यसमा ७३० वटा शब्दहरू रहेका छन् । यसबाट के बुझिन्छ भने यो कथा विद्यार्थीको स्तर, क्षमता, उमेर अनुरूप उपयुक्त नै छ । यसलाई कथाहरूको क्रममा सबभन्दा अगाडि राख्दा उपयुक्त हुने देखिन्छ । यसमा ३४ वटा शब्दसम्मका लामा वाक्य रहेका छन् । यसमा ११ वटा नयाँ शब्दहरू समावेश गरिनुका साथै शब्दको अर्थ पनि दिइएको छ ।

### ई) घरझगडा

ऐतिहासिक सत्य घटनामा आधारित छ । यसमा राष्ट्रिय एकता कायम गर्ने सन्देश प्रस्तुत छ । यसमा दशवटा अनुच्छेदहरू रहेका छन् । घरझगडा कथामा १०८० वटा शब्दहरू रहेका छन् । यी शब्दहरूमध्ये १९ वटा शब्दहरू नयाँ छन् । यिनीहरूको अर्थ पनि

दिइएका छन् । यसमा लामा छोटा गरी ८३ वटा वाक्यहरू रहेका छन् । यसलाई दोस्रो क्रममा राख्दा उपयुक्त हुन्थ्यो । यसमा  ३० वटासम्म शब्दहरूबाट बनेका वाक्यहरू पनि रहेका छन् । समग्रमा यो कथा विद्यार्थीको स्तर, उमेर, क्षमता अनुरुप नभएको पाइयो ।

### उ) नुनको सोझो

यो कथा चाहिं नीतिगत विषयवस्तुबाट लिइएको हो । यसमा १३ वटा अनुच्छेदहरू रहेका छन् । यसमा ९९ वटा लामा छोटा वाक्यहरू रहेका छन् । यस कथामा १२०० वटा शब्दहरू रहेका छन् । जसमा १५ वटा नयाँ शब्दहरू रहेका छन् । अर्थ पनि दिइएका छन् । यस पाठको अभ्यासात्मक क्रियाकलापमा अधिकांश नयाँ शब्दहरूको अर्थ लेख्न र वाक्यमा प्रयोग गर्न दिएबाट विद्यार्थीमा खोजी गरी सिक्ने बानीको विकास गर्न खोजिएको पाइन्छ । यसमा ३०-३४ वटा  शब्दले बनेका वाक्य समेत रहेका छन् । यसबाट यति लामो वाक्यबाट विद्यार्थीमा जटिलता उत्पन्न हुने खालको छ । यसलाई क्रमका आधारमा तेस्रो क्रममा राख्नु पर्ने देखिन्छ । यसरी राख्दा विद्यार्थीमा कथाप्रति उत्सुक्ता बढ्ने, रमाइलो लाग्ने आदि हुन सक्छ । सामान्यतया यो कथा उपयुक्त नै मानिन्छ । यो कथा विद्यार्थीको स्तर र रूचि अनुरुप मध्यम खालको देखिन्छ ।

## ३.२.२ कक्षा नौका कथाको आयामगत विश्लेषण

### अ) शिशिर र वसन्तको कथा

यो कथा लोक कथाका विषयवस्तुमा आधारित छ । यो कथा कक्षा ९ को पाठ्य पुस्तकमा राखिएको छ । यसमा ४६ वटा ठूला साना अनुच्छेदहरू छन् । त्यसैगरी लामा छोटा २२६ वाक्यहरू छन् । यसमा २५०० शब्दहरू रहेका छन् । यो कथा अन्य कथाको तुलनामा सबैभन्दा लामो कथा हो । संवादात्मक शैलीमा लेखिएकाले कतिपय अनुच्छेदहरू एकमात्र वाक्यबाट बनेका छन् । कतिपय अनुच्छेदहरू केही लामा पनि छन् । ३८-४० वटा शब्दले बनेका जटिल वाक्य र नयाँ ७१ वटा शब्दहरू रहेका छन् । जुन विद्यार्थीको स्तरभन्दा माथिका छन् । यसरी यसमा अधिका.श विद्यार्थीहरूले पढ्ने र कथाप्रति चासो देखाइएको पाइन्छ ।

### आ) भविष्य निर्माण

'भविष्य निर्माण' बालमनोवैज्ञानिक कथा हो । यो कथा कक्षा ९ को नेपालीमा प्रयुक्त कथाहरूमध्ये सबभन्दा छोटो कथा हो । यसमा साना ठूलागरी २१ वटा अनुच्छेदहरू रहेका छन् । यसमा ११९ वटा साना ठूला वाक्यहरू रहेका छन् । यसमा ७५० शब्दहरू रहेका छन् । अधिकांश अनुच्छेद एक वाक्यात्मक रहेका छन् । यो कथामा १३ वटा नयाँ शब्दहरूको अर्थ पाठ्य पुस्तकको अन्त्यमा राखिएका छन् । केही अर्थ नदिइएका शब्दहरू अभ्यासमा राखिएका छन् भने केही शब्दहरू वाक्यमा प्रयोगका लागि पनि राखिएका छन् । यसबाट विद्यार्थीमा सिर्जनात्मकताको विकास गर्न मद्दत पुग्ने देखिन्छ । यो कथा पाठ्य पुस्तक राखिएका कथामध्ये सबभन्दा अगाडि राखि दिए राम्रो हुन्थ्यो । यो कथा विद्यार्थीको स्तर, रूचि, उमेर अनुरूप नै छ । यसले विद्यार्थीमा भविष्यप्रति सकरात्मक धारणाको विकास गराउनमा सहयोग पुऱ्याउने देखिन्छ ।

### इ) खड्गबहादुर

यो कथा समसामयिक विषयवस्तुमा आधारित सत्य घटनामा रहेको ऐतिहासिक कथा हो । यो कक्षा ९ को पाठ्य पुस्तक प्रयुक्त कथामध्ये मध्यम खालको रहेको छ । यसका अधिकांश अनुच्छेदहरू लामा रहेका छन् । यसमा जम्मा ११ अनुच्छेद र लामा छोटा १०३ वाक्यहरू रहेका छन् भने ११५० वटा शब्दहरू रहेका छन् । यसमा अधिकांश शब्दहरूले बनेको मध्यम खालका वाक्यहरू रहेका छन् । यो कथा स्तरण गर्दा दोस्रो क्रममा राख्दा उपयुक्त हुन्थ्यो । यस कथामा ८८ नयाँ शब्दहरू रहेका छन् । यसरी हेर्दा यो कथा विद्यार्थीको स्तर, क्षमता, रूचि अनुरूप हुनुका साथै यस कथाले वर्तमान जल्दो बल्दो समस्यालाई समाधान तिर अग्रसर हुन आग्रह गरेको देखिन्छ ।

## निष्कर्ष

पाठ्यक्रम अनुरूप पाठ्य पुस्तकका कथाको विश्लेषण गर्दा पाठ्य पुस्तकमा कथाहरू पाठ्यक्रम अनुरूप राखिनु पर्ने देखिन्छ । पाठ्यक्रमले निर्धारण गरे अनुसार सङ्ख्या, वितरण तथा क्रम मिलाउनु पर्ने देखिन्छ । कथाहरू विधा क्षेत्र अनुरूप भए पनि विद्यार्थीमा अझै सकारात्मक धारणाको विकास गराउने कथाहरू राखिनु पर्छ । कथाहरू समसामयिक

सामाजिक अपराध, अत्याचार जस्ता कुराहरूको निर्मूलीकरण गरिएका कथाहरू पाठ्य पुस्तकमा राख्दा उपयुक्त हुन सक्छ । राष्ट्रिय अस्तित्व कायम गर्ने, विश्व बन्धुत्वको भावना जगाउने विषयवस्तुका कथा राख्दा अझै उपयुक्त हुन्थ्यो । कथाका लागि निर्धारण गरिएका शिक्षण क्रियाकलाप, मूल्याङ्कन प्रक्रिया, अङ्कभार जस्ता कुरालाई पुनः विचार गर्नु पर्ने देखिन्छ । पाठ्यक्रम अनुरूप पाठ्य पुस्तकका कथा त्यति अमिल्दा चाहिं छैनन् ।

## ३.३ कथाहरूको पाठ्यक्रम अनुरूपता

पाठ्यक्रमलाई शैक्षिक कार्यक्रमको व्यवस्थित, बृहत् योजना तथा मूल दस्तावेजका रूपमा लिइन्छ । यसमा के, कसरी, किन, कसलाई र कहिले शिक्षण गर्ने-गराउने भन्ने कुरा प्रस्तुत गरिएको हुन्छ । विद्यार्थीको भित्री वा बाहिरी अवस्थामा उपेक्षित उपलब्धि प्राप्त गर्न गरिने सम्पूर्ण प्रयास नै पाठ्यक्रम हो भनेर हिल्डा टावाले प्रस्तुत गरेका छन् (शर्मा एण्ड शर्मा, २०५४,६) । यहाँ कक्षा ८ र ९ मा समाविष्ट कथाहरू पाठ्यक्रम अनुरूप के-कस्ता छन्, पाठ्यक्रम अनुरूप छन् वा छैनन् आदि कुराको व्याख्या विश्लेषण गरिएको छ ।

### ३.३.१ कक्षा ८ का कथाहरूको पाठ्यक्रम अनुरूपता

निम्न माध्यमिक पाठ्यक्रम २०६४ मा कक्षा ६,७,८ का लागि २५ वटा साधारण उद्देश्य सूचीकृत गरिएका छन् । कक्षा आठका लागि विशिष्ट उद्देश्य सुनाइ र बोलाइमा ९ वटा, पढाइतर्फ ९ वटा र लेखाइका लागि १० वटा उद्देश्य गरी जम्मा २८ वटा सूचीकृत गरिएको छ । कक्षा आठमा कथाका क्षेत्र चारवटा निर्धारण गरिएका छन् । जसमा लोक कथा, नीति कथा, पौराणिक कथा, ऐतिहासिक कथा र आधुनिक कथा छन् । आधुनिक कथा अन्तर्गत सामाजिक र बालमनोवैज्ञानिक कथा राख्नु पर्ने उल्लेख छ । कथा वितरण गर्दा कक्षा ८ मा ५-६ वटा कथा राख्नु पर्ने उल्लेख छ । शिक्षण प्रक्रियामा कथा शिक्षणका लागि कथा श्रवण, कथाकथन, सस्वर तथा मौनपठन, पठनबोध, प्रश्नोत्तर, बुँदा टिपोट, घटनाक्रम जस्ता कार्यकलाप अपनाउनु पर्ने निर्देशन प्रस्तुत गरिएको छ । मूल्याङ्कनका लागि निर्माणात्मक र निर्णयात्मक साधनको प्रयोग गर्नु पर्ने भनिएको छ । मूल्याङ्कनका लागि कथासँग अन्य विकल्प सहितको विधा राखी ४० अङ्क निर्धारण गरिएको छ ।

कक्षा ८ को पाठ्य पुस्तक कथाको पाठ्यक्रम अनुरूपताका सम्बन्धमा तलको तालिकाबाट अझ प्रष्ट पार्न सकिन्छ :

तालिका : २

पाठ्यक्रम र पाठ्य पुस्तकमा कथा विधाको प्रस्तुतिक्रम

| क्र.सं. | पाठ्यक्रमको क्रम | क्र.सं. | पाठ्य पुस्तकमा भएको क्रम |
|---|---|---|---|
| १ | लोक कथा | १ | लोक कथा |
| २ | नीति कथा | २ | आधुनिक कथा |
| ३ | पौराणिक कथा | ३ | पौराणिक कथा |
| ४ | ऐतिहासिक कथा | ४ | ऐतिहासिक कथा |
| ५ | आधुनिक कथा | ५ | नीति कथा |

उपर्युक्त तालिका २ मा पाठ्यक्रमले निर्देशन गरेको क्रम क्रमशः लोककथा, नीतिकथा, पौराणिक कथा, ऐतिहासिक कथा र आधुनिक कथा रहेका देखिन्छन् भने पाठ्य पुस्तकको क्रम चाहि क्रमशः लोक कथा, आधुनिक कथा, पौराणिक कथा, ऐतिहासिक कथा र नीतिकथा देखिन्छ । यसबाट पाठ्यक्रमले निर्देशन गरे अनुरूप क्रम नमिलेकाले पाठ्यक्रम अनुरूप क्रम मिलाउनु पर्ने देखिन्छ ।

कक्षा ८ को पाठ्यक्रम र पाठ्य पुस्तकमा रहेका कथा विधालाई विश्लेषण गर्दा चारवटा कथा छनोट गर्नु पर्नेमा ५ वटा कथा छनोट भएको देखिन्छ । पौराणिक वा ऐतिहासिक कथा मध्ये एउटा हुनु पर्नेमा दुबै विषयवस्तु भएका कथा छनोट गरिएको छ । लोक कथामा ‘खसीको तौल’, नीति कथामा ‘नुनुको सोझो’, पौराणिक कथामा ‘उपमन्युको परीक्षा’, ऐतिहासिक कथामा ‘घरझगडा’ र आधुनिक कथा अन्तर्गत बालमनोवैज्ञानिक कथा ‘मनु’ राखिएको छ । यसमा विधाको क्षेत्र क्रम पाठ्यक्रम अनुरुप नभएको देखिन्छ । नीति कथा ‘नुनको सोझो’ दोस्रो क्रममा, आधुनिक कथा अन्तर्गत बालमनोवैज्ञानिक कथा ‘मनु’ अन्तिम क्रममा राख्नु पर्ने देखिन्छ । विशिष्ट उद्देश्य अन्तर्गत सुनाइ, बोलाइ उद्देश्य नं. १,२,६, पढाइ अन्तर्गत १,२,५,६,७,८,९ क्रमका उद्देश्यहरू र लेखाइ अन्तर्गतका १,२,४,५,६, १० क्रमका उद्देश्यहरू कथा शिक्षणबाट प्रत्यक्ष रूपमा हासिल हुने खालका देखिन्छन् । यसको मूल्याङ्कनका लागि छुट्टै अङ्कभार कायम नगरिनु यसको कमजोर पक्ष मान्न सकिन्छ । कथाका लागि सूचीकृत गरिएका क्रियाकलाप उपयुक्त नै देखिन्छन् । कथामा

प्रयुक्त अभ्यासहरूलाई विश्लेषण गर्दा निर्माणात्मक मूल्याङ्कनका साधनको उपयोग गर्ने आधार प्रर्याप्त देखिँदैन ।

## ३.३.२ कक्षा नौका कथाहरूको पाठ्यक्रम अनुरूपता

माध्यमिक शिक्षा पाठ्यक्रम २०६४को भाग १ मा कक्षा ९ र १० को नेपाली विषयको पाठ्यक्रम राखिएको छ । यसको परिचय स्तम्भमा पाठ्यक्रमलाई समयसापेक्ष, उपयोगी तथा उपलब्धिमूलक बनाउने विभिन्न कुरामा जोड दिइएको पाइन्छ । कक्षा ९ र १० का लागि संयुक्त रूपमा सत्रवटा साधारण उद्देश्य सूचीकृत गरिएको छ । त्यसैगरी भाषिक सिप विकासका गर्न सुनाइ, बोलाइ, पढाइ र लेखाइका लागि क्रमशः ८,६,९ वटा उद्देश्यहरू कक्षा नौ का लागि सूचीकृत गरिएको छ । विशेष बालबालिकाका लागि शिक्षण सिकाइ क्रियाकलाप र मूल्याङ्कन उपयुक्त ढाँचामा गर्नु पर्ने भनेर पनि उल्लेख गरिएको छ । पाठ्यक्रममा विधाको क्षेत्र अन्तर्गत कथा विधा राख्दा लोक कथा-१, ऐतिहासिक कथा २, र बालमनोवैज्ञानिक कथा ३ छनोट गर्नु पर्ने निर्देशन छ । शिक्षण सिकाइ क्रियाकलापमा कथा विधा शिक्षण गर्दा कथाश्रवण, कथाकथन, कथा निर्माण, मौनपठन, पठनबोध, प्रश्नोत्तर, बुँदा टिपोट, व्याख्या, सारांश जस्ता क्रियाकलाप अपनाउनु पर्ने उल्लेख छ । मूल्याङ्कन गर्दा मूल्याङ्कनका निर्णयात्मक र निर्माणात्मक साधन अपनाउनु पर्ने भनी त्यसको मूल्याङ्कन अङ्कभार निर्धारण पनि गरिएको छ । जुन अन्य विधामा समावेश विकल्प सहित ३० अङ्क कायम गरिएको छ । यसलाई तालिकाबाट अझ प्रष्ट पार्न सकिन्छ :

तालिका : ३

पाठ्यक्रम र पाठ्य पुस्तकमा कथा विधाको प्रस्तुतिक्रम

| क्र.सं. | पाठ्यक्रमको क्रम | क्र.सं. | पाठ्य पुस्तकमा भएको क्रम |
|---|---|---|---|
| १ | लोक कथा | १ | लोक कथा |
| २ | ऐतिहासिक कथा | २ | बालमनोवैज्ञानिक कथा |
| ३ | बालमनोवैज्ञानिक कथा | ३ | ऐतिहासिक कथा |

उपयुक्त तालिका ३ मा पाठ्यक्रमले निर्देशन गरेको क्रम क्रमशः लोक कथा, ऐतिहासिक कथा र बालमनोवैज्ञानिक कथा देखिन्छ भने पाठ्य पुस्तकको क्रम चाहि क्रमशः

लोक कथा, बालमनोवैज्ञानिक कथा र ऐतिहासिक कथा देखिन्छ । यसबाट पाठ्यक्रमले निर्देशन गरे अनुरूप पाठ्य पुस्तकमा क्रम नमिलेकाले पाठ्यक्रम अनुरूप क्रम मिलाउनु पर्ने देखिन्छ ।

कक्षा नौ को पाठ्यक्रम र पाठ्य पुस्तकमा रहेका कथा विधालाई विश्लेषण गर्दा पाठ्यक्रमले तोकेको विधा क्षेत्र अनुरूप कक्षा नौ मा कथाहरू समाविष्ट देखिन्छन् । कथा विधा अन्तर्गत लोक कथामा 'शिशिर र वसन्तको' कथा, ऐतिहासिक कथामा 'खड्ग बहादुर' र बालमनोवैज्ञानिकमा 'भविष्य निर्माण' कथा पाठ्यक्रम अनुरूप नै राखिएका पाइन्छन् । पाठ्यक्रमले तोकेको क्रम अनुरूप कथा वितरण चाहि पाइँदैन । त्यस कारण पाठ्यक्रम अनुरूप राख्नु पर्ने देखिन्छ । 'खड्ग बहादुर' ऐतिहासिक कथा दोस्रो क्रममा र बालमनोवैज्ञानिक कथा 'भविष्य निर्माण' तेस्रो क्रममा राख्नु पर्ने देखिन्छ । पाठ्यक्रममा राखिएका सुनाइ, बोलाइ, पढाइ, लेखाइका सबै विशिष्ट उद्देश्यहरू कथा शिक्षणबाट मात्र हासिल गर्न नसकिए पनि सुनाइ, बोलाइ सिप अन्तर्गतका २,३,५,७,८ पढाइ सिप अन्तर्गका १,२,४,५ र लेखाइ सिप अन्तर्गतका १,४,५,८,९ क्रम सङ्ख्याका विशिष्ट उद्देश्य प्रत्यक्ष रूपमा हासिल हुने खालका देखिन्छन् । कथाको मूल्याङ्कनका लागि छुट्टै अङ्कभार नछुट्याइनु यसको कमजोर पक्ष मानिन्छ । कथासँग सम्बन्धित विशेष विद्यार्थीका लागि शिक्षण क्रियाकलाप र मूल्याङ्कनका साधनको भने पाठ्य पुस्तकमा व्यवस्था नभएको पाइन्छ तर पाठ्यक्रममा भने निर्देशन मात्र गरिएको छ ।

समग्रमा पाठ्यक्रम अनुरूप कक्षा ८ र ९ का पाठ्यपुस्तकको अनुरूपता मध्यम खालको देखिन्छ । पाठ्य पुस्तकले पाठ्यक्रमको पूर्ण रूपमा अनुसरण गर्न सकेको छ भन्न सकिने अवस्था छैन ।

## ३.४ विषयवस्तुको क्षेत्र

क्षेत्र भन्नाले विधाले ओगटेको स्थान भन्ने बुझिन्छ । कथा विधाको क्षेत्र निर्धारण गर्दा एकै किसिमका कथाहरू पाठ्यक्रममा राखिनु हुन्न । यसले पाठ्यक्रमका उद्देश्यहरू पुरा गर्न सक्दैन् । त्यसैले विविध क्षेत्रबाट विषयवस्तु सङ्कलन गर्नु पर्छ । यो नै सवल

पाठ्यक्रमको गुण मानिन्छ । कक्षा ८ र ९ का पाठ्य पुस्तकका सम्बन्धमा पाठ्यक्रमले निम्न क्षेत्र निर्धारण गरेको छ :

### ३.४.१ लोक कथा

लोक कथामा रहेका रोमाञ्चित, अलौकिक, तिलसमी तथा जादुगरी घटनाहरूले गर्दा विद्यार्थीको ध्यान शिक्षणप्रति केन्द्रित गर्न सहयोग पुग्छ । यस्ता घटनाहरूले विद्यार्थीहरूमा शिक्षणप्रति रूचि जगाउने, सक्रिय सहभागिता गराउने, समूहमा छलफल गर्ने, एक आपसमा विचार आदान प्रदान गर्ने तथा सकारात्मक धारणाको सिप विकास गर्नमा सहयोग पुऱ्याउन सक्ने हुन्छन् । यिनबाट भाषिक सिपमा दक्षता प्राप्त गर्न पनि सहयोग पुग्छ । यस्ता विषयवस्तुबाट कथा कथन गर्न, कथा निर्माण गर्न, प्रत्येक पात्रका हाउभाउ सहित अनुकरण गर्न, अभिव्यक्ति र विचार स्पष्ट, शुद्धसँग व्यक्त गर्न आदि सिपको विकास गर्न सकिन्छ । त्यसका साथै कथामा प्रयोग भएका कठिन शब्दको उच्चारण, अर्थ बोध र प्रयोग गरी शब्दभण्डार क्षमता वृद्धि गर्नमा सहयोग पुग्न सक्छ । यस्ता कथाहरू राख्दा विद्यार्थीको रूचि, स्तर, उमेर तथा विकासात्मक अवस्थालाई ध्यान दिनु पर्ने हुन्छ । कक्षा आठको 'खसीको तौल' र कक्षा नौको 'शिशिर र वसन्त' रूचिपूर्ण भएर पनि आठ पेज सम्म लामो भएकाले कथाको विषयवस्तु, संरचना बुझाउन असजिलो तथा विद्यार्थीलाई पट्यार लाग्ने देखिन्छ ।

### ३.४.२ ऐतिहासिक कथा

यस्ता कथाहरूले विद्यार्थीमा राष्ट्रप्रति निभाउनु पर्ने जिम्मेवारी र दायित्वको बोध गराउन सहयोग पुऱ्याउन सक्छ । आफ्नो राष्ट्रको सामाजिक, सांस्कृतिक, राष्ट्रिय गौरब, राष्ट्रिय एकता, स्वतन्त्रता तथा समावेसी अवसर जस्ता कुराहरूको विकास गराउनमा मद्दत पुग्न सक्छ । 'खड्ग बहादुर' कथाले यस्तै राष्ट्रिय स्वाभिमानप्रति आँच आउने तथा समसामयिक सन्दर्भको घटनालाई प्रस्तुत गरेको छ । जसले गर्दा अपराधि उम्कन सक्दैनन । त्यसैगरी 'घरझगडा' कथाले राष्ट्रिय एकताको आवश्यकता महसुस भएको कुरा प्रस्तुत गरेको पाइन्छ । जुन अहिलेको प्रमुख आवश्यकता हो । यस्ता विषयवस्तुले विद्यार्थीमा आफ्ना विचार मौखिक तथा लिखित रूपमा शुद्ध स्पष्टसँग अभिव्यक्त गर्न, घटना

विषयवस्तु र अवस्था बुझी, शुद्धसँग बुँदा टिपोट गर्न, मुख्य-मुख्य कुरा लेख्न र सारांश लेख्न सिपमा सहयोग पुऱ्याउन सक्छ । घटनाको क्रम मिलाउने, छलफल, वादविवाद, कुराकानी गर्ने जस्ता भाषिक सिप विकासमा सहयोग पुऱ्याउन सक्छ । साथै तर्क-विर्तक खण्डनमण्डन गर्ने जस्ता भाषिक सिपहरू विकास हुन सक्छन् । पाठ्य पुस्तकमा समसामयिक सन्दर्भ सुहाउँदा घटनामा आधारित कथाहरू राखि दिए अझै उपयुक्त हुन्थ्यो ।

## ३.४.३ बाल मनोवैज्ञानिक कथा

यस्ता कथाले बालबालिकाको इच्छाशक्ति जगाउने, उत्प्रेरणा प्रदान गराउने तथा आत्मबल बढाउन सहयोग पुग्न सक्छ । जसका कारण विद्यार्थीले राम्रा नराम्रा पक्षको आँकलन गरी सकारात्मक धारणाको विकास हुन सक्छ । उनीहरूको मानसिकता, रूचि, आवश्यकता तथा अवस्था बुझी शिक्षण गर्दा भाषिक सिप सुनाइ, बोलाइ, पढाइ तथा लेखाइमा दक्ष बनाउन सकिन्छ । उनीहरूका आफ्ना विचार, भावना र धारणा लिखित तथा मौखिक रूपमा शुद्ध स्पष्टसँग व्यक्त गर्ने बानीको विकास गर्न, विभिन्न विषयका बारेमा सारांश लेख्न, बुँदा टिपोट गर्न, लिखित तथा मौखिक रूपमा वर्णन गर्न, क्रियाकलापमा सक्रिय सहभागिता लिई छलफल गर्न, वादविवाद, संवाद तथा कुराकानी गर्ने सिपहरूको विकास गराउन सकिन्छ । यस्ता कथाहरू स्तरण तथा वितरण गर्दा पुनः विचार पुऱ्याउनु पर्ने देखिन्छ किनकि युद्धको कुरा आउनु, सन्ध्याको प्रश्नको प्रतिक्रिया नआउँदै कथा टुङ्गिनु जस्ता कारणले विद्यार्थीमा नकारात्मक धारणाको विकास हुन सक्छ । त्यस कारण कथाको विषयवस्तु चयन गर्दा ध्यान पुऱ्याउनु पर्ने देखिन्छ ।

## ३.४.४ पौराणिक कथा

यस्ता कथाहरूले विद्यार्थीमा असल बानीको विकास गराउनुका साथै आफ्नो संस्कृति, रितिरिवाज, संस्कार, परम्परा भेषभूषा जस्ता कुराको ज्ञानबोध गराउन सक्छ । यसले एक अर्कोलाई आफ्ना विविध कुराको आदान प्रदान गर्दा कुराकानी, वादविवाद छलफल, संवाद तथा लिखित, मौखिक रूपमा व्यक्त गर्ने भाषिक सिपको विकास हुन सक्छ । सन्दर्भ अनुसार कठिन शब्द र उखान टुक्काको अर्थ प्रयोग तथा उच्चारण गर्ने सिपको विकास गराउन सकिन्छ । साथै सांस्कृतिक सम्पदाकको संरक्षण र जगेर्ना गर्ने र

गराउने सिपको विकास गराउन सहयोग पुग्ने देखिन्छ । कथाहरू स्तरण र वितरण गर्दा विद्यार्थीको अवस्थालाई बुझेर गर्नुपर्ने देखिन्छ । 'उपमन्युको परीक्षा' कथामा गुरुले कडा परिधिमा राखेर आधारभूत आवश्यकता समेत उपभोग गर्न नदिनु तथा त्यसैको लागि भौतारिदा आँखाको ज्योति समेत गुमाउनु र इनारमा फस्नु जस्ता दुःखपूर्ण घटनाले विद्यार्थीमा नकारात्मक सोचको विकास हुन सक्छ ।

## ३.४.५ नीतिकथा

यस्ता कथाबाट विद्यार्थीमा सद्भाव, सहयोगीपन, सत्मार्गको विकास गराउन सकिन्छ । यसका साथै भाषिक सिप विकास गराउन, त्यस्ता कुराहरूमा छलफल, वादविवाद, कुराकानी गराउन सकिन्छ । आफ्नो विचार, भावनालाई मौखिक तथा लिखित रूपमा अभिव्यक्त गर्ने, सन्दर्भ अनुसार शब्द, उखानटुक्का तथा वाक्यहरूको प्रयोग गर्ने, बुँदा टिपोट, सारांश लेखन, मुख्य मुख्य कुरा भन्नु, तार्किक रूपमा आफ्नो विचार व्यक्त गर्न, देखे सुनेका वस्तु, घटनाका बारेमा अभिव्यक्ति दिन आदि जस्ता भाषिक सिपहरूको विकास गराउन सकिन्छ । विद्यार्थीको स्तर, रूचि अनुरूप 'नुनको सोझो' कथा उपयुक्त नै मानिन्छ । अझै समसामयिक विविध सामाजिक अपराधका घटनाहरूलाई निर्मूलीकरण गरिएका विषयवस्तु भएका कथा पाठ्य पुस्तकमा राखिदिएको भए उपयुक्त हुन्थ्यो ।

# अध्याय : चार
# कथाको अध्ययन तथा विश्लेषण

यस अध्याय अन्तर्गत कक्षा आठ र कक्षा नौ का पाठ्य पुस्तकमा समाविष्ट कथाहरुको भाषिक सिप र अभ्यासगत, पक्षका साथै तिनको उपयुक्तता हेरिएको छ । विद्यार्थीको स्तर, रुचि अनुरुप कथाहरुको छनोट र स्तरण सम्बन्धी पक्ष पनि विश्लेषण गरिएको छ ।

## ४.१ कक्षा आठका कथाहरुको भाषिक सिप र अभ्यासहरूको अध्ययन

भाषा शिक्षण भाषिक सिपसँग सम्बन्धित शिक्षण भएकाले यसका विषयवस्तुलाई गौण रुपमा लिइन्छ । भाषाका भाषिक सिप सुनाइ, बोलाइ, पढाइ र लेखाइको सिप विकास गर्नु नै भाषा शिक्षणको उद्देश्य हो । विचारको आदान-प्रदान गर्न यी चारवटा आधारभूत तत्त्वहरुको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । यी सिपहरु एक आपसमा सम्बद्ध भई अगाडि बढेका हुन्छन । सुनाइ र बोलाइ सिप प्रारम्भिक तथा अनौपचारिक रूपमा पनि अगाडि विकास भई रहेका हुन्छन् भने पढाइ र लेखाइ उत्तरवर्ती सिप तथा औपचारिक अध्ययनपछि मात्र विकास हुने भएकोले जटिल सिप मानिन्छन् ।

कक्षा आठ र नौ का नेपाली पाठ्य पुस्तकामा समाविष्ट कथाहरुबाट पाठ्यक्रमले निर्धारण गरेका साधारण, तहगत तथा सुनाइ, बोलाइ, पढाइ र लेखाइका विशिष्ट उद्देश्यहरु कुन कुन के कति मात्रामा हासिल गर्न सक्छन्, यी सबै सिप कथाबाट के-कति मात्रामा हासिल हुन सक्छन्, के सबै भाषिक सिप उपयुक्त खालका छन्, के कथा शिक्षणबाट सबै सिप हासिल हुन सक्छन् । कथा शिक्षणका लागि अन्य विशिष्ट उद्देश्य निर्धारण गर्न आवश्क छ भन्ने जस्ता कुराको स्पष्टीकरण तथा व्याख्या विश्लेषण यहाँ प्रस्तुत गरिएको छ ।

भाषाशिक्षणमा अभ्यासको महत्त्वपूर्ण स्थान रहन्छ । दक्षता हासिल गर्न अभ्यासको अति आवश्यकता हुन्छ । कुनै विषयमा निपुर्णता प्राप्त गर्नका लागि अभ्यासको आवश्यक भए झै भाषिक सिप हासिल गर्न पनि अभ्यासको आवश्यकता पर्छ । सुनाइ, बोलाइ, पढाइ

र लेखाइ सिप अभ्यासविना प्राप्त गर्न सकिंदैन । अभ्यास कुनै पनि कामको वारम्वारता, आवृत्ति भएकाले सुन्ने, बोल्ने, पढ्ने तथा लेख्ने सिप हासिल गर्न निरन्तर अभ्यास गर्नु पर्दछ । भाषा सिकाइलाई व्यवहार उपयोगी, परिष्कृत, तथा विशिष्ट बनाउन भाषा शिक्षण अभ्यासमुखी हुनै पर्छ ।

यी कथाहरुका अभ्यासहरुले पाठ्यक्रमले राखेका विशिष्ट उद्देश्यहरु कति हदसम्म हासिल गराउन सक्छन्, कथाको विषयवस्तु र अभ्यास विचको सम्बन्ध कस्तो छ, उद्देश्य अनुरुप विषयवस्तु र विषयवस्तु अनुरुप अभ्यासको सम्बन्ध कस्तो छ भन्ने जस्ता कुराको विश्लेषण गर्नु उपयुक्त हुन्छ । अतः यस अध्ययनमा उक्त कुराको व्याख्या विश्लेषण गरिएको छ । त्यसका साथै ती अभ्यासहरु विद्यार्थीको स्तर, रुची, क्षमता अनुरुप सरल, मध्यम तथा के कस्ता छन् । कस्ता खालका अभ्यासहरु राख्दा उपयुक्त हुन्थ्यो भन्ने सम्बन्धमा स्पष्ट पारिएको छ ।

कक्षा आठका कथाहरुबाट भाषिक सिप सुनाइ ,बोलाइ,पढाइ र लेखाइका विशिष्ट उद्देश्य कुन-कुन हासिल गर्न सकिन्छ । अभ्यास र विषयवस्तु अनुरुप कस्ता क्रियाकलाप राखिएका छन् । ती अभ्यासले कतिसम्म भाषिक सिप हासिल गराउन सक्दछन् आदि कुरा तलको विश्लेषणबाट प्रष्ट पार्न सकिन्छ ।

'खसीको तौल' कथाको पाठका अन्त्यमा दिइएका अभ्यासका प्रकारहरू प्रस्तुत गरिएका छन् । अभ्यासका क्रियाकलापबाट कुन कुन भाषिक सिप क्षेत्रका विशिष्ट उद्देश्यहरू हासिल गर्न सहयोग पुगेको छ भन्ने कुरा तालिकाबाट प्रष्ट पार्न सकिन्छ :

तालिका : ४

खसीको तौल कथा र अभ्यासको विश्लेषण

| भाषिक सिप | विशिष्ट उद्‌देश्य | अभ्यासहरू |
|---|---|---|
| सुनाइ/बोलाइ | - ध्वनिको भिन्नता पहिचान गर्न<br>- अरुका कुरा बुझी आफ्नो शब्दमा व्यक्त गर्न<br>- आनन्द लिने गरी सुन्न र प्रतिक्रिया दिन<br>- मौखिक अभिव्यक्ति दिन<br>- वर्णन गर्न, छलफल गर्न र निष्कर्ष निकाल्न<br>- शब्दको अर्थ बताउन | - सङ्क्षिप्त मौखिक उत्तर देऊ<br>- छलफल गर<br>- शब्दको अर्थ भन |
| पढाइ | - सस्वरवाचन गर्न,शब्दभण्डार वृद्धि गर्न<br>- कठिन शब्दको शुद्‌ध र स्पष्ट उच्चारण गर्न<br>- अनुच्छेद पढी उत्तर दिन | - सस्वरवाचन गर<br>- शुद्‌ध उच्चारण गर |
| लेखाइ | - शब्द वाक्यमा प्रयोग गर्न,<br>- घटनाक्रम मिलाउन ,<br>- सारांश लेख्न, भविष्यत कालका वाक्य बनाउन,<br>- वचन, लिङग, आदर अनुरुप वाक्य बनाउन, | - शब्दको वाक्यमा प्रयोग गर<br>- सङ्क्षिप्त लिखित उत्तर लेख<br>- सारांश लेख<br>- पदसङगति अनुरुप वाक्य बनाऊ<br>- भूत, भविष्य र सम्भावानार्थ पक्ष अनुरुप वाक्य बनाऊ |

उपयुक्त तालिका ४ बाट पाठ्यक्रमले निर्धारण गरेका सुनाइ बोलाइ क्षेत्रका उद्‌देश्यहरु कथा शिक्षणबाट बढी हासिल हुने देखीए पनि अभ्यास खण्डका क्रियाकलाप कम भएको देखिन्छ । पढाइ सिप अर्न्तगत पनि अभ्यास खण्डका क्रियाकलापले उद्‌देश्य पुरा गर्न सक्ने स्थिति छैन् । लेखाइ सिप अर्न्तगत भने अभ्यास खण्डले उद्‌देश्य हासिल गर्ने देखिन्छ । उद्‌देश्य अनुरुप अभ्यास खण्डमा क्रियाकलाप थपेपछि मात्र भाषिक सिपको विशिष्ट उद्‌देश्य हासिल हुने देखिन्छ ।

'मनु' कथामा भाषिक क्षेत्रका विशिष्ट उद्‌देश्यहरू हासिल गर्न अभ्यास खण्डका क्रियाकलाप कसरी राखिएका छन् । ती कुराहरू तलका तालिकामा व्याख्या र विश्लेषण गरिएको छ :

तालिका : ५

मनु कथा र अभ्यासको विश्लेषण

| भाषिक सिप | विशिष्ट उद्देश्य | अभ्यासहरू |
|---|---|---|
| सुनाइ/बोलाइ | - मौखिक अभिव्यक्ति दिन,<br>- संवाद गर्न,छलफल गर्न,कुराकानी गर्न<br>- आफुले लेखेका कथा प्रस्तुत गर्न<br>- मौखिक रुपमा कथाको भाव व्यक्त गर्न<br>- मौखिक रुपमा सङ्क्षिप्त उत्तर दिन | - सङ्क्षिप्त उत्तरात्मक प्रश्नको उत्तर देऊ<br>- छलफल गर<br>- भाव स्पष्ट पार |
| पढाइ | - अनुच्छेद पढी मुख्य मुख्य कुरा बताउन<br>- लेख्य चिह्नको पहिचान गर्न<br>- शब्दभण्डारको वृद्धि गर्न | - पाठमा प्रयोग भएका चिह्न पहिचान गर<br>- अनुच्छेद पढी उत्तर देऊ<br>- वाक्यका पक्षको पहिचान गर |
| लेखाइ | - वाक्यमा प्रयोग गर्ने<br>- लेख्य चिह्नको उपयुक्त प्रयोग गर्न<br>- कथा लेखन गर्न<br>- लिखित रुपमा कथाको भाव पुष्टि गर्न | - शब्दको वाक्यमा प्रयोग गर<br>- चिह्नको प्रयोग गर<br>- पूर्ण अभ्यस्त पक्षको प्रयोग गरी वाक्य निर्माण गर<br>- कथा लेखन गर (सिर्जनात्मक अभ्यास) |

उपयुक्त तालिका ५ हेर्दा भाषिक सिप अर्न्तगत लेखाइ र पढाइका लागि निर्धारण गरेका उद्देश्यहरु कथाबाट हासिल भएपनि सुनाइ बोलाइका अभ्यासात्मक क्रियाकलाप कम देखिन्छ । सुनाइ र बोलाइका उद्देश्यहरु हासिल गर्न अभ्यास खण्डमा अझै क्रियाकलाप थप्दा उपयुक्त हुने देखिन्छ । अझै यसमा शब्दभण्डार वृद्धि गर्ने क्रियाकलाप धेरै कम भएको  मान्न सकिन्छ ।

'उपमन्युको परीक्षा' कथाका अभ्यासको विश्लेषण तलका तालिकाबाट प्रष्ट्याइएको छ :

तालिका : ६

उपमन्युको परिक्षा कथा र अभ्यासको विश्लेषण

| भाषिक सिप | विशिष्ट उद्देश्य | अभ्यासहरू |
|---|---|---|
| सुनाइ/बोलाइ | - ध्वनि पहिचान गरी स्पष्ट र शुद्ध उच्चारण गर्न<br>- संवाद र कुराकानी गर्न<br>- वर्णन गर्न | - शब्दको शुद्धसंग उच्चारण गर<br>- वर्णन गर<br>- सङ्क्षिप्त प्रश्नोत्तर |
| पढाइ | - सस्वरवाचन गर्न<br>- शब्दभण्डारको वृद्धि गर्न | - वस्तुगत प्रश्न |
| लेखाइ | - वाक्यमा प्रयोग गर्न<br>- सप्रसङ्ग व्याख्या गरी लेख्न<br>- वाक्य परिवर्तन गर्न<br>- सहि विकल्प लिखित रुपमा छनोट गर्न | - शब्दको वाक्यमा प्रयोग<br>- सप्रसंग व्याख्या गर<br>- वाक्य परिवर्तन गर<br>- कथा लेखन, वस्तुगत प्रश्न |

माथिको तालिका ६ लाई विश्लेषण गर्दा यस कथाबाट विद्यार्थीमा भाषिक सिपका सुनाइ, बोलाइ र लेखाइ सिपमा बढी जोड दिएको पाइन्छ । अभ्यासका खण्डले भाषिक सिपका क्षेत्रलाई ओगटेपनि पढाइ सिप विकास गर्न भन्ने त्यति ध्यान दिएको पाइँदैन । सिर्जनात्मक अभ्यासमा कथा लेखन राखिए पनि अभ्यासमा प्रयोगात्मकताको कमी देखिन्छ । पढाइ सिप हासिल हुने खालका अभ्यास खण्डमा क्रियाकलाप थप्नु पर्ने देखिन्छ ।

'घरझगडा' कथाको पाठका अन्त्यमा दिइएका अभ्यासका प्रकार प्रस्तुत गरिएको छ । यी अभ्यास क्रियाकलापबाट भाषिक सिप क्षेत्रका उद्देश्यहरू हासिल गर्न सहयोग पुगे नपुगेको तालिकाबाट प्रष्ट पार्न सकिन्छ :

तालिका : ७

घरझगडा कथा र अभ्यासको विश्लेषण

| भाषिक सिप | विशिष्ट उद्देश्य | अभ्यासहरू |
|---|---|---|
| सुनाइ/बोलाइ | - मौखिक रुपमा व्याख्या गर्न<br>- छलफल गर्न<br>- कुराकानी गर्न | - छलफल गर्ने कार्य<br>- कसले कसलाई भनेको हो<br>- सङ्क्षिप्त प्रश्नोत्तर सम्बन्धी अभ्यास |
| पढाइ | - सस्वरवाचन गर्न<br>- पठन बोध गर्न<br>- मुख्य कुरा पढेर बताउन<br>- अभ्यस्त, अज्ञात पक्षका वाक्यको भाव बुझ्न<br>- शब्द भण्डार वृद्धि गर्न | - सस्वरवाचन गर<br>- कसले कसलाई भनेको हो पत्ता लगाउन<br>- अनुच्छेद पढ र बुझ<br>- मध्यम आदर प्रयोग भएका क्रियापद खोजेर कापीमा लेख |
| लेखाइ | - वाक्यमा प्रयोग गर्न<br>- क्रियापद खोजी लेख्न<br>- अभ्यस्त र अज्ञात पक्षका क्रियापद लेख्न<br>- लिखित प्रतिक्रिया दिन | - वाक्यमा प्रयोग गर्ने अभ्यास<br>- आदरार्थी क्रियापदको खोज गरी लेख<br>- अज्ञात र अभ्यस्त पक्ष बुझाउने क्रियापदको खोज गरी टिपोट गर<br>- सिर्जनात्मक अभ्यासमा लेख तयार पारी कक्षामा सुनाऊ |

यो तालिका ७ अध्ययन विश्लेषण गर्दा विशिष्ट उद्देश्य अनुरुप कथाका अभ्यास खण्ड उपयुक्त भएपनि अभ्यासहरुचाहिँ प्रयोगात्मक भएको पाइँदैन । त्यसैले अभ्यासलाई बढी प्रयोगात्मक बनाउनु आवश्यक  देखिन्छ ।

'नुनको सोझो' कथामा भएका अभ्यासहरूको विश्लेषण तलका तालिकाबाट प्रष्ट्याइएको छ :

तालिका : ८

नुनको सोझो कथा र अभ्यासको विश्लेषण

| भाषिक सिप | विशिष्ट उद्देश्य | अभ्यासहरू |
|---|---|---|
| सुनाइ/बोलाइ | - ध्वनि पहिचान गरी शुद्ध उच्चारण गर्न<br>- मौखिक रुपमा अभिव्यक्ति दिन<br>- छलफल गर्न ,कुराकानी गर्न | - छलफल गर<br>- शब्दको अर्थ भन |
| पढाइ | - शब्द भण्डार वृद्धि गर्न<br>- पठन बोध गरी प्रतिक्रिया दिन<br>- सन्दर्भ अनुसार उखान टुक्काको प्रयोग गर्न | - अनुच्छेद सस्वरवाचन गरी पढ<br>- शब्दको उच्चारण गर<br>- अव्ययको परिभाषा पढ र बुझ |
| लेखाइ | - शुद्धसँग लेख्न<br>- लिखित रुपमा अभिव्यक्ति दिन<br>- लिखित रुपमा भावविस्तार गर्न<br>- कथा लेखन गर्न<br>- शब्दको वाक्यमा प्रयोग गर्न | - सच्याएर लेख्ने अभ्यास<br>- शब्दको वाक्यमा प्रयोग गर<br>- जोडा मिलाउने क्रियाकलाप<br>- पाठबाट अव्यय खोजी लेख्ने अभ्यास<br>- अव्ययका किसिम छुट्टयाएर लेखन कार्य<br>- कथा लेखन कार्य |

यस कथाबाट भाषिक सिपका सुनाइ/बोलाइका विशिष्ट उद्देश्यहरु अभ्यास खण्डको क्षेत्रले कम ओगटेको पाइन्छ । यसमा शब्दभण्डार वृद्धिका लागि उपयुक्त क्रियापलाप अभ्यासमा राखिएका पाइन्छन् । सुनाइ/बोलाइका लागि अभ्यास खण्डमा क्रियाकलाप थप्नु पर्ने देखिन्छ ।

माथिको तालिकाबाट के स्पष्ट हुन्छ भने कक्षा आठमा समाविष्ट कथा विधाबाट भाषिक सिपका अधिकांश उद्देश्यहरु हासिल गर्न सकिन्छ । यी कथाबाट विद्यार्थीमा सुनाइ बोलाइ तर्फका उद्देश्यहरुमा ध्वनिको पहिचान, वर्णन, छलफल, अभिव्यक्ति दिन, लिखित लेख प्रस्तुत गर्न, स्पष्ट, शुद्ध उच्चारण गर्न, मौखिक रुपमा व्याख्या, छलफल कुराकानी गर्ने भाषिक सिपहरु हासिल गर्न सकिन्छ । सोही सिप हासिल गर्नका निम्ति अभ्यासात्मक क्रियाकलापमा विषयवस्तु अनुरुपको कार्यकलाप राखिएका छन् । त्यसै गरी पढाइ सिप विकास गर्न पनि कथाले महत्त्वपूर्ण स्थान ओगटेको देखिन्छ । प्रत्येक कथाले सस्वर वाचन

गर्न ,अनुच्छेद पढी उत्तर दिन, शब्द भण्डारको वृद्धि गर्न, अनुच्छेदबाट मुख्य मुख्य कुरा बुझी बताउन, लेख्य चिह्नको पहिचान गर्न, पठन बोध गर्न र सन्दर्भ अनुसार उखान टुक्काको प्रयोग गर्ने जस्ता भाषिक सिप विकास गर्न सहयोग पुगेको देखिन्छ । त्यसै गरी अभ्यासात्मक क्रियाकलापमा पढाइ सिपको विकास गर्न विषय अनुरुप क्रियाकलाप दिएको पाइन्छ । अन्य सिपभन्दा लेखाइ सिपको विकासमा कथा त्यसको विशिष्ट उद्देश्य र अभ्यास उपयोगी रहेको पाइन्छ ।

कक्षा आठका कथाहरुबाट सबै सिप हासिल गर्ने अपेक्षा राख्न सकिँदैन । यहाँ उखान टुक्का कम प्रयोग भएको पाइन्छ । शब्दभण्डार वृद्धि गर्नमा शब्दकोशलाई जोड दिएको पाइँदैन । सुनाइ र बोलाइलाई भाषिक सिपका आधारभूत तत्त्व माने पनि अलग अलग उद्देश्य राखिएका छैन्न । प्रत्येक कथाका विषयवस्तु अनुरुप सिर्जनात्मक अभ्यास राखिए पनि सामान्य रुपमा रहेको देखिन्छ । लेख्य चिह्नको प्रयोग सम्बन्धी निकै कम क्रियाकलापको राखिएको देखिन्छ । विषयवस्तु अनुरुप व्याकरण सिकाउन खोजिए पनि क्रियाकलाप कम भएको देखिन्छ । प्रयोगात्मक क्रियाकलापभन्दा पनि बढी सैद्धान्तिक क्रियाकलापमा जोड दिएको पाइन्छ ।

यसरी समग्रमा भन्नु पर्दा विषयवस्तु अनुरुप सिर्जनात्मक क्रियाकलाप बढी दिनु पर्ने, व्याकरणका प्रयोगात्मक क्रियाकलाप अभ्यासमा दिनु पर्ने, लेख्य चिह्नको क्रियाकलाप गराउँदा बढी अभ्यास दिनु पर्ने, सुनाइ र बोलाइका लागि अलग अलग उद्देश्य निर्धारण गर्नु पर्ने, शब्दभण्डारको वृद्धि गर्न शब्दकोशको प्रयोगमा जोड दिनु पर्ने आदि कुराहरुमा विशेष ख्याल गरिनु योग्य देखिन्छन् । विद्यार्थीका स्तर अनुरुप अभ्यासात्मक क्रियाकलाप त्यति जटिल नभए पनि प्रयोगात्मक कार्य तथा सिर्जनात्मक कार्यमा ख्याल गर्नु पर्ने देखिन्छ । व्याकरण शिक्षण गर्दा बढी भन्दा बढी अभ्यासको आवश्यकता पर्ने भएकाले व्याकरण अभ्यास प्रयोगात्मक बनाउनुका साथै पुनरावृत्तिमा पनि ध्यान दिनु पर्ने देखिन्छ ।

## ४.२ कक्षा नौका कथाहरूको भाषिक सिप र अभ्यास खण्डको विश्लेषण

यस खण्डमा कक्षा नौ का पाठ्य पुस्तकमा प्रयुक्त कथा विधाले भाषिक सिपका कुन कुन विशिष्ट उद्देश्य हासिल गर्न सहयोग गरेको छ, विशिष्ट उद्देश्य अनुरुप कथाका

विषयवस्तु, विषयवस्तु अनुरुप अभ्यासको सम्बन्ध के-कस्तो रहेको छ भन्ने जस्ता कुरामा अध्ययन विश्लेषण गरिएको छ। जुन तलको तालिकाबाट अझ स्पष्ट पार्न सकिन्छ।

'शिशिर र वसन्तको कथा' को अन्त्यमा दिएका अभ्यासहरूले भाषिक सिप क्षेत्रका कुन कुन विशिष्ट उद्देश्यहरू हासिल गराउन सहयोग पुगेको छ भन्ने कुरा तलको तालिकाबाट प्रष्ट पार्न सकिन्छ :

तालिका : ९
शिशिर र वसन्तको कथा र अभ्यासको विश्लेषण

| भाषिक सिप | विशिष्ट उद्देश्य | अभ्यासहरू |
| --- | --- | --- |
| सुनाइ/ बोलाइ | - शब्दहरुको शुद्ध र स्पष्ट उच्चारण गर्न<br>- मौखिक अभिव्यक्ति सुनेर आफ्नो विचार व्यक्त गर्न<br>- सन्दर्भ अनुसार उखान टुक्काको प्रयोग गरी बोल्न<br>- मुख्य मुख्य कुरा आफ्ना शब्दमा भन्न | - शब्दहरुको उच्चारण गर्ने अभ्यास<br>- शब्दको अर्थ बताऊ<br>- सङ्क्षिप्त प्रश्नोत्तर भन्न लगाउने अभ्यास<br>- आफूले सुनेको दन्त्य कथा कक्षामा सुनाउ लगाउने अभ्यास |
| पढाइ | - शुद्ध र स्पष्टसँग सस्वर वाचन गर्न<br>- शब्द भण्डार वृद्धि गर्न<br>- विशिष्ट अंश र पङ्तिको व्याख्या, सप्रसङ्ग<br>- व्याख्या एवम विवेचना गरी पढ्न<br>- मुख्य मुख्य कुरा पढन | - शब्दको उच्चारण गर्ने कार्य<br>-अनुच्छेद पढी नामयोगी रेखाङ्कन गर<br>-अनुच्छेदबाट संयोजक पहिचान गर<br>-अनुच्छेद पढि क्रियायोगी पहिचान गर<br>- अनुच्छेद लेखन ढाँचा पठन बोध अभ्यास<br>- क्रियायोगीका परिभाषा र उदाहरण पठन बोध गर |
| लेखाइ | - सफा र स्पष्टसँग वर्णविन्यास मिलाई लेख्न<br>-बुँदा टिपोट गर्न र सारांश लेख्न<br>-विशिष्ट अंश र पङ्तिको व्याख्या, सप्रसङ्ग एवम् विवेचना गर्न<br>-व्याकरणका आधारभूत नियम पालन गरी लेख्न<br>-शब्द र उखान टुक्काको अर्थ र वाक्यमा प्रयोग गर्न | -वाक्य सच्चाएर लेख्ने अभ्यास<br>-कथासार लेख, मुख्य मुख्य बुँदा टिपोट, संवाद तयार, सङ्क्षिप्त उत्तर लेख्न, विवेचनात्मक उत्तर लेख्न आदि अभ्यासात्मक कार्य<br>- शब्दवर्ग छुट्टयाउन, खाली ठाउँ भर्ने कार्य<br>- उपसर्ग र परसर्ग छुट्ट्याउने कार्य खाली ठाउँ भरी अनुच्छेद पुरा गर्ने कार्य<br>-क्रियायोगीको वर्गीकरण गर्न, रेखाङ्कन गर्न, खाली ठाउँ भर्न, क्रियायोगीलाई वाक्यमा प्रयोग गर्न, अनुच्छेद तयार आदि अभ्यासात्मक कार्य |

उपर्युक्त तालिका ९ को विश्लेषण गर्दा लेखाइ सिप विकासका लागि निर्धारण गरिएका विशिष्ट उद्देश्यहरु हासिल गर्ने खालका छन् । अन्य सिपभन्दा लेखाइ सिपलाई हासिल गराउने क्रियाकलाप अभ्यास खण्डमा पर्याप्त भएको देखिन्छ । शब्दको उच्चारण, अर्थ, प्रयोग, शब्द वर्ग तथा अन्य क्रियाकलापले शब्द भण्डारको वृद्धि गर्ने सिपमा भने सहयोग पुगेको देखिन्छ । उखान टुक्काको प्रयोग गर्नका लागि अभ्यास खण्डमा निर्देशन चाहिँ छैन । सुनाइ, बोलाइ र पढाइ सिपका विशिष्ट उद्देश्यहरु हासिल गर्न अभ्यास खण्डमा क्रियाकलाप अपुग भएको देखिन्छ । तसर्थ यस कथाबाट सुनाइ, बोलाइ र पढाइ सिप हासिल गराउने अभ्यास खण्डमा क्रियाकलाप अझै थप्नु पर्ने देखिन्छ । त्यसै गरी व्याकरण खण्डमा निर्धारण गरिएका क्रियाकलाप प्रयोगात्मक देखिन्छन् । विद्यार्थीको स्तर क्षमतालाई निरीक्षण गर्दा अभ्यास खण्डमा क्रियाकलाप सामान्यतया उनीहरूलाई भार भएको देखिन्छ । अनुच्छेद लेखनका लागि प्रस्तुत गरिएको थप सन्दर्भ सामाग्री सैद्धान्तिक देखिएकाले अनुच्छेद लेखन शिक्षण गर्दा अझै थप उदाहरणको आवश्यकता पर्ने देखिन्छ ।

'भविष्य निर्माण' कथामा प्रयुक्त अभ्यासात्मक क्रियाकलापले भाषिक सिपका निम्नलिखित उद्देश्यहरू समेटेको तलको तालिकामा प्रस्तुत गरिन्छ :

तालिका : १०

भविष्य निर्माण कथा र अभ्यासको विश्लेषण

| भाषिक सिप | विशिष्ट उद्देश्य | अभ्यासहरू |
|---|---|---|
| सुनाइ/बोलाइ | -अरुका कुरा सुनेर मौखिक अभिव्यक्ति दिन<br>-शुद्ध र स्पष्टसँग उच्चारण गर्न<br>-कुराकानी ,छलफल र आफ्ना विचार व्यक्त गर्न<br>-सन्दर्भ अनुसार उखान टुक्काको प्रयोग गर्न<br>-मुख्य मुख्य कुरा बुझी आफ्ना शब्दमा भन्न | -प्रश्नको मौखिक उत्तर भन्ने कार्य<br>-शुब्द उच्चारण गर्ने अभ्यास<br>-शब्दको अर्थ भन्ने क्रियाकलाप |
| पढाइ | -शुद्ध र स्पष्टसँग सस्वर वाचन गर्न<br>-विशिष्ट अंश व्याख्या, सप्रसङ्ग एवम विवेचना गर्न सक्ने गरी पढ्न<br>-शब्द भण्डार वृद्धि गर्न | -अर्थ भन्न लगाउने कार्य<br>-शब्दको उच्चारण गर्ने अभ्यास<br>-कसले कसलाई भनेको हो<br>-विभिन्न भावका वाक्य र परिभाषा पठन बोध गर्ने अभ्यास<br>-कथा लेखन ढाँचा पठन बोध सम्बन्धी कार्य |
| लेखाइ | -हिज्जे मिलाई सफा र स्पष्टसँग लेख्न<br>-अनुच्छेद लेखन गर्न<br>-बुदा टिपोट गर्न र सारांश लेख्न<br>-शब्द र उखान टुक्काको सन्दर्भ अनुसार प्रयोग गर्न<br>-विशिष्ट अंशहरुको व्याख्या, सप्रसङ्ग र विवेचना गर्न<br>-व्याकरणका आधारभूत नियम पालन गरी लेख्न | -अनुच्छेद पढी विशेष्य र विशेषणको तालिकीकरण गर्ने सम्बन्धी कार्य<br>-शब्दवर्ग छुट्टयाउन लगाउने अभ्यास<br>-सङ्क्षिप्त उत्तर लेखन कार्य<br>-सप्रसङ्ग र विवेचनात्मक उत्तर लेखन, बालकथा लेखन अभ्यासात्मक क्रियाकलाप<br>-शब्दको वाक्यमा प्रयोग गर्ने कार्य<br>-विभिन्न भाव भएका क्रियापदको तालिकीकरण, सङकेतका आधारमा वाक्य परिवर्तन गर्न अभ्यास |

उपर्युक्त तालिका १० को विश्लेषण गर्दा लेखाइ सिपका विशिष्ट उद्देश्यहरु तुलनात्मक रुपमा प्राप्त गर्न बढी सम्भव खालका छन् । यस कथाको अभ्यास खण्डको अध्ययन गर्दा लेखाइ सिपमात्र हासिल गराउने खालको छ । त्यसमा पनि बाल कथा लेखन

र कथा लेखन विधि सैद्धान्तिक रुपमा मात्र प्रयोग भएको देखिन्छ । यसलाई बढी उदाहरण दिएर मात्र क्रियाकलाप गराउँदा अति उत्तम हुन्थ्यो । व्याकरण खण्डको अभ्यास पनि त्यति प्रायोगिक देखिंदैन । त्यस कारण बढी उदाहरणहरु प्रस्तुत गरेको भए अझ स्पष्ट हुन्थ्यो । त्यसैगरी सुनाइ/बोलाइ र पढाइ सिपका विशिष्ट उद्देश्यहरु यसको विषयवस्तुले समेटेको भए पनि अभ्यासात्मक क्रियाकलापमा चाहि त्यति ध्यान पुऱ्याएको पाइँदैन । त्यस कारण यी सिप हासिल गराउनका लागि अभ्यास खण्डमा क्रियाकलाप थप्नु पर्ने देखिन्छ ।

'खड्गबहादुर' कथामा पाठका अभ्यासात्मक क्रियाकलापलाई तालिका ११ मा प्रस्तुत गरिएको छ :

तालिका : ११
खडगबहादुर कथा र अभ्यासको विश्लेषण

| भाषिक सिप | विशिष्ट उद्देश्य | अभ्यासहरू |
|---|---|---|
| सुनाइ/बोलाइ | - शब्दहरुको शुद्ध र स्पष्ट उच्चारण गर्न<br>-सस्वरवाचन गर्न<br>-विभिन्न अभिव्यक्ति सुनी आफ्नो शब्दमा मौखिक अभिव्यक्ति र विचार व्यक्त गर्न<br>-छलफल, कुराकानी गर्न<br>-सन्दर्भ अनसार उखान टुक्काको प्रयोग गर्न<br>-विषयवस्तुका मुख्य मुख्य कुरा बुझि आफ्ना शब्दमा भन्न | -शुद्धसँग उच्चारण गर्ने कार्य<br>-सङ्क्षिप्त उत्तर सम्बन्धी अभ्यास<br>-शब्दको अर्थ भन्न लगाउने कार्य |
| पढाइ | -शुद्ध र स्पष्टसँग सस्वरवाचन गर्न<br>-विशिष्ट अंश व्याख्या, सप्रसङ्ग व्याख्या एवम विवेचना गर्ने गरी पढ्न<br>-शब्द भण्डार वृद्धि गर्न | -शुद्धसँग उच्चारण गर्ने कार्य<br>-शब्दको अर्थ, शब्द निर्माण र आगन्तुक शब्दको पठन आदि सम्बन्धी कार्य<br>-मूल शब्द र व्युत्पन्न शब्द पठन बोध सम्बन्धी अभ्यास |
| लेखाइ | -सफा र स्पष्टसँग लेख्न<br>-अनुच्छेद लेख्न<br>-बुँदा टिपोट गर्न र सारांश लेख्न<br>-विशिष्ट अंश व्याख्या र सप्रसङ्ग व्याख्या एवम विवेचना गर्न<br>-शब्द र उखानटुक्काको प्रयोग गर्न<br>-व्याकरणका आधारभूत नियम पालना गर्न | -सङ्क्षिप्त उत्तरात्मक कार्य<br>-शब्दको वाक्यमा प्रयोग गर्ने अभ्यास<br>-चेलीबेटी बेचबिखनलाई निरुत्साहित गर्न लेख लेखन सम्बन्धी कार्य<br>-सप्रसङ्ग र विवेचनात्मक प्रश्न गर्ने कार्य<br>-शब्द निर्माण, शब्दको वर्गीकरण सम्बन्धी क्रियाकलाप |

माथिको तालिका ११ को अध्ययन विश्लेषण गर्दा लेखाइ सिपका लागि निर्धारण गरिएका विशिष्ट उद्देश्य कथाको विषयवस्तुले पूरा गर्न सक्ने देखिन्छ । समेटेको पाइन्छ । सुनाइ /बोलाइ र पढाइ सिपका लागि निर्धारण गरिएका उद्देश्य अभ्यास खण्डले क्रियाकलाप हासिल गराउन सक्ने भए पनि कम भएको पाइन्छ । त्यस कारण यी सिप हासिल गराउन अभ्यास खण्डमा क्रियाकलाप थप्नु पर्ने देखिन्छ । चेलीबेटी बेचबिखन शीर्षकमा लेख लेखन सम्बन्धी सैद्धान्तिक ज्ञान दिएको भए पनि प्रयोगात्मक अभ्यासको कमी वा अपर्याप्त भएको देखिन्छ ।

समग्रमा कक्षा नौ का कथा विधाबाट लेखाइ सिपका उद्देश्यहरु हासिल हुने खालका भए पनि सुनाइ, बोलाइ र पढाइका लागि निर्धारण गरिएका उद्देश्यका लागि अभ्यास खण्डका क्रियाकलाप कम भएको देखिन्छ । लेखाइका सिप हासिल गर्ने उद्देश्यका लागि अभ्यासात्मक खण्डका क्रियाकलाप उपयुक्त मानिन्छ । यसरी हेर्दा सिर्जनात्मक अभ्यासहरुमा सैद्धान्तिक धारणा बढी भए पनि प्रयोगात्मक अभ्यास अझै थप्नु पर्ने देखिन्छ । अभ्यासमा दिइएका क्रियाकलाप कक्षा आठ उत्तीर्ण गरेका विद्यार्थीलाई कठिन भएको देखिन्छ । 'शिशिर र वसन्तको' कथाका अभ्यास खण्डमा विद्यार्थीको स्तर, क्षमता अनुरुप जटिल र बढी भएको पाइन्छ । यस कथामा व्याकरणका लागि दिइएको उदाहरण प्रर्याप्त भए पनि 'भविष्य निर्माण' कथामा राखिएको व्याकरणको अभ्यास धेरै कम भएको देखिन्छ । शब्दभण्डार वृद्धि गर्न जस्ता विशिष्ट उद्देश्य राखे पनि शब्दकोशको प्रयोग गर्नु पर्ने निर्देशन चाहिँ पाठ्य पुस्तकमा कहिँ पनि दिएको भेटिदैन । शब्दकोशको प्रयोग सम्बन्धी मार्ग निर्देशन पनि उल्लेख गर्नु पर्ने देखिन्छ ।

## ४.३ विद्यार्थीको रूचि र स्तर अनुरूप कथाको विश्लेषण

भाषा पाठ्य पुस्तकमा पाठ्य वस्तु छनोट र स्तर गर्दा विद्यार्थीको उमेर, तह, भाषिक पृष्ठभूमि, क्षमता, रूचि, सिकाइ प्रकृति, उद्देश्य, समय, शैक्षिक तथा मनोवैज्ञानिक पक्षहरूलाई विशेष ख्याल गर्नु पर्छ । त्यसका साथै भाषिका, प्रयोगपरक भेद, शैली माध्यम तथा भाषातत्व भित्रका वर्ण, शब्द, व्याकरण, शब्दभण्डार आदि कुरालाई पनि उचित ध्यान दिनु पर्छ । पाठ्य वस्तुलाई रेखीय र चक्रिय सिद्धान्त अनुरूप राखिनु आवश्यक हुन्छ । माथिका यी कुराहरूले विद्यार्थीको रूचि, स्तरमा प्रभाव पार्ने भएकाले कक्षा आठ र नौका

पाठ्य पुस्तकमा समाविष्ट कथाहरू उपयुक्त छन छैनन् । कथाहरू विद्यार्थीको रूचि र स्तर अनुरूप के कस्ता छन् । कथाका विषयवस्तु के कति उपयुक्त छन् । पाठ्यक्रम अनुरूप कथाको छनोट भएको छ, छैन् । विषयवस्तु र अभ्यासको सम्बन्ध कस्तो छ । संरचनागत जटिलता र भाषिक सिप विकासका दृष्टिले कथा कति उपयोगी छन् आदि कुराहरूका सम्बन्धमा प्रश्नावली मार्फत् शिक्षक, विद्यार्थीबाट सुचना संकलन गरिएका थियो । विद्यार्थी र शिक्षकका प्रतिक्रिया तलको तालिकामा देखाइएको छ ।

तालिका : १२

कक्षा ८ का कथाको रूचिपूर्णता सम्बन्धमा शिक्षक र विद्यार्थीको प्रतिक्रिया

| क्र. सं. | कथा | सहभागी | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | शिक्षकहरूको प्रतिक्रिया | | | विद्यार्थीहरूको प्रतिक्रिया | | |
| | | उच्च | मध्यम | न्यून | उच्च | मध्यम | न्यून |
| १ | खसीको तौल | ७(७०) | ३(३०) | – | ४०(८०) | ५(१०) | ५(१०) |
| २ | मनु | ३(३०) | ४(४०) | ३(३०) | १५(३०) | १५(३०) | २०(४०) |
| ३ | उपमन्युको परीक्षा | ६(६०) | २(२०) | २(२०) | ३५(७०) | १५(३०) | – |
| ४ | घरझगडा | ४(४०) | ३(३०) | ३(३०) | २५(५०) | १२(२४) | १३(२६) |
| ५ | नुनको सोझो | ५(५०) | ४(४०) | १(१०) | ३४(६८) | १६(३२) | – |
| | | | | | | | |

(नोट : कोष्ठ भित्रको अङ्कले प्रतिशतलाई जनाउँछ ।)

उपर्युक्त तालिका १२ अनुसार कथाहरूको रूचिपूर्णता कस्तो छ भन्ने सम्बन्धमा अध्ययनका सहभागी १० जना शिक्षकहरूसँग प्रश्न सोधिएको थियो । १० जना मध्ये 'खसीको तौल' कथा उच्च छ भन्ने ७ जना (७०%) रहे भने ३ जना (३०%) ले मध्यम रहेको बताए र न्यून उच्चता भन्ने कोही भएन । त्यसैगरी 'मनु' कथाका सम्बन्धमा ४ जना (४०%) ले रोचकता मध्यम भएको बताए । बाँकी ३/३ जनाले मध्यम रोचक र न्यून रोचकता भएको बताए । त्यस्तै 'उपमन्युको परीक्षा' कथाका सम्बन्धमा ६ जना (६०%) ले उच्च रोचक रहेको बताए भने २/२ जना (२०/२०%) ले मध्यम र न्यून रूचिपूर्ण रहेको विचार राखेका थिए । 'घरझगडा' कथाको रोचकतामा १० जना मध्ये ४ जना (४०%) ले उच्च रहेको धारणा व्यक्त गरेका थिए भन्ने बाँकी ३/३ जना (३०/३०%) ले मध्यम र न्यून रोचक भएको विचार राखेको थिए । 'नुनको सोझो' कथाका सम्बन्धमा ५ जना (५०%) ले

उच्च रोचक रहेको बताए भने ४ जना (४०%)ले मध्यम रोचक भएको धारणा राखेका थिए । बाँकी १ जना (१०%) ले न्यून रोचक रहेका धारणा व्यक्त गरेका थिए ।

कथाको रूचिपूर्णता सम्बन्धमा विद्यार्थीसँग लिइएको प्रतिक्रिया 'खसीको तौल' मा ४० जना (८०%) ले उच्च रोचक रहेको विचार व्यक्त गरे भने बाँकी २/२ जना (२०%) ले मध्यम र न्यून रोचक रहेको धाराणा राखेका थिए । 'मनु' कथाका सम्बन्धमा १५/१५ जना (३०%) ले उच्च र मध्यम रोचक भएको बताए भने २० जना (४०%) रोचकता न्यून रहेको विचार व्यक्त गरेका थिए । त्यस्तै 'उपमन्युको परीक्षा' कथामा ३५ जना (७०%) ले उच्च रूचिपूर्ण भएको विचार व्यक्त गरे भने १५ जना (३०%) ले मध्यम रहेको व्यक्त गरे । 'घरझगडा' कथा २५ जना (५०%)ले उच्च रोचक भएको धारणा राखेका थिए । बाँकी १२ जना (२४%) ले मध्यम र १३ जना (२६%) ले न्यून रोचक भएको विचार राखेका थिए । त्यस्तै गरी 'नुनको सोझो' कथा सम्बन्धमा ३४ जना (६८%) ले उच्च रोचक रहेको बताएका थिए भन्ने १६ जना (३२%) ले मध्यम रोचक भएको धारणा व्यक्त गरेका थिए ।

उपरोक्त विश्लेषणका आधारमा कक्षा आठका कथाहरूको रूचिपूर्णता 'खसीको तौल', 'नुनको सोझो' र 'उपमन्युको परीक्षाको' उच्च स्तरको भन्न सकिन्छ । 'घरझगडा' मध्यम रोचक र 'मनु' को रूचिपूर्णता सामान्यतः न्यून नै रहेको देखिन्छ ।

तालिका : १३

कक्षा ८ का कथाको विषयवस्तु र संरचनागत उपयुक्तताका सम्बन्धमा शिक्षकको प्रतिक्रिया

| क्र. सं. | कथा | विवरण | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | विषयवस्तुको उपयुक्तता | | | संरचनागत उपयुक्तता | | |
| | | उच्च | मध्यम | न्यून | उच्च | मध्यम | न्यून |
| १ | खसीको तौल | ५(५०) | ३(३०) | २(२०) | ५(५०) | ५(५०) | – |
| २ | मनु | ६(६०) | ३(३०) | १(१०) | ६(६०) | ४(४०) | – |
| ३ | उपमन्युको परीक्षा | ६(६०) | २(२०) | २(२०) | – | ४(४०) | ६(६०) |
| ४ | घरझगडा | ७(७०) | २(२०) | १(१०) | २(२०) | ८(८०) | – |
| ५ | नुनको सोझो | ७(७०) | २(२०) | १(१०) | ३(३०) | ७(७०) | – |

(नोट : कोष्ठ भित्रको अङ्कले प्रतिशतलाई जनाउँछ ।)

कथाको विषयवस्तु र संरचनागत उपयुक्तता सम्बन्धमा शिक्षकसँग लिइएको प्रतिक्रियामा 'खसीको तौल' कथामा ५ जना (५०%)ले विषयवस्तु उच्च रहेको बताए भने ३ जना (३०%) ले मध्यम र २ जना (२०%) ले चाहिं न्यून रहेको विचार व्यक्त गरेका थिए । त्यस्तै 'मनु' कथाको विषयवस्तुको उपयुक्तता ६ जना (६०%) ले उच्च, ३ जना (३०%) ले मध्यम र १ जना (१०%) ले न्यून रहेको धारणा राखेका थिए । 'उपमन्यूको परीक्षा' कथाको विषयवस्तुमा ६ जना (६०%) ले उच्च, २ जना (२०%) ले मध्यम र २ जना (२०%) ले न्यून रहेको विचार व्यक्त गरेका थिए । 'घरझगडा' र 'नुनको सोझो' कथाको विषयवस्तु ७ जना (७०%) ले उच्च रहेको बताए भने २/२ जना (२०/२०%) ले मध्यम र सामान्य रहेको विचार व्यक्त गरेका थिए ।

यसबाट 'मनु', 'उपमन्युको परीक्षा', 'घरझगडा' र 'नुनको सोझो' कथाको विषयवस्तुको सान्दर्भिकता उच्च रहेको भन्न सकिन्छ भने 'खसीको तौल' कथाको विषयवस्तु मध्यम रहेको देखिन्छ ।

कक्षा आठका कथाको संरचनागत अध्ययनमा सहभागी शिक्षकहरूले 'खसीको तौल' ५/५ जना (५०/५०%) ले क्रमशः धेरै लामा र मध्यम भएको धारणा राखेका थिए । 'मनु' कथाको संरचना सम्बन्धमा ६ जना (६०%)ले धेरै लामो र ४ जना (४०%) ले मध्यम रहेको विचार व्यक्त गरेका थिए । 'उपमन्युको परीक्षा' कथा बारे ६ जना (६०%) ले धेरै छोटो र ४ जना (४०%) ले मध्यम स्तरको भएको विचार व्यक्त गरेका थिए । 'घरझगडा' कथाका सम्बन्धमा ८ जना (८०%) ले मध्यम र २ जना (२०%) ले धेरै लामो भएको विचार उल्लेख गरेका थिए । त्यस्तै 'नुनको सोझो' कथामा ७ जना (७०%) ले मध्यम र ३ जना (३०%) ले धेरै लामा भएका उल्लेख गरेका थिए ।

उपरोक्त विश्लेषणबाट 'खसीको तौल' र 'मनुको' संरचना धेरै लामो भएको र 'घरझगडा' र 'नुनको सोझो' कथा मध्यम संरचना भएको मान्न सकिन्छ । 'उपमन्युको परीक्षा' धेरै छोटो छ भन्न सकिन्छ ।

तालिका : १४

कक्षा ९ का कथाको रूचिपूर्णता सम्बन्धमा शिक्षक र विद्‌यार्थीको प्रतिक्रिया

| क्र. सं. | कथा | सहभागी | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | शिक्षकहरूको प्रतिक्रिया | | | विद्‌यार्थीहरूको प्रतिक्रिया | | |
| | | उच्च | मध्य | न्यून | उच्च | मध्य | न्यून |
| १ | शिशिर वसन्तको कथा | ८(८०) | २(२०) | – | ४२(८४) | ८(१६) | – |
| २ | भविष्य निमार्ण | ७(७०) | २(२०) | १(१०) | ३५(७०) | १०(२०) | ५(१२०) |
| ३ | खड्‌गबहादुर | ६(६०) | २(२०) | २(२०) | २०(४०) | २०(४०) | १०(२०) |
| | | | | | | | |

(नोट : कोष्ठ भित्रको अङ्‌कले प्रतिशतलाई जनाउँछ ।)

कक्षा नौ को 'शिशिर र वसन्त' को कथाको रूचिपूर्णताका सम्बन्धमा सहभागी शिक्षकहरूमध्ये ८ जना (८०%) ले रूचिपूर्णता उच्च रहेका धारणा व्यक्त गरे भने अन्य २ जना (२०%) ले मध्यम रहेको बताए । 'भविष्य निमार्ण' कथामा ७ जना (७०%) ले उच्च रूचिपूर्ण रहेका धारण व्यक्त गरे भने २ जना (२०%) ले र १ जना (१०%) ले क्रमशः मध्यम र न्यून रूचिपूर्ण भएको धारणा व्यक्त गरे । ' खड्‌गबहादुर' कथा ६ जना (६०%) ले रूचिपूर्ण भएको धारणा व्यक्त गरे भने २/२ जना (२०/२०%) ले मध्यम र सामान्य रूचिपूर्ण रहेको धारणा व्यक्त गरे ।

यसबाट के पुष्टि हुन्छ भने सबै कथा रूचिपूर्ण भए पनि 'शिशिर वसन्त' को कथा उच्च रूचिपूर्ण भएको देखिन्छ ।

कक्षा नौ का कथाको रूचिपूर्णता सम्बन्धमा विद्‌यार्थी सहभागी मध्ये 'शिशिर र वसन्तको कथा'मा  ४२ जना (८४%) ले उच्च रूचिपूर्ण रहेको बताए भने ८ जना (१६%) ले मध्यम र न्यून रूचिपूर्ण भएको विचार राखेका थिए । 'खड्‌गबहादुर' कथामा  (२०/२०) जना (४०/४०%) ले न्यून रूचिपूर्ण भएको धारणा राखे । यसबाट 'शिशिर र वसन्तको कथा' र 'भविष्य निमार्ण' बढी रूचिपूर्ण भएको पुष्टि हुन आउँछ ।

तालिका : १५

कक्षाा ९ का कथाको विषयवस्तु र संरचनागत उपयुक्तताका सम्बन्धमा शिक्षकहरूको प्रतिक्रिया

| क्र. सं. | कथा | विवरण | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | विषयवस्तुको उपयुक्तता | | | संरचनागत उपयुक्तता | | |
| | | उच्च | मध्य | न्यून | उच्च | मध्य | न्यून |
| १ | शिशिर वसन्तको कथा | ४(४०) | ३(३०) | ३(३०) | १०(१००) | – | – |
| २ | भविष्य निमार्ण | ७ (७०) | ३(३०) | – | – | १(१०) | ९(९०) |
| ३ | खड्गबहादुर | ८(८०) | २(२०) | – | – | ८(८०) | २(२०) |

(नोट : कोष्ठ भित्रको अङ्कले प्रतिशतलाई जनाउँछ ।)

विषयवस्तुको सान्दर्भिकता विश्लेषण गर्दा 'शिशिर र वसन्तको कथा' मा उपयुक्त छ भन्ने ४ जना (४०%) देखिए भने ३ जना (३०%) ले मध्यम र २ जना (२०%) ले न्यून रहेका धारणा राखेका थिए । 'भविष्य निर्माण' कथाको विषयवस्तुको उपयुक्ततामा ७ जना (७०%) ले उच्च रहेको धारणा राखेका थिए भने ३ जना (३०%)ले मध्यम भएको विचार व्यक्त गरेका थिए । 'खड्गबहादुर' कथामा ८ जना (८०%) ले उच्च तथा २ जना (२०%) ले मध्यम रहेको धारणा व्यक्त गरेको पाइयो ।

यसबाट के प्रमाणित हुन जान्छ भने 'भविष्य निर्माण' र 'खड्गबहादुर' कथाको विषयवस्तुको सान्दर्भिकता उच्च छ ।

कथाको संरचनागत उपयुक्तता विश्लेषण गर्दा १० जना (१००%) ले 'शिशिर र वसन्तको कथा' लामो भएको धारणा राखेको पाइयो । त्यसै गरी 'खड्गबहादुर' मध्यम लामो भएको उल्लेख भएको पाइयो भने 'भविष्य निर्माण' धेरै छोटो भएको विचार व्यक्त भएको पाइयो । उक्त संरचनालाई विश्लेषण गर्दा 'शिशिर र वसन्तको कथा' धेरै लामो भएको र 'भविष्य निर्माण' धेरै छोटो भएको पुष्टि हुन्छ । 'खड्गबहादुर' कथा चाहिं मध्यम स्तरको संरचना भन्न सकिन्छ ।

## निष्कर्ष

'खसीको तौल' र 'शिशिर र वसन्तको कथा' जस्ता रूचिपूर्ण तथा मनोरञ्जनात्मक भएकाले कथा पढ्न विद्यार्थीहरू बढी अग्रसर रहेको पाइयो । 'घरझगडा', 'नुनको सोझो', 'मनु', 'भविष्य निर्माण' र 'खड्गबहादुर' जस्ता समसामयिक विषयवस्तु भएका कथाहरू देखिए । यस्ता विषयवस्तु भएका कथाको छनोट तथा स्तरण गर्नु उपयुक्त नै देखियो । त्यस्तै संरचनागत रूपमा धेरै लामा र धेरै छोटा नभई मध्यम आयाम भएका कथा पाठ् पुस्तकमा राख्नु पर्ने भए पनि केही धेरै लामा र धेरै छोटा देखिए । कक्षा आठ र नौ का कथाहरू पाठ्य पुस्तकमा छनोट र स्तरण गर्दा विद्यार्थीको रूचि, स्तर र क्षमतालाई ख्याल गर्नु पर्ने देखिन्छ । कथाहरू समसामयिक घटनासँग सम्बन्धित सकारात्मक धारणाको विकास गराउने किसिमका हुनु पर्ने देखिन्छ । कथाको आयाम विद्यार्थीको स्तर हेरेर उपयुक्त बनाउनु आवश्यक देखिन्छ । यिनै कथालाई नै लामा छोटा बनाउन सकिन्छ यसो गर्दा भावको श्रृङ्खला बिग्रन दिनु हुँदैन ।

# अध्याय : पाँच
# उपसंहार

## ५.१ निष्कर्ष

पाठ्य पुस्तकका कथाहरू पाठ्यक्रमले निर्धारण गरेको विधा क्षेत्र अनुरूप भए पनि पाठ्यक्रममको क्रम अनुरूप पाठ्य पुस्तकमा समावेश भएको पाइएन । कक्षा आठका 'खसीको तौल', 'नुनको सोझो' र कक्षा ९ का 'शिशिर र वसन्तको कथा' र 'भविष्य निर्माण' जस्ता कथा विद्यार्थीको रूचि र स्तर अनुरूप भए पनि अन्य कथाहरू अरूचिकर भएका पाइए । कथा शिषणका लागि पाठ्यक्रममा शिक्षण विधिहरू निर्देशित गरिएको भए पनि पाठ्य पुस्तकमा निर्देशन गरिएको पाइएन । कथा र कथाका अभ्यास खण्डबाट भाषिक सिपका सुनाइ, बोलाइ, पढाइ र लेखाइका विशिष्ट उद्देश्यहरू हासिल हुने खालका देखिए पनि सुनाइ र बोलाइ सिपमा कम जोड दिइएको पाइयो । 'घरझगडा', 'मनु', 'भविष्य निर्माण' र 'खड्गबहादुर' जस्ता कथाहरूमा समसामयिक घटनासँग सम्बन्धित विषयवस्तु राखिए पनि विषयवस्तुको विविधताको अभाव पाइयो । कक्षा आठका कथाका विषयवस्तु अनुरूप अभ्यास खण्डमा व्याकरण सिकाउन खोजे पनि अभ्यासहरू प्रयोगपरक नहुनुका साथै पर्याप्त उदाहरणहरूको कमी भेटियो । 'मनु', 'घरझगडा' र खड्गबहादुर' जस्ता कथामा कथानकको विकास निष्कर्षसम्म पुगे पनि विद्यार्थी र पाठकमा अब के हुन्छ भन्ने कौतुहलता रहि रहेको देखियो । विद्यार्थीको स्तर र क्षमता हेरी उपयुक्त र मध्यम आयाम भएका कथाहरू पाठ्य पुस्तकमा छनोट र स्तरण गर्नु पर्ने हुन्छ तर 'शिशिर र वसन्तको कथा' र 'मनु' जस्ता अति लामा तथा 'उपमन्युको परीक्षा' र 'भविष्य निर्माण' जस्ता अति छोटो आयाम भएका कथाहरू रहेका आयामको समानताको अभाव देखियो । कथा अभ्यास खण्डमा सिर्जनात्मक कार्यहरू राखिएका भए पनि प्रयोगपरक अभ्यासको कमी भेटियो । पाठ्यक्रममा कथाका लागि मूल्याङ्कन अङ्क अन्य विधासँग विकल्पसहित राखिएकाले छुट्टै अङ्क भारको व्यवस्था गरिएको देखिएन । पाठ्यक्रममा शब्दभण्डार र उखान टुक्काको प्रयोग गर्ने उद्देश्य राखिए पनि पाठ्य पुस्तकमा उक्त कुराको ख्याल गरिएको पाइएन । पाठ्यक्रले मूल्याङ्कनका निर्णयात्मक र निर्माणात्मक साधनको उपयोग गर्न निर्देशन दिए पनि निर्माणात्मक मूल्याङ्कनका साधनको उपयोग गर्ने आधार पर्याप्त पाइएन ।

## ५.२ सुझाबहरू

कक्षा आठ र नौका पाठ्य पुस्तकमा समाविष्ट कथाहरूको अध्ययन, व्याख्या र विश्लेषणबाट निम्नलिखित सुझाबहरू प्रस्तुत गरिएको छ :

१) पाठ्यक्रमले निर्धारण गरेको क्रम अनुरूप पाठ्य पुस्तकमा कथाहरू समावेश गरिनु पर्छ । यसरी राखिंदा पाठ्यक्रमले राखेको उद्देश्यहरू निश्चित समयमा हासिल गर्न सहयोग पुग्छ ।

२) पाठ्य पुस्तकमा विद्यार्थीको रूचि, स्तर, क्षमता अनुरूपका ज्ञानवर्द्धक, रचनात्मक, र सिर्जनात्मक अभिव्यक्ति बढाउने खालका मनोरञ्जनपूर्ण कथाहरू राखिनु पर्छ । यस्ता कथा राख्दा विद्यार्थीलाई भाषा शिक्षणका साथै अन्य ज्ञान हासिल गराउन मद्दत पुग्छ ।

३) कथाका अभ्यास र मूल्याङ्कनका लागि निर्माणात्मक साधनहरू : सिकाइ उपलिब्ध फाराम, कक्षा कार्य, गृहकार्य, समूह कार्य, छलफल आदि साधनहरू उपयोग र प्रयोगमा ल्याउन आवश्यक देखिन्छ । जसबाट विद्यार्थीमा बढीभन्दा बढी सिकाइ उपलब्धि हासिल हुने अपेक्षा राख्न सकिन्छ ।

४) कथाहरू छनोट र स्तरण गर्दा कथामा विविध विषयवस्तु जस्तै : सामाजिक अवसर, धार्मिक सहिष्णुता, लैङ्गिक समानता, सामावेशीपन, सामाजिक अपराध नियन्त्रण, समान अवसर, वयोवृद्ध संरक्षण, कुलत नियन्त्रण र राष्ट्रिय एकता तथा विश्व बन्धुत्त्वको भावना फैलाउने विषयवस्तु राखिनु पर्छ । यस्ता विषयवस्तुका अध्ययनका कारण विद्यार्थीमा सुन्दर समाज निर्माण गर्न र असल बानीको विकास गर्न मद्दत पुग्छ ।

५) अभ्यास खण्डमा सुनाइ र बोलाइका भाषिक सिपका विशिष्ट उद्देश्यहरू हासिल गर्नका लागि अभ्यासमा क्रियाकलाप थप्नु पर्ने देखिन्छ । यी सिपका लागि सिर्जनात्मक कार्य, रचनात्मक कार्य, ध्वनि विभेदीकरण, वर्ण विभेदीकरण, श्रुतिलेखन, श्रृतिरचना, चित्र वर्णन, सुन, गर र लेख जस्ता क्रियाकलाप राख्नु पर्छ ।

६) व्याकरण सिकाउने क्रियाकलापलाई पर्याप्तता दिइनुका साथै उदाहरणहरू पर्याप्त तथा प्रयोगपरक बनाइनु पर्छ ।

७) पाठ्य पुस्तकमा कथाहरू राख्दा पूर्णरूपमा सन्देश दिने र सकारात्मक धारणाको विकास गराउने खालका राखिनु आवश्यक छ ।

८) विद्यार्थीको स्तर र क्षमता हेरी उपयुक्त र समान आयाम भएका कथाहरू पाठ्य पुस्तकमा राखिनु पर्छ । जसबाट विद्यार्थीहरूमा रूचि लिएर पठन पाठनमा गर्ने वा पढाइमा ध्यान केन्द्रित हुन मद्दत पुग्छ ।

९) अभ्यासका सिर्जनात्मक क्रियाकलापहरूलाई बढी प्रयोगपरक, पुनरावृत्तिमूलक र अभ्यासपरक बनाइनु पर्छ । यस्ता कार्यले विद्यार्थीमा अन्तर्निहित प्रतिभा र व्यक्तित्व विकासमा सहयोग पुग्न जान्छ । अतः कथाकथन, कथालेखन, श्रुतिरचना, अनुच्छेद बोध, अनुच्छेद लेखन, मौखिक प्रतिवेदन, घटनाको वर्णन, वादविवाद, छलफल, अभिनय, चिट्ठा खेल आदि क्रियाकलापमा जोड दिनु पर्छ ।

१०) कथाका लागि छुट्टै मूल्याङ्कनको अङ्क भएको व्यवस्था गरिनु पर्छ । जसले कथाबाट हासिल हुने ज्ञानसिपको आकलन गर्न सहयोग पुग्छ ।

११) शब्दभण्डारको वृद्धि र उखान टुक्काको प्रयोग गर्नका लागि पाठ्य पुस्तकमा मात्र सीमित नराखी शब्दकोश, सन्दर्भ सामग्री आदिको प्रयोगमा जोड दिनु पर्छ ।

## ५.३ शैक्षणिक प्रयोजन

- यस अध्ययनले भाषा पाठ्यक्रम, भाषा पाठ्य पुस्तक तथा अन्य सन्दर्भ सामग्री निर्माण, सुधार, परिमार्जन गर्दा मार्ग निर्देशन प्राप्त हुन्छ ।
- पाठ्य पुस्तकमा छनोट गरिने कथा विधाहरू, शिक्षण क्रियाकलाप, सिर्जनात्मक अभ्यास विद्यार्थीको स्तर, क्षमता, रूचि तथा उमेर, अनुरूप छनोट गर्न सहयोग पुऱ्याउँछ ।
- यस अध्ययनले भाषिक सिप क्षमता विकास गर्ने खालका पाठ्य वस्तु छनोट गर्न सहयोग पुऱ्याउँछ ।
- यसले कथा विधामा रहेका कमी कमजोरीहरू पहिचान गरी सुधार गर्न सहयोग पुऱ्याउँछ ।
- यसले प्रत्यक्ष अप्रत्यक्ष रूपमा भाषा पाठ्यक्रमसँग सम्बद्ध व्यक्ति, शिक्षक, प्रशिक्षक, अन्य सरोकारवालाहरूलाई मद्दत पुऱ्याउने देखिन्छ ।

- पाठ्यक्रमले राखेका उद्देश्य र सिकाइ उपलब्धि हासिल गराउन मद्दत गर्ने देखिन्छ ।
- विद्यार्थीमा सामाजिक, मानसिक, बौद्धिक, सिर्जनात्मक तथा चारित्रिक व्यक्तित्वको चौतर्फी विकास गर्नमा सहयोग पुग्ने देखिन्छ ।
- यस अध्ययनले भाषा अनुसन्धान गर्ने अनुसन्धानदाता, भाषावैज्ञानिक, भाषा शिक्षक र भावी अनुसन्धानदातालाई समेत सहयोग गर्ने देखिन्छ ।
- यस अध्ययनका निष्कर्षहरू र सुझाबहरूले सम्बन्धित व्यक्ति र संस्थालाई आवश्यक सहयोग प्राप्त हुन्छ ।

## ५.४ भावि अनुसन्धानका लागि सम्भावित शीर्षकहरू

प्रस्तुत अध्ययनका क्रममा अनुभव गरिए अनुरूप अध्ययन हुन बाँकी रहेका तथा यस अध्ययनमा समेट्न नसकिएका अनुसन्धानका केही शीर्षकहरू तल प्रस्तुत गरिएको छ :

१) कक्षा आठ र नौका कथा विधाहरूको अभ्यासको तुलनात्मक अध्ययन,

२) कक्षा आठ र नौका कथा विधामा समावेश गरिएका शब्द, वाक्यहरूको तुलनात्मक अध्ययन,

३) निम्न माध्यमिक र माध्यमिक तहका नेपाली भाषा पाठ्य पुस्तकहरूको स्तर अनुरूपताको अध्ययन,

४) कक्षा आठ र नौका पाठ्य पुस्तकमा समाविष्ट जीवनी विधाको तुलनात्मक अध्ययन,

५) कक्षा आठ र नौमा समाविष्ट चिठी, निवेदन तथा प्रबन्धको विश्लेषणात्मक अध्ययन,

६) कक्षा आठ र नौमा समाविष्ट कथा विधामा उपयुक्त चित्रहरूको तुलनात्मक अध्ययन ।

# सन्दर्भसूची


अधिकारी, हेमाङ्ग राज (२०६२), **सामाजिक र प्रायोगिक भाषा विज्ञान** (तेस्रो संस्करण), काठमाडौं : रत्नपुस्तक भण्डार ।

अधिकारी, हेमाङ्ग राज (२०६७), **नेपाली भाषा शिक्षण**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्ग राज र केदार प्रसाद शर्मा (२०५७), **नेपाली भाषा शिक्षण**, काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

उपाध्याय, केशव प्रसाद (२०३०), **साहित्य प्रकाश**, ललितपुर : साझा प्रकाशन ।

गैरे, ईश्वरी प्रसाद (२०६३), **आधुनिक नेपाली आख्यान**, त्रिभुवन विश्व विद्यालय कीर्तिपुर : क्षितिज प्रकाशन ।

गौतम राम प्रसाद (२०६१), **भाषिक अनुसन्धान विधि**, कीर्तिपुर : दीक्षान्त पुस्तक भण्डार ।

ढकाल, माधव प्रसाद र मातृका प्रसाद कोइराला (२०६८), **शोध यात्रा**, काठमाडौं : साझा प्रकाशन ।

ढकाल, शान्ति प्रसाद (२०६६), **प्रायोगिक भाषा विज्ञानका प्रमुख आयाम**, काठमाडौं : शुभकामना प्रकाशन ।

ढकाल, शान्ति प्रसाद र तीर्थ राज खतिवडा (२०६८), **नेपाली भाषा र साहित्य शिक्षण**, काठमाडौं : शुभकामना प्रकाशन ।

थापा, हिमांशु (२०३६), **साहित्यको परिचय**, काठमाडौं : साझा प्रकाशन ।

नेपाल, घनश्याम (सन् २००५), **आख्यानका कुरा**, सिलगढी पश्चिम बङ्गाल : एकता बुक हाउस प्रा.लि.

पाठ्यक्रम विकास केन्द्र (२०६४), **निम्न माध्यमिक शिक्षा पाठ्यक्रम**, सानोठीमी भक्तपुर : साझा प्रकाशन ।

पाठ्यक्रम विकास केन्द्र (२०६४), **माध्यमिक शिक्षा पाठ्यक्रम**, सानोठीमी भक्तपुर : साझा प्रकाशन ।

पोखरेल, बालकृष्ण र अन्य (सम्पा.) (२०४०), **बृहत् नेपाली शब्दकोश**, काठमाडौं : नेपाल राष्ट्रिय प्रज्ञा प्रतिष्ठान ।

पौड्याल, कृष्णविलास (२०५८), **नेपाली आख्यान र नाटक**, काठमाडौं : नवीन प्रकाशन ।

बन्धु, चुडामणि (२०५२), **अनुसन्धान तथा प्रतिवेदन लेखन**, काठमाडौं : साझा प्रकाशन ।

बरावल, ईश्वर (२०५६), **छरिएका समीक्षा**, काठमाडौं : साझा प्रकाशन ।

भण्डारी, पारसमणि र अन्य (२०६८), **भाषिक अनुसन्धान विधि**, काठमाडौं : पिनाकल पब्लिकेशन प्रा.लि. ।

भण्डारी, पारसमणि र अन्य (२०६८), **नेपाली गद्य र नाटक**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

लामिछाने, यादव प्रकाश (२०५७), **नेपाली भाषा शिक्षणको परिचय**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, मोहन राज र खगेन्द्र लुइटेल, (२०५०), **शोधविधि**, काठमाडौं : साझा प्रकाशन ।

# अनुसन्धान तथा पत्रपत्रिकाहरू

खनाल, दुर्गा (२०५९), **कक्षा ८ को पुरानो र नयाँ पाठ्यक्रम अनुसार नेपाली भाषा पाठ्य पुस्तकमा समावेश गरिएका कथाहरूको तुलनात्मक अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र त्रिभुवन विश्व विद्यालय कीर्तिपुर ।

गड्तौला, शान्ति (२०६८), **कक्षा ९ र १० नेपाली पाठ्य पुस्तकमा प्रयुक्त कथाहरूको तुलनात्मक अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र त्रिभुवन विश्व विद्यालय कीर्तिपुर ।

जैसी, नवराज (२०६८), **कक्षा ६ को हाम्रो नेपाली किताबमा समाविष्ट कथाका पाठहरूको शैक्षणिक उपयोगिताको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र त्रिभुवन विश्व विद्यालय कीर्तिपुर ।

पोखरेल, टीकादत्त (२०५५), **माध्यमिक तहको नेपाली पाठ्य पुस्तकमा प्रयुक्त नेपाली कथाहरुरूको विश्लेषणात्मक अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र त्रिभुवन विश्व विद्यालय कीर्तिपुर ।

पोखरेल, हरिप्रसाद (२०६७), **कक्षा ९ र १० का कथा विधाको तुलनात्मक अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र त्रिभुवन विश्व विद्यालय कीर्तिपुर ।

बोहरा, हर्क बहादुर (२०६७), **कक्षा ६ र ७ को नेपाली पाठ्य पुस्तकमा प्रयुक्त कथाहरूको तुलनात्मक अध्ययन** : अप्रकाशित स्नातकोत्तर शोधपत्र त्रिभुवन विश्व विद्यालय कीर्तिपुर ।

राई, जमुना (२०६६), **निम्न माध्यमिक तहका नेपाली भाषा पाठ्य पुस्तकमा समावेश गरिएका कथाहरूको विश्लेषणात्मक अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र त्रिभुवन विश्व विद्यालय कीर्तिपुर ।

रिमाल, डिल्लीराम (२०५३), **नेपाली शिक्षणमा कथा शिक्षणको उद्देश्य अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र त्रिभुवन विश्व विद्यालय कीर्तिपुर ।

# अनुसूची : १
## शिक्षकका लागि प्रश्नावली

शिक्षकको नाम/थर : ...........................................................................

विद्यालय : ......................................................................................

१) नेपाली पाठ्य पुस्तकमा कथाको छनोट पाठ्यक्रम अनुरूप भएको छ ?

क) छ ख) छैन

ग) थाहा छैन

२) भाषिक सिपका आधारमा सर्वोपयुक्त कथा कुन-कुन हुन ? नाम उल्लेख गर्नु होस् ।

क) कक्षा ८ कथाको नाम .............................................................

ख) कक्षा ९ कथाको नाम .............................................................

३) लम्बाइका आधारमा कक्षा ८ र ९ मा लामा कथा कुन-कुन जस्तो लाग्छ ?

क) कक्षा ८ ..............................................................

ख) कक्षा ९..............................................................

४) कक्षा ८ र ९ मा प्रयुक्त कथाको संरचना सजिलै विद्यार्थीलाई बुझाउन सकिने कथा कुन-कु हुन् ? क्रमश : लेख्नु होस् ।

क) कक्षा ८ ..............................................................

ख) कक्षा ९ ..............................................................

५) कथाको विषय वस्तु र अभ्यासको सम्बन्ध कस्तो छ ?

क) उच्च ख) मध्यम

ग) न्यून

६) कस्ता विषय वस्तु भएका कथाहरू विद्यार्थी पढ्न रूचाउँ छन् ?

क) पौराणिक ख) नीतिकथा

ग) ऐतिहासिक घ) मनोवैज्ञानिक

७) कक्षा ८ र ९ मा प्रयुक्त कथाहरू विद्यार्थीको स्तर, रूचि अनुसार विषय वस्तु मिलेको ठान्नु हुन्छ ?

क) उच्च ख) मध्यम ग) न्यून

८) पाठ्यक्रमले तोकेको पाठ घन्टी कथालाई कतिको उपयुक्त छ ?

क) प्रर्याप्त ख) कम

ग) थप्नु पर्ने

९) शिक्षण गरिसकेपछि सबै जना विद्यार्थी अभ्यास गर्छन ?

क) सबैले गर्छन् ख) कोही गर्दनन्

ग) केही मात्र गर्छन्

१०) कक्षा ८ र ९ का कथाहरूलाई रूचिपूर्णता आधारमा क्रम कस्तो होला ? क्रमशः १,२,३ अङ्क दिनु होस् ।

क) कक्षा ८

अ) खसीको तौल ( )

आ) मनु ( )

इ) उपमन्युको परीक्षा ( ) ई) घरझगडा ( )

उ) नुनको सोझो ( )

ख) कक्षा ९

अ) शिशर र वसन्तको कथा ( ) आ) भविष्य निमार्ण ( )

इ) खड्गबहादुर (          )

११) ८ र ९ का कथाका विषय वस्तु सान्दर्भिकता आधारमा क्रम कस्तो होला ? क्रमशः १, २, ३, ४, ५ लेख्नु होस् ।

क) कक्षा ८

अ) खसीको तौल (          )

आ) मनु (     )

इ) उपमन्युको परीक्षा (        ) ई) घरझगडा (    )

उ) नुनको सोझो (          )

ख) कक्षा ९

अ) शिशर र वसन्तको कथा ( ) आ) भविष्य निमार्ण (        )

इ) खड्गबहादुर (          )

१२) कथाहरू भाषिक सिपको अभिवृद्धि गर्न कतिको सक्षम भएको ठान्नु हुन्छ ?

क) सक्षम छन् । ख) सक्षम छैनन्, सुधार गर्नु पर्छ ।

ग) पढाइ र लेखाइमा सक्षम छन्, सुनाइ र बोलाइमा सुधार गर्नु पर्छ ।

घ) ..........................................................................

१३) उपयुक्त संरचनाका आधारम कथाहरूको क्रम कस्तो होला ? क्रमशः१,२,३,४,५ लेख्नु होस् ।

क) कक्षा ८

अ) खसीको तौल (          )

आ) मनु (     )

इ) उपमन्युको परीक्षा (        ) ई) घरझगडा (    )

उ) नुनको सोझो (          )

ख) कक्षा ९

अ) शिशर र वसन्तको कथा (  )                                   आ) भविष्य

निर्माण (          )

इ) खड्ग बहादुर (                )

१४) कथाहरू विषय वस्तु र विद्यार्थीको उमेरसँग मेल खाएको ठान्नु हुन्छ ?

अ) विषय वस्तुसँग विद्यार्थीको उमेर मिलेको छ ।

आ) उमेर अनुपातमा बढी गहन विषय वस्तु छन् ।

इ) उमेरका अनुपातमा कम गहन विषय वस्तु छन् ।

१५) कक्षा ८ र ९ को पाठ्य पुस्तकमा समाविष्ट कथाहरूको सम्बन्धमा तपाईको के धारणा छ ?

क) ..............................................................................................

## अनुसूची : २
## विद्यार्थीका लागि प्रश्नावली

विद्यार्थीको नाम/थर : ........................................................................

विद्यालय : ..............................................कक्षा : .......... रोल्न नं. : .....

१)	तपाईलाई नेपाली कितावमा भएका विधामध्ये कुन विधा बढी मन पर्छ ?

क) कविता	ख) कथा

ग) निबन्ध	घ) जीवनी

२)	तपाईलाई पढ्न सबभन्दा बढी रूचि लागेको कथा कुन कुन हुन ? क्रमशः नाम लेख्नु होस ।

क) कक्षा ८ का कथाहरूको नाम : .........................................................

ख) कक्षा ९ का कथाहरूको नाम : ........................................................

३)	कथा शिक्षण गरी सकेपछि शिक्षकले त्यहाँ भएका सबै अभ्यासहरू गराउनु हुन्छ ?

क) गराउनु हुन्छ	ख) हामी आफैं गर्छौं ।

ग) गराउनु हुन्न	घ) ...................................

४)	कथामा दिइएका अभ्यासहरू कस्ता छन् ?

क) धेरै कठिन	ख) मध्यम खालका

ग) सरल

५)	शिक्षकले कथा शिक्षण गरिसकेपछि तपाईले नबुझेको कथा कुनै छ ? नाम लेख्न होस् ।

क)                    कथाको                    नाम

...........................................................................

६)    बुझ्नलाई सबभन्दा सरल कथा कुन कुन हुन ? क्रमश नाम उल्लेख गर ।

क)                    कथाहरूको                    नाम

......................................................................

७)    न्यून रूचि भएका कथाहरू कुन कुन हुन् ? क्रमश नाम लेख्नु होस् ।

क)                    कथाको                    नाम

.............................................................................

८)    कथामा भएका विषय वस्तुहरू तपाईले चाहे अनुसारका छन् कि छैनन् ?

क) छन्                    ख) कुनैमा मात्र छन्

ग) छैनन्

९)    कथाको सङ्ख्या धेरै वा थोरै के जस्तो लाग्छ ?

क) धेरै                    ख) ठीकै छ

ग) थोरै                    घ) थप्नु पर्ने छ

१०) सजिलै बुझ्न सकिने उपयुक्त संरचना भएका कथाहरू कुन कुन हुन् ? क्रमश : १, २, ३, ४, ५ गरी लेख्नु होस् ।

क) कक्षा ८

अ) खसीको तौल (          )

आ) मनु (     )

इ) उपमन्युको परीक्षा (     )

ई) घरझगडा (   )

उ) नुनको सोझो (          )

ख) कक्षा ९

अ) शिशर र वसन्तको कथा (  )                                   आ) भविष्य निर्माण (       )

इ) खड्गबहादुर (             )

११) कथामा कस्ता विषयवस्तु भइदिए हुन्थ्यो जस्तो लाग्छ ?

क) मनोरञ्जनात्मक          ख) सामाजिक

ग) ऐतिहासिक          घ) भूतप्रेतका

१२) आफै पढ्दा कथाको भाव वा विषयवस्तु कतिको बुझिन्छ ?

क) बुझिन्छ          ख) बुझिदैन्

ग) अलिकति बुझिन्छ          घ) पढेको छैन्

१३) तपाइलाई सबभन्दा उपयुक्त विषय वस्तु भएको कथा कुन लाग्छ ?

क) कथाको नाम : ..................................................

## अनुसूची : ३
## सहयोगी विद्यालय तथा शिक्षकहरुको नामावली

**विद्यालयहरू**

१) जनजागृति उ.मा.वि., सीतापुर, कैलाली

२) खड्ग स्मृति उ.मा.वि., टीकापुर, कैलाली

३) कर्णाली मा.वि., टीकापुर, कैलाली

४) नजीवन मा.वि., बलिया, कैलाली

५) राष्ट्रिय मा.वि., मनिकापुर, कैलाली

**शिक्षकहरू**

१) ललिता शाही जनजागृति उ.मा.वि., सीतापुर, कैलाली

२) झनक राज ओझा खड्ग स्मृति उ.मा.वि., टीकापुर, कैलाली

३) ज्ञानु उपाध्याय खड्ग स्मृति उ.मा.वि., टीकापुर, कैलाली

४) धन ब. वि.क. कर्णाली मा.वि., टीकापुर, कैलाली

५) गौरीकान्त न्यौपाने नवजीवन मा.वि., बलिया, कैलाली

६) रीता रावल नवजीवन मा.वि. बलिया, कैलाली

७) निर्मला बम सरस्वती मा.वि., दुर्गौली, कैलाली

८) महेन्द्र सिंह बम जनता उ.मा.वि., मुनुवा, कैलाली

९) शीतल शर्मा राष्ट्रिय मा.वि., मनिकापुर, कैलाली

१०) करूणा बराल सत्ती कर्णाली उ.मा.वि., सत्ती, कैलाली

# अनुसूची ४
## सहभागी विद्यार्थीहरूको नामावली

**खड्ग स्मृति उ.मा.वि, टीकापुर**

१) देवराज बराल
२) दशरथ उपाध्याय
३) चुन्नी कुरेशी
४) रिमा भट्ट
५) भगवती भट्टराई
६) रेश्मा बुढा
७) राजन थापा
८) विजय लोहार
९) रमा बोहरा
१०) अप्सरा बुढा मगर

**नवजीवन मा.वि., बलिया**

१) जानकी जोशी
२) तपेन्द्र धमाला
३) रन्जित रेग्मी
४) विनिता चौधरी
५) विराज धमाला
६) कोपिला न्यौपाने
७) टंक न्यौपाने
८) पुस्करण जोशी
९) भगवती धमाला
१०) सम्झना चौधरी

**राष्ट्रिय मा.वि., मनिकापुर**

१) कपिल वि.क.
२) जमुना चौधरी
३) लीला साउँद
४) धना ठकुल्ला
५) सुनिता चौधरी
६) मिना सञ्ज्याल
७) पृथ्वी सिंह
८) जगत वि.क.
९) दिपक टमट्टा
१०) उषा भण्डारी

**कर्णाली मा.वि., टीकापुर**

१) आरती आउजी
२) संगीता चौधरी
३) पुष्प आचार्य
४) समीक्षा चौधरी
५) शीला चौधरी
६) शँकेश पहेली
७) टिकाराम चौधरी
८) सनिराम चौधरी
९) धना ओड
१०) कल्पना धामी

**जनजागृति उ.मा.वि., सीतापुर**

१) केशवराज ढुङ्गाना
२) नेत्र टमट्टा
३) कविता खड्का
४) सुनिता गुप्टा
५) शर्मिला चौधरी
६) नरेश वि.क.
७) सुमित्रा चौधरी
८) शुशिला कालङ्गमगर
९) कल्पना कोइराला
१०) सृजना परियार